# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## घोराही उप महानगरपालिका
## दाङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## घोराही उप महानगरपालिका

## दाङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## घोराही उप महानगरपालिका

## दाङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| **निष्ठा** | *(Integrity)* |
| **स्वतन्त्रता** | *(Independence)* |
| **व्यावसायिकता** | *(Professionalism)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ८४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,

घोराही उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

दाङ।

१. **कैफियत सहितको राय** — हामीले घोराही उप-महानगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस घोराही उप-महानगरपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. घोराही उप-महानगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१३ करोड ५० लाख ९ हजार बेरुजू देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु. १ लाख ९ हजार फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.१ करोड ३४ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु.६ करोड ५० लाख ९५ हजार, प्रमाण काजगजात पेश गर्नुपर्ने रु.४ करोड ४२ लाख २३ हजार र पेश्की बाँकी रु.१ करोड २१ लाख २८ हजार समेत गरी यस वर्ष रु.१३ करोड ४९ लाख बेरुजू कायम रहेको छ । घोराही उप-महानगरपालिकाको गतवर्ष सम्म रु.५५ करोड ४८ लाख ६१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.६८ करोड ९७ लाख ६१ हजार रहेको

छ ।घोराही उप-महानगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ ।वित्तीय प्रतिवेदन तयार गर्ने घोराही उप-महानगरपालिकासँग हामी स्वतन्त्र छौं।त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी घोराही उप-महानगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली)

**नायब महालेखापरीक्षक**

घोराही उप-महानगरपालिका,

दाङ जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १४१ | १६५ | १३५००९ | ० | ७ | १०९ | १४१ | १५८ | १३४९०० | १३४५४ | ६५०९५ | ४४२२३ | ० | ० | १०९३१८ | १२१२८ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| घोराही उप-महानगरपालिका, दाङ | ५५४८६१ | ० | ० | ५५४८६१ | ० | १३४९०० | ६८९७६१ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम रु. |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | - | - | १०८७५० |
| २ | गत विगत वर्षको | नभएको | - | - |
| | कुल जम्मा | - | - | १०८७५० |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस घोराही उप महानगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस उप महानगरपालिकाको उद्देश्य रहेको छ । यस उप-महानगरपालिका अन्तर्गत १९ वडा, ९ सभा सदस्य, ५२२ वर्ग किलोमिटर क्षेत्रफल तथा ३५ हजार परिवार र १५६००० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।१८ देखि २०८०।८।२५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय र व्ययतर्फ गरी जम्मा रु.५०३९५५२६६३.४९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२५१६०० असुल भइ दाखिला प्रमाण

पेश भएको छ ।

| क. सं . | विवरण | रकम रु |
|---|---|---|
| १ | बैठक भत्ता वापत | १८४८७५ |
| २ | अनुगमन भत्ता | ६६७२५ |
| जम्मा | | २५१६०० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

२.१ **सुत्र अनुसार आय व्यय -** पालिकाको आर्थिक वर्ष २०७९।८० को आय व्यय विवरण म.ले.प.फा.नं. २७२ अनुसारको प्रासि भुक्तानी हिसाब देहायनुसारको पेश भएको छ ।

| विवरण | बजेट रु. | प्रासि र खर्च रु. |
|---|---|---|
| प्राप्ती (क+ख) | २५५८३४०६३९.३८ | १८०८६५६३९७.३१ |
| क. प्रासि (संचितकोषमा आम्दानी बाँधिने) | २४६४५३४००० | १७१७३६४९१८.०६ |
| ११००० कर | ५१३३१५००० | ४५६२३४६८३.६३ |
| १३००० अनुदान | १३३५८६८००० | ११५९९००५५७.५४ |
| संघीय सरकार | १२१९७४३००० | १०६९२३६०९४.५४ |
| प्रदेश सरकार | ८६१२५००० | ६९१५२४८८ |
| जनसहभागिता | ३०००००० | २१५११९७५ |
| १४००० अन्य राजस्व | ७९३००००० | १०१२२९६७६.८९ |
| १५००० विविध प्रासि | २००००० | ० |
| ३२००० वित्तीय सम्पत्ति | ५३५८५१००० | ० |
| ख. अन्य प्रासि | ९३८०६६३९.३८ | ९१२९१४७९.२५ |
| वितरण गर्न बाकी राजस्व | ० | २५५०६३९.७५ |
| कोषहरु | ९३८०६६३९.३८ | ७७७०४२५५ |
| धरौटी | ० | ११०३६५८४.५ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० |
| भुक्तानी (ग+घ) | २५५८३४०६३९.३८ | १८९३५००८४५.७३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | २४६४५३४००० | १८१९०४५१८१.२ |
| २१००० पारिश्रमिक / सुविधा | ७६७४२३००० | ६९७५१९४९७.९७ |

| | | |
|---|---|---|
| २२००० मालसामान तथा सेवाको उपयोग | ५०१०१८५०० | ३८९६४७४६१.५३ |
| २५००० सहायता ( Subsidy) | ७४१६१००० | ५७६५१४८६.९ |
| २६००० अनुदान | ० | ० |
| २७००० सामाजिक सुरक्षा | २५३०५००० | १९४५०२३७.५ |
| २८००० अन्य खर्च | ८०५०००० | २१५६१८२ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १०८८५७६५०० | ६५२६२०३१५.३ |
| घ. अन्य भूक्तानी | ९३८०६६३९.३८ | ७४४५५६६४.५३ |
| कोषहरु | ९३८०६६३९.३८ | ६५३६४५२१.०५ |
| धरौटी | ० | १०३१३९०८.१ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -१२२२७६४.६२ |
| ङ. यो वर्षको बचत (न्युन) | | -८४८४४४४८.४२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ३९१६३६६३५.८९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ३०६७९२१८७.४७ |
| बैंक तथा नगद बाकी | | २२१८८८९५४.४७ |

२.२ **एकीकृत आय व्यय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको संक्षिप्त अवस्था देहायबमोजिम पेश गरेको छ ।

| आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| गत वर्षको जिम्मेवारी | | ३३४८९५३८७ | चालु खर्च | | ११६६४२४८६६ |
| नगद | ० | | पूँजीगत खर्च | | ६५२६२०३१५ |
| बैंक | ३३४८९५३८७ | | वित्तीय व्यवस्था भुक्तानी | | ८८९७३७९२.५ |
| राजस्व (आन्तरिक आय) | | ५५७४६४३६१ | क) ऋण भुक्तानी | ० | |
| आन्तरिक राजस्व | १८३६३८५०२ | | ख) ब्याज भुक्तानी | ० | |
| राजस्व बाडफाडँ | ३७३८२५८५८ | | ग) अनुदान फिर्ता | ८८९७३७९२.४६ | |
| जन सहभागिता | ०० | | लगानी | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| वित्तीय हस्तान्तरण | | ११४३१५२३७५ | ऋण लगानी | | |
| वित्तीय समानिकरण अनुदान | ३३२५३७५०० | | शेयर लगानी | | |
| सशर्त अनुदान | ७८४७३९८७५ | | अन्य लगानी | | |
| समपुरक अनुदान | ८६२५००० | | धरौटी फिर्ता | | १०३१२९०८.१ |
| विशेष अनुदान | १७२५०००० | | विभिन्न कोष खर्च | | ७९९६०२९७.४ |
| | | | अन्तर सरकारी | | ५७५२७०३४६ |
| प्रदेश सरकारबाट प्राप्त अनुदान | | ८४२१०००० | मौज्दात | | २२७३२३००० |
| वित्तीय समानिकरण अनुदान | १६७२५००० | | क) नगद मौज्दात | ० | |
| सशर्त अनुदान | १६०००००० | | ख) बैंक मौज्दात | २२७३२३०००.१ | |
| समपुरक अनुदान | २८०८५००० | | चालु खर्च | ० | |
| विशेष अनुदान | २३४००००० | | पूजिगत खर्च | ० | |
| ङ) कोभिड विशेष | ०० | | संचित कोष मौज्दात | १८१२७०३८४.३ | |
| अन्तर सरकारी | | ५७५२७०३४६ | विभिन्न कोष मौज्दात | २४७९६९५४.७१ | |
| वित्तीय व्यवस्था प्राप्ति | ०० | | धरौटी मौज्दात | २१२५५६६१.०८ | |
| विभिन्न कोषतर्फको आय | | ७३८९२००७.७ | | | |
| जनसहभागिता (नगद) | | २१५११९७५ | | | |
| धरौंटी आय | | १०४८९०७४.५ | | | |
| जम्मा | | २८००८८५५२५ | जम्मा | | २८००८८५५२५ |

२.३ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले देहाय बमोजिमका आर्थिक कारोवारको सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | निकासा रु. | खर्च रु. |
|---|---|---|
| सामाजिक सुरक्षा तथा संरक्षण | ५७१२९९०८५ | ५७१२९९०८५ |
| एकीकृत स्वास्थ्य पूर्वाधार | ६२६००० | ६२६००० |
| भाषा तथा संस्कृती | ३३४५२६१ | ३३४५२६१ |

| | | |
|---|---|---|
| जम्मा | ५७५२७०३४६ | ५७५२७०३४६ |

२.४ यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसारफरक परेको देखिन्छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात | |
|---|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | ३३४८९५३८७ | २४६५९९०१३९ | २५७३५६२५२५ | २२७३२३००० | अनुसूची २४ मा स्रेस्ता अनुसार बाँकी रु.२२१८८८९५४.८७ र बैंक अनुसार बाँकी रु.२२७४००७९४.१० |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन म.ले.प.२७२ | ३९१६३६६३६ | १८०८६५६३९७ | १८९३५००८४६ | २२१८८८९५४ | सुत्रको प्राप्ति भुक्तानीमा वर्षान्त बाँकी रु.३०६७९२१८७.४७ |
| फरक | -५६७४१२४९ | ६५७३३३७४१.२ | ६८००६१६७९ | ५४३४०४५.६ | |
| मलेप २७० | सुत्रको मलेप २७० अनुसार गत वर्षको जिम्मेवारी रु.३२७७११२०८.४४ | | | सुत्रको मलेप २७० अनुसार बैंक तथा मौजदात बाँकी रु.२२६२७७६१९.४८ | |

(क) स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्ति र भुक्तानी तथा मौज्दात रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । प्राप्त विवरण अनुसार यस स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु. ३२७२४२१९१.९१ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.३३४८९५३८३.५० जिम्मेवारी सारेको विवरण पेश गरेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.७६५३१९१.५९ बढी जिम्मेवारी सरेको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।

(ख)उल्लेखित विवरण अनुसार स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) र पालिकाबाट बाट पेश भएको एकीकृत आर्थिक विवरणमा गत वर्षको जिम्मेवारी रु. ५६७४१२४९.३९ र बैंक मौज्दातमा रु. ५४३४०४५.६३ ले फरक परेको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।

यस सम्बन्धमा पालिकाले महालेखा नियन्त्रकको कार्यालयले हिसाब समायोजन गरी प्रासी र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदनमा मलेप २७० को मौजदात यथार्थ रहेको जनाएको छ । जसअनुसार मलेप २७० मा गत वर्षको मौजदात रु.३२७७११२०८.४४ रहेकोमा म.ले.प.फा.नं.२७२ को गत वर्षको मौजदात रु.३९१६३६६३६।०० रहेकोले रु.६३९२५४२८ ।०० फरक देखिएको, सुत्रको प्राप्ति भुक्तानीमा मलेप २७२ मा वर्षान्त बाँकी रु.३०६७९२१८७.४७ देखिएपनि बैंक मौजदात रु.२२१८८८९५४।४७ रहेको छ भने मलेप २७० मा आ वको अन्त्यमा बैक मौजदात रु.२२६२७७६१९।४८ रहेको जुन मलेप २७२ भन्दा बढी नै देखिएको जनाएको छ । पालिकाले यस सम्बन्धमा हिसाब भिडान गरी प्रासी भुक्तानीको हिसाब अद्यावधिक राख्नुपर्दछ ।

२.५ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले पेश गरेको बैङ्क हिसाब मिलान विवरण देहायअनुसार छ :

| बैंक अनुसार बाकी रु. | श्रेस्ता अनुसार बाकी रु. | बैंक अनुसार बाकी रु. |
|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ० | ११८४८४१५.६४ |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |
| ग १.३, आन्तरिक अनुदान खाता | ० | ० |
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | ० | १८९४७१ |
| ग २.४, पुंजीगत खर्च खाता- जोर वर्ष | ० | ४३९६१६९ |
| ग २.७, विविध खर्च खाता | ५५७२०२८.४७ | ५६२५४२८.४७ |
| ग ३.१, स्धानीय तह धरौटी खाता | २१२५५६६१.०८ | २१२५५६६१.०८ |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | १८१५४९४३८.३१ | १६४९१४१२२.६७ |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | ८९५८७२९.८६ | ८९५८७२९.८६ |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | २५५०६३९.७५ | २५५०६३९.७५ |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ७६१३८८६.६३ | ७६६२१५६.६३ |
| बैंक कारोवारमा भिन्नता ( राजस्व खाता र सञ्चित कोष खाता ) | -५६११४२९.६३ | |
| जम्मा | २२१८८८९५४.४७ | २२७४००७९४.१ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

(क) स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ ।

(ख) लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय-व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।

(घ) कार्यालयमा विविध कोष र धरौटी हिसाब रहेकोमा सोको आम्दानी, खर्च, मौज्दातको विवरण देखिने गरी आय-व्यय

विवरण तयार नगरेकोले आम्दानी, खर्च र मौज्दात यकीन गर्न सकिएन।

## ३ **आन्तरिक नियन्त्रण प्रणाली -** यस सम्बन्धमा देखिएका व्यहीरा निम्न अनसार छन्।

३.१ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:

- स्थानीय सरकार सञ्चालन ऐन को २०७४ दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता तथा PAMS मा अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको पाईयो ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ५ बमोजिम खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

- पालिकाले यसबर्ष विभिन्न उपभोक्ता समिति मार्फत विभिन्न योजनाहरु सञ्चालन गरी खर्च लेखेकोमा मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।
- वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार नगरेको पाईयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा २८ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।
- नगदि रसिदको अभिलेख राखि रसिद नियन्त्रण खाता अदयावधिक नभएको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३.२ **बेरुजु लगत -** पालिकाले बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको देहायका म.ले.प. फाराम मध्ये कार्यालयसंग सम्बन्धित फारामको अभिलेख राखेको छैन् । पालिकाले देहाय अनुसारको मलेप फारम रयोग गरी सोही ढाचाँमा लगत राखुपर्दछ ।

- म. ले. प. फाराम ८०१ — बेरुजु लगत
- म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन
- म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत
- म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन
- म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख

म. ले. प. फाराम अद्यावधिक नहुदा वेरुजुको वास्तविक अवश्था यकिन नहुने हुँदा नियमानुसार सुधार गर्दै जानु पर्दछ ।

३.३ **सूचना प्रविधी पद्दति -** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् ।

- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले राजस्व उठाउन प्रयोग गरेको रावस्व सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । सेवा प्रदायक सँस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्ने गरि सम्झैता गरेको देखियो। यसबाट पालीकाको आन्तरिक आय लेखाङ्कनका सम्वन्धमा भरपर्दो अनुगमन प्रणाली तयार गरेको देखिन आएन। पालिकाले सँकलन केन्द्र बाट प्राप्त विवरणको आधारमा मात्र आय लेखाङ्कन गर्ने गरेको छ।

प्रणाली व्यवस्थापनमा समेत पालिकाको पहुँच हुनेगरी सुधार गर्नु पर्दछ ।

- सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन गर्दा सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार गरी म.ले.प. फाराम ९०१ र ९०२ बमोजिम प्रयोगककर्ता, नियन्त्रणकर्ता लगायतको अभिलेख कायम हुनेगरी कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन ।
- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म.ले.प. फाराम ९०३ मा राख्नुपर्नेमा लेखापरीक्षण अवधिमा उल्लेखित व्यहोराको प्रमाण पेश हुन आएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधीका सम्वन्धमा जोखिम भई अभिलेख भएकोआम्दानी रकम हराउने तथा अभिलेखमै नदेखिई आय लेखाङ्कनमा समेत नआउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ ।
- फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था हुनुपर्ने अशल अभ्यास रहेको छ । पालिकाले यस सम्वन्धमा छुट्टै गरी भरपर्दो व्यवस्था गरेको प्रमाण पेश गरेको छैन । सिग्यास वा सुत्र जस्ता एकभन्दा बढी कार्यालयमा प्रयोग हुने सफ्टवेयरका सम्बन्धमा सेवा सञ्चालक निकायलेनै नियन्त्रण गर्ने र पालिकले सञ्चालन मात्र गर्ने गरेको जानकारी दिएको छ । भरपर्दो वैकल्पिक व्यवस्था सुनिश्चित गर्नुपर्दछ ।

४ **धरौटी अभिलेख -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

४.१ पालिकाले निर्माण कार्य सम्झौता गर्दा र रनिङ्ग विल अनुसार निर्माण कार्यको भुक्तानी गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार धरौटी राख्ने र धरौटी कट्टी गरी भुक्तानी गर्ने गरेको छ । यसरी कट्टी गरी राखेको धरौटीको अभिलेख कार्य सम्पन्न भएपछि फिर्ता गर्नु पर्दछ । पालिकाले गत विगत देखि सुत्र प्रणालीबाट लेखा राखेकोमा सो वर्ष देखिएको धरौटीको अभिलेख अद्यावधिक भएपिन सुत्र सफ्टवेयर लागु हुनुभन्दा अघिल्ला वर्षहरुको अभिलेख प्रणालीमा प्रविष्टि गरेको छैन । यसवाट धरौटी वास्तविक अवस्था यकिन नहुने देखिन्छ । साथै वित्तिय विवरणमा प्रस्तुत धरौटी समेत एकिकृत अभिलेखको अभावमा वास्तविक भए नभएको यकिन हुन सकेन ।

४.२ **धरौटी -** आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली, २०७७ मा निर्माण व्यवसायिलाई भुक्तानी गर्दा कट्टी गरि राखरिएको धरौटी रकम फिर्ता गर्दा निर्माण व्यवसायिमाथि कुनै पनि दायित्व नरहेको अवस्थामा मात्र धरौटी वापतको रकम फिर्ता गर्नु पर्ने उल्लेख छ। पालिकाले निम्न निर्माण व्यवसायिको धरौटी रकम फिर्ता गर्दा मुल्य अभिबृद्धि कर समायोजन पेश भएको नदेखिएकोले मु.अ.कर समायोजन पेश गर्नु पर्दछ रु.

| भौ नं मिति | निर्माण व्यवसायि | धरौटी रकम | कैफियत |
|---|---|---|---|
| ४९।१०।२५ | लक्ष्मि पुजा निर्माण तथा मेटेरियल सप्लायर्स | ४३५०० | |
| ५७।१२।१५ | आश्मिनि निर्माण सेवा | ३३६३२१ | ए पी जी जमानीको आधारमा दिएको ए पी जीको म्याद नाघेको छ |
| ६६।१।१२ | सपना विल्डर्स | १४७१९ | |
| | जम्मा | ३९४५४० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९४,५४० |

५ **अनुदान प्रासी, वितरण, उपयोग र फिर्ता -** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्रास हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने

व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा संघ तर्फको रु. ७३९१६२८० र प्रदेश तर्फको रु. ८८९७३७९२ अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०८०-०३-३० मा फिर्ता गरेको छ ।पालिकाले अनुदान रकमको उपयोग गर्ने तर्फ ध्यान दिनु पर्दछ।

| स्रोत | अनुदानको प्रकार | आम्दानी | खर्च रकम | बाँकी रकम | निकासा फिर्ता |
|---|---|---|---|---|---|
| नेपाल सरकार | शसर्त अनुदान चालु | ७२१३४८००० | ६७९१९०१७३ | ४२१५७८२७.४६ | ४२१५७८२७.४६ |
| | शसर्त अनुदान पुँजीगत | ६३३९१८७५ | ४५८१७४०२ | १७५७४४७३ | १७५७४४७३ |
| | विषेश अनुदान पुँजीगत | १७२५०००० | ८८२४४९१ | ८४२५५०९ | ८४२५५०९ |
| | समपुरक अनुदान पुँजीगत | ८६२५००० | २८६६५२९ | ५७५८४७१ | ५७५८४७१ |
| | जम्मा | ८१०६१४८७५ | ७३६६९८५९५ | ७३९१६२८० | ७३९१६२८० |
| लुम्बिनी प्रदेश | शसर्त अनुदान पुँजीगत | १६०००००० | १५४४१३४३ | ५५८६५७ | ५५८६५७ |
| | विषेश अनुदान पुँजीगत | २३४००००० | २२४८३९१६ | ९१६०८४ | ९१६०८४ |
| | समपुरक अनुदान पुँजीगत | २८०८५००० | १४५०२२२९ | १३५८२७७१ | १३५८२७७१ |
| | जम्मा | ८७८०९९८७५ | ७८९१२६०८३ | ८८९७३७९२ | ८८९७३७९२ |
| | कुल जम्मा | ८७८०९९८७५ | ७८९१२६०८३ | ८८९७३७९२ | ८८९७३७९२ |

६ **सेवाप्रवाह विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार १९ वटा ऐन, ४ वटा नियमावली, ६८ वटा कार्यविधि, ६ निर्देशिका र ५ नर्म्स लगायत १०२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्मदर्ता ४८६६, मृत्युदर्ता १३९७, बसाईसराई दर्ता २१६४, विवाह दर्ता २४९० गरेको विवरण प्राप्त भएको छ । सडक निर्माण तर्फ कालोपत्रे सडक निर्माण १४०.८७ कि.मि, ग्राभेल सडक निर्माण १९०.७५ र कच्चि सडक निर्माण १५२.३२ कि.मि निर्माण भएको विवरण पेश गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

७ **बजेट तथा कार्यक्रम -** यस सबधमा देखएका यहोरा निम्न अनुसार छन्।

७.१ **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा २० योजना ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशिर्षकमा बचत रकम मध्येबाट रकमान्तर गर्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय सरकार संचालन ऐनको दफा ७९ मा स्थानिय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को नियम ३.१ मा पूँजिगत खर्चको रुपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस वर्ष पालिकाले शिर्षकगत रुपमा एकमुष्ट रु.१००७०३००० रकमान्तर गरेको छ । यसले गर्दा कुन शिर्षकवाट कुन

शिर्षकमा रकमान्तर भएको हो एकिन भएन । कानुनमा भएको व्यवस्थाको परिपालन गरी रकमान्तर गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।

---

७.२ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

---

७.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

---

७.४ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०७९।०३।१० गते रु. २ अर्ब ३३ करोड ९० लाख ७९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।०३।१३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ ।

---

७.५ **त्रैमासिक खर्च** - आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट शिर्षक | कुल खर्च | त्रैमासिक खर्च ( रकम रु. हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथौ त्रैमासिक | आषाढ महिना |
| पुँजगत खर्च | ६५२६२० | २०७६९ | ५९८०० | ९९३८९ | ४७२६६२ | २७२७७५ |
| चालु खर्च | ११६६४२४ | २८६१७७ | २४४९७२ | २५२१२७ | ३१३१४८ | २०२४४० |
| जम्मा खर्च | १८१९०४४ | ३०६९४६ | ३०४७७२ | ३५१५१६ | ८५५८१० | ४७५२१५ |
| खर्च प्रतिशत | | १६.८७ | १६.७६ | १९.३२ | ४७.०५ | २६.१२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. १ अर्ब ८१ करोड ९० लाख ४४ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ३० करोड ६९ लाख ४६ हजार अर्थात १६.८७ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ३० करोड ४७ लाख ७२ हजार, अर्थात १९.३२ प्रतिशत, तेश्रो त्रैमासिकमा रु.३५ करोड १५ लाख १६ हजार, अर्थात १९.३२ प्रतिशत र चौथो त्रैमासिकमा रु.८५ करोड ५८ लाख १० हजार अर्थात ४७.९५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नैआषाढ महिनामा मात्र रु.४७ करोड ५२ लाख १५ हजार अर्थात २६.१२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

७.६ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्षेत्र | बजेट | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|
| | | | जम्मा खर्चको तुलनामा |
| आर्थिक विकास | १०२८०६१०० | ८३२८९५९९.४ | ४.५८ |
| पूर्वाधार विकास | ८१२६४६५०० | ४९३०७७९७४ | २७.११ |
| सामाजिक विकास | १००५९९६४०० | ८२५८८५४८७.९ | ४५.४ |
| संस्थागत विकास सेवा प्रवाह र सुशासन | ८०८१५००० | ५०८४०९४७.२७ | २.७९ |
| अन्य कार्यालय संचालन तथा प्रशासनिक | ४६२२७०००० | ३६५९५११७२.६ | २०.१२ |
| जम्मा | २४६४५३४००० | १८१९०४५१८१ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ४५.४० प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा २.७९ प्रतिशत रहेको छ ।सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

७.७ **योजना प्राथमिकिकरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन

गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु.१ लाख सम्म | रु.१ लाख देखि २ लाखसम्म | रु.२ लाखदेखि ५ लाखसम्मका | रु.५लाख देखि १० लाखसम्मका | रु.१० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| १६३ | ३०६ | ३६९ | ३०३ | १६१ | १३०२ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा १३०२ वटा योजना संचालन गरेकोमा रु. ५ लाख भन्दा मुनिका मात्र ६४.३६ प्रतिशत योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

७.८ **लक्ष्य प्रगति** -कार्यालयले त्रैमासिक र बार्षिक स्तरका प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | २४२१ | २१३ | २२ | १६ | २१७० |

८ **वार्षिक खरिद योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक १० लाख रुपैया भन्दा बढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने, चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएपछि सो अनुरुप तयार भएको वार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गर्नुपर्ने र त्यस्तो योजनाको एक एक प्रति तालुक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनु पर्ने व्यवस्था भएतापनि कार्यालयले वार्षिक खरिद योजना तयार गरेको छैन । नियममा व्यवस्था भए अनुसार कार्यालयले वार्षिक खरिद योजना तयार गरी खरिद व्यवस्थापन उचित ढंगले गरी नियमानुसार खरिद गर्नुपर्दछ ।

९ **कानुन निर्माण र कार्यान्वयन -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

९.१ **कानून र सञ्चालन स्थिति –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, ४ वटा नियमावली, ६८ वटा कार्यविधि, ६ निर्देशिका र ५ नर्म्स लगायत १०२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानून निर्माण गरि लागु गर्नु पर्दछ ।

**निर्देशिका तथा मापदण्ड -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी

अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन । पालिकाले कार्यक्रम कार्यान्वयन सम्वन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

९.२ **न्यायीक समिति** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २१ र यो बर्ष थप भएको १४२ गरी कुल १६३ विवाद दर्ता भएकोमा १३० वटा फछ्र्यौट भई ३३ वटा फस्यौंट गर्न बाँकी देखिन्छ । पालिकाले तोकिएको समयमै उजुरी फछर्यौट गरी प्रभावकारी न्याय सम्पादमा ध्यान दिनुपर्दछ ।

१० **सम्पत्ति उपयोग र संरक्षण** - यस सम्बन्धमा देखिएका व्यहोरा निम्ब अनुसार छन्।

१०.१ **सम्पत्ति हस्तान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

१०.२ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण अभिलेख राख्नु पर्दछ ।

१०.३ **जिन्सी सम्पतिको सुरक्षा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुने व्यवस्था छ । मिति २०७६/२/१५ मा महालेखा परीक्षक कार्यालयबाट स्वीकृत सम्पत्तीको सकेत (Chart of Account) को आधारमा सम्पत्तीको लेखाकंन तयार हुने र स्वीकृत मलेप फारम अनुसार सम्पत्ती लेखाङ्कन तथा प्रतिवेदन हुने गरेको छ । २०७७ श्रावण महिना देखि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ । पालिकाले कम्तिमा वार्षिक रुपमा एक पटक भौतिक परीक्षण गर्नुपर्नेमा नगरेको, आवधिक रुपमा गरेको जिन्सी सामानको भौतिक परीक्षण प्रतिवेदन बमोजिम लिलामी प्रकृया शुरु नगरेको, कर्मचारी सरुवा हुँदा जारी हुने रमानापत्र भण्डार शाखाबाट जारी हुने भण्डार स्वीकृतिपत्र प्राप्त गरे पछि मात्र हुनुपर्नेमा सो नगरेको, पालिकाले वैदेशिक सहयोगबाट प्राप्त गरेको वा कुनै ठेक्का सम्झौता अनुसार प्राप्त

सम्पतिहरु कार्यालयको अभिलेखमा अद्यावधिक रुपमा अभिलेख नगरेको, जिन्सी अभिलेखका लागि तोकिएका मलेप फाराम ४०१ देखि ४१८ सम्म प्रयोग नगरेको पाईयो । यसबाट जिन्सी आम्दानी र खर्च व्यवस्थित छ भन्न सकिने आधार देखिदैन । पालिकाले सवै मलेप फारमहरु प्रयोगमा ल्याई हालसम्मको जिन्सी आम्दानी तथा हुने खर्चलाई PAMS प्रविष्टी गरी पेश गर्नुपर्दछ ।

---

१०.४ **मालसामानको गुणस्तर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

---

१०.५ **(क) सम्पत्ति संरक्षण** - पालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेका भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने सो गरेको पाईएन ।साविक गाउँपालिका तथा नगरपालिकाबाट हस्तान्तरण भई आएको सम्पत्तिको अभिलेख अद्यावधिक गरेको देखिएन । कूल मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकन सुदृढ गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत व्यहोरा औंल्याएकोमा सुधार भएको देखिएन ।

**(ख) मर्मत संभार**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाको क्षेत्र भित्रको सम्पत्ति रेखदेख तथा मर्मत संभारको प्रवन्ध गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाउने व्यवस्था छ । पालिकाले यस्ता सम्पत्तिको रेखदेख तथा मर्मत संभारको उचित प्रवन्ध गरेको देखिएन । सम्पत्ति संरक्षणको पर्याप्त प्रवन्ध गर्ने गरी सुधार गर्नु पर्दछ ।

**(ग) जिन्सी अभिलेखिकरण**- नीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ मा विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालय समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने व्यवस्था छ । साथै हस्तान्तरण भई आएका सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता अद्यावधिक गरी २०७५ असार मसान्त भित्र प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको देखिएन । अभिलेखको अभावमा हस्तान्तरण भई आएको सम्पत्ति तथा सामाग्रिको यथार्थ अवस्था यकिन हुने देखिएन । अभिलेख प्रणालिमा सुधार गरी सम्पत्ति लेखाङ्कन अद्यावधिक गर्नु पर्दछ ।

**(घ) कार्य विवरण** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा सरकारी सम्पतिको जिम्मा र अभिलेख सम्वन्धमा कार्यालयमा रहेको नगद, बैङ्क मौज्दातको विवरण, भुक्तानी आदेश, चेक बुक, धरौटी र राजस्वको श्रेस्ता आर्थिक प्रशासन शाखा प्रमूख, राजस्व लगत र सम्बन्धित अन्य कागजात कार्यालय प्रमूख वा आफ्नै रेखदेखमा रहने गरी तोकेको कुनै कर्मचारी तथा जिन्सी मालसामान र श्रेस्ता भण्डार शाखा प्रमूखको जिम्मा रहने गरी व्यवस्था गरेको छ । पालिकामा शाखागत रुपमा कार्य विभाजन गरेको भएपनि कर्मचारीको कार्य विवरण वनाई लागु गरेको देखिएन। कार्य विवरणको अभावमा लिपिबद्द रुपले जिम्म्वारी किटान गरी अभिलेखिकरण गरेको पाइएन। कार्यान्वयन सक्षमता सुदृढ हुनेगरी सुधार गर्नु पर्दछ ।

**(ङ) सुझाव कार्यान्वयन**- कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सि निरीक्षण सम्वन्धि व्यवस्था छ । नियमावलि अनुसार जिन्सी निरिक्षण गरी प्राप्त सुझाव कार्यान्वयन गरी सम्पत्ति व्यवस्थाप दुरुस्त गर्ने कर्तव्य सम्वन्धित जिम्मेवार व्यक्तिको रहने उल्लेख छ । पालिकाको सम्पत्तिका सम्वन्धमा जिन्सि निरीक्षण गरी

सुझाव सहितको प्रतिवेदन प्राप्त भएकोमा लेखापरीक्षण अवधिसम्म सुधार भएको देखिएन ।

१०.६ **वडा कार्यालयवाट खरिद -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीयतहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयको खरिद व्यवस्थापन सम्बन्धमा परीक्षण गर्दा यस बर्ष वडा कार्यालयहरुको कार्य सञ्चालन र व्यवस्थापन तर्फ १९ वटा वडाहरुमा प्रति वडा रु.१० देखी १२ लाखको दरले रु.१ करोड ९८ लाख ६० हजार ५०० विनियोजन भई रु.१९८४६९२६ खर्च भएको देखिन्छ । वडा खरिदको नमुना छनौट गरी परीक्षण गर्दा वडा सञ्चालनको लागि आवश्यक सामग्री वडा सचिव आफैले माग फारम तयार गर्ने, खरिद आदेश दिने र वडाको छुट्टै जिन्सी खातामा प्रविष्टी गर्ने, दाखिलामा जिन्सी सम्बन्धी आवश्यक स्पेशिफिकेशन नखुलाइ जिन्सी आम्दानी गर्ने र कार्यालयले सोही बमोजिम विल भुक्तानी गर्ने गरेको पाइयो । बजेट संचालन गर्ने निकायवाट सामग्री खरिद गरी मुल जिन्सी अभिलेखमा चढाई हस्तान्तरण मार्फत वडा कार्यालयमा दिनुपर्ने र वडाले आफूले प्राप्त गरेको जिन्सी सहायक जिन्सी खातामा आम्दानी गर्नुपर्नेमा सो नगरेको कारण एकीकृत जिन्सी अभिलेख तयार भएको देखिएन । यस सम्बन्धमा गत विगतको प्रतिवेदनमा उल्लेख भएता पनि सुधार भएको देखिदैन पालिकाले यस तर्फ सुधार गर्नु पर्दछ।

११ **राजस्व व्यवस्थापन -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

११.१ **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी रु. |
|---|---|---|
| ११३१३ - एकीकृत सम्पती कर | २०००००० | २०१५९४१७.१ |
| ११३१४ - भुमिकर/मालपोत | २०००००० | १८२०६५४३.९ |
| ११३२१ - वहाल कर | १८१००००० | २७३३४५३९.३३ |
| ११३२२ - वहाल विटौरी कर | १५००००० | ६०६४३२९.५ |
| ११४५१ - सवारी साधन कर (साना सवारी) | ६००००० | ९६४२० |
| ११४५२ - पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २००००० | 0 |
| ११६३२ - अखेटोपहारमा लाग्ने कर | ३००००० | २८७४६२०.६८ |
| ११६९१ - अन्य कर | १२००००० | १२६५२९७९.३९ |
| १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ७५००००० | ११६२४१६९.९३ |
| १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | १०००००० | १०२९६६० |
| १४२४२ - नक्सापास दस्तुर | १०००००० | ६६४१८८१.१७ |
| १४२४३ - सिफारिश दस्तुर | १९१००००० | २९१५४०३८.५ |
| १४२४५ - नाता प्रमाणित दस्तुर | ९००००० | २१४१०० |

| | | |
|---|---|---|
| १४३११ - न्यायिक दण्ड , जरिवाना र जफत | १०००० | ७७७०६ |
| १४३१२ - प्रशासनिक दण्ड , जरिवाना र जफत | ५००००० | ४०५५६२.३५ |
| १४५२९ - अन्य राजस्व | २००००० | २६२६३३६१.६४ |
| १४६११ - व्यवसाय कर | १७५००००० | २०८३९१७२.६९ |
| १५१११ - बेरूजू | २००००० | 0 |
| ३२१२२ - बैंक मौज्दात | ५३५८५१००० | 0 |
| | ६५९२५१००० | १८३६३८५०२.१८ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

११.२ **आयको अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६८९२५१००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.१८३६३८५०२..१८ अर्थात अनुमान भन्दा ७२ प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

११.३ **स्थानीय तहरूको विभाज्य कोष -** प्रदेशहरूको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोष को हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।

११.४ **राजश्व दाखिलामा जरिवाना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ७६ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । वडाले राजश्व वापत असुलि रकम समयमा दाखिला नगरेकोमा १० प्रतिशत जरिवाना समेत असुल हुनुपर्नेमा भएको देखिएन ।पालिकाले असुली रकमको दाखिला मिति एकिन गरी नियमानुसार लाग्ने जरिवाना लगाउनु पर्दछ ।

११.५ **सवारी कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छ। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ

कार्यालयको ध्यान जानु पर्दछ ।

११.६ **मनोरञ्जन कर** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नु पर्दछ ।

११.७ **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर संकलन शुन्य रहेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन् । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

११.८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

११.९ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १८०२६३२७२० | १८३६३८५०२.१८ | १०.१९ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १०.१९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा १० मा संकलन भण्डारण र घाटगद्दीको व्यवस्था गरेको छ । दफा १०(८) मा स्थानीय तहले नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्री वितरणको अवस्थाको निरन्तर अनुगमन गर्नुपर्ने र वर्षको कम्तिमा तिन पटक यसै कार्यविधिको दफा १७ बमोजिमको जिल्ला अनुगमन तथा व्यवस्थापन समिति समेतको रोहवरमा घाटगद्दीस्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्नेमा सो अनुगमन प्रतिवेदन पेश भएन । त्यस्तै संझौता बमोजिम नदी खोला खहरे खोल्सा र नदि उकास क्षेत्रबाट निकालिएको र घाटगद्दी गरिएको नदिजन्य पदार्थको मासिक प्रगति विवरण प्रत्येक महिनाको ७ गते भित्र व्यवसायीले ठेक्का लगाउने स्थानीय तहमा पठाउनु पर्ने व्यवस्था गरेको भएता पनि तदनुसारको प्रतिवेदन पठाएको देखिएन ।

११.१० **राजश्व परामर्श समिति -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अत नियमानुसार समितिको कार्यलाई प्रभावकारी बनाउनु पर्दछ।

१२ **पेश्की व्यवस्थापन -** यस सबधमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

१२.१ **संस्थागत पेश्की -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कार्यालयले देहायका संस्थालाई निम्न कार्यको लागि रु. २०३९३०४।०० पेश्की दिएकोमा सो पेश्की नियम ५२(३) अनुसार म्याद नाघेको उक्त पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्छ्यौट नभएकोले फर्छ्यौट हुनुपर्ने रु.

| मिति | भौ नं. | विवरण | पेश्की भुक्तानी | रकम |
|---|---|---|---|---|
| १२/१४/२०७९ | ११ | गैरागाउ चोकदेखि कर्जाही सम्म सडक पिच | नेपाल बिद्युत प्राधिकरण घोराही | २६१५८१ |
| १२/१४/२०७९ | १२ | सडक विभागदेखि भिङग्रेलि चोक सम्म सडक पिच | नेपाल बिद्युत प्राधिकरण घोराही | ४९०२४४ |
| १२/१४/२०७९ | १३ | सडक विभागदेखि भिङग्रेलि चोक सम्म सडक पिच | नेपाल टेलिकम घोराही | ३२०४८७ |
| १२/१४/२०७९ | १४ | भैसाही चोकदेखि वडा नं ४ को वडा कार्यालयसम्म सडक पिच | नेपाल टेलिकम घोराही | १४८३९८ |
| १२/१४/२०७९ | १४ | भैसाही चोकदेखि वडा नं ४ को वडा कार्यालयसम्म सडक पिच | नेपाल बिद्युत प्राधिकरण घोराही | ५४३८६६ |
| १२/२४/२०७९ | ३५७ | क्याम्पस रोडमा पोल स्थानान्तरण | नेपाल बिद्युत प्राधिकरण घोराही | १३१६०६ |
| ०२/२६/२०८० | ९२ | स्वास्थ्य चौकी पूर्वाधार निर्माण वडा नं १२ , १३ , १६ , १७ | नेपाल बिद्युत प्राधिकरण घोराही | ४६१०८ |
| २०८०/०२/३२ | २२७५ | विपद व्यवस्थापन | नेपाल बिद्युत प्राधिकरण घोराही | ९७०१४ |
| | | जम्मा | | २०३९३०४ |

| | |
|---|---|
| पेश्की | २०,३९,३०४ |

१२.२ **मोविलाईजेशन पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ । पालिकाबाट आर्थिक वर्ष २०७९।८० मा देहायअनुसार म्याद ननाघेको पेश्की रु.७४९९५००।०० बाँकी रहेको विवरण पेश भएकोले नियमानुसार पेश्की फर्छ्यौट हुनु पर्दछ ।

| मिति | भौ | विवरण | ठेकेदार | रकम |
|---|---|---|---|---|
| १२/१९/२०७९ | ३२० | सडक विभागदेखि भिङ्ग्रेली चोकसम्म सडक पिच (प्रदेश समपुरक) | जलजला मल्टिबिजनेश कन्ट्रक्सन एण्ड सप्लायर्स | ४९७००० |
| १२/२७/२०७९ | ६१ | स्वास्थ्य चौकी पूर्वाधार निर्माण वडा नं १२ , १३ , | शैलुङश्वरी कन्स्ट्रक्सन कम्पनी | ५८०००० |

| | | | | |
|---|---|---|---|---|
| | | १६ , १७ | प्रा.लि. | |
| १२/२७/२०७९ | ६२ | स्वास्थ्य चौकी पूर्वाधार निर्माण वडा नं १२ , १३ , १६ , १७ | शैलुङश्वरी कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ५३६००० |
| १२/२८/२०७९ | ३७९ | चार कोठे भवन मा.वि. तोस , सैघा , वडा नं. १९ (फर्निचर सहित) | खत्री निर्माण सेवा | ४९६००० |
| १२/२८/२०७९ | ३८० | चार कोठे भवन मा.वि. धर्ना , वडा नं. ५ (फर्निचर सहित) | खत्री निर्माण सेवा | ३९९००० |
| १२/२९/२०७९ | २२ | गैरागाउ चोकदेखि कर्जाही सम्म सडक पिच | टि.के इन्जिनियरिङ - राज जे भी | ३८१००० |
| ०२/०७/२०८० | ६१५ | चार कोठे भवन मा.वि. ढिकपुर , वडा नं . ८ (फर्निचर सहित) | ओसिस कन्स्ट्रक्सन | ५२०००० |
| ०२/१०/२०८० | ६४७ | वडा नं. १० नारायणपुर दुरसंचार टोलमा योग सभाहल निर्माण | पञ्चकोशी कन्स्ट्रक्सन प्रा.ली. | ४२५५०० |
| ०२/१०/२०८० | ६५१ | घोराही १० डावर को भमई सोतामा कल्भर्ट निर्माण | पञ्चकोशी कन्स्ट्रक्सन प्रा.ली. | ६९०००० |
| ०२/११/२०८० | ६६६ | गोग्ली मा.वि.देखि लक्ष्मीपुर जाने बाटो पिच , पुरानो वडा कार्यालय हुँदै नारायणपुर थारु गाउँ वनगाउँ जोड्ने बाटो निरन्तरता , बटलपुरदेखि १२ नं. वडा कार्यालय जोडने सडक पिच , वि.पि. मार्ग सुर्केडाँगी सडक निरन्तरता र सौरी बेलुवा थारु गाउँ बाटो निरन्तरता भुक्तानी बाँकी | मष्ट बराह इन्फ्रास्ट्रक्चर्स प्रा.ली | २७५००० |
| ०२/१९/२०८० | ७१४ | भैसाही चोकदेखि वडा नं ४ को वडाकार्यालयसम्म सडक पिच (प्रदेश समपुरक) | के बी गुरुंग-जे के/जे भी | २७००००० |
| | | जम्मा | | ७४९९५०० |

१३ **आर्थिक सहायता -** यस सम्बन्धमा देखिएका व्यहोरा नसम्न अनुसार छन्।

१३.१ **आर्थिक सहायता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। तर पालिकाले कार्यविधि नबनाई नगर प्रमुखको तोकादेशमा आर्थिक रुपले विपन्न आगलगी, बिरामीलाई औषधि उपचार खर्च, प्रकृतिक प्रकोपबाट पिडित तथा असहाय नागरिकलाई प्रति ब्यक्ति रु.५०००, रु.४०००, रु.३००० र रु.२००० गरि सामाजिक सुरक्षामा रु. १६८५५००.०० खर्च लेखेको छ। यस प्रकारको खर्चमा नियन्त्रण गर्नु पर्दछ।

१३.२ **अन्य संस्था सहयता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले नगरकार्पालिकाको निर्णयको आधारमा विभिन्न संघ, संस्था, यूनियन, ब्यक्ति, तथा संगठनहरुलाई सहायता तथा मठ मन्दिर पुजा सहयोगमा रु.३०००००० र मठ मन्दिर पुजा धार्मिक तथा सास्कृतिक सहायतामा रु.३२४७८१ अनुदान दिएको छ। यस प्रकारको खर्चमा नियन्त्रण गर्नु पर्दछ ।.

१३.३ **पर्व महोत्सव तथा दिवसहरु -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट पर्व महोत्सव तथा दिवस मनाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष विभिन्न दिवसहरुमा रु.७७८८७०, माघि लन दशै मिलन तिज मिलन लगायतमा रु.१६३६५०० खर्च गरेको देखिन्छ। यस प्रकारको खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

१४ **संगठन तथा कर्मचारी व्यवस्थापन -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न् अनुसार छन्।

१४.१ **कर्मचारी व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४२८ जना स्थाई पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१४.२ **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १७६ जना कर्मचारीहरु करारमा राखि रु. ६७४९९४०८.३९ खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न प्राविधिक पदमा ८० जना करार नियुक्ति गरेको छ . पालिकाले दरबन्दी बाहेक २४ जना कर्मचारी राखी वर्षभरि रु १०५०५४२४ खर्च लेखेको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,०५,०५,४२४ |

१४.३ **कर्मचारी कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१{१} मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को नियम ९१{२} अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ प्रचलनमा आए पनि हालसम्म पनि पालिकामा कार्यरत स्थानीय स्थायी कर्मचारीको तलब भत्तामा १० प्रतिशत कट्टी गरी अवकास कोषमा जम्मा गर्नुपर्नेमा सो नगरी एकमुष्ट रुपमा रु.२००००००.०० ट्रान्सफर गरेको देखिन्छ। पालिकाले कानून अनुसार उपदानकोष तयार गरी दिर्धकालिन रुपमा पालिकालाई अतिरिक्त व्ययभार पर्ने कार्यलाई निरुत्साहीत गर्नुपर्दछ।

१४.४ **स्थानीय कर्मचारीको तह तथा ग्रेड वृद्धि -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवाको शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून वमोजिम हुने व्यवस्था छ । साथै दफा ८८ मा

स्थानीय सेवाका कर्मचारीहरुको शुरु तलब स्केल प्रदेश सरकारले तोकेबमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने व्यवस्था छ ।अर्थ मन्त्रालयले प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको २०७८ साउन १ गतेदेखि लागु तलबमान अनुसार तलब भुक्तानी हुनुपर्दछ । साथै सरकारी सेवा तथा स्थानीय तहको सेवाको पदका कर्मचारीको सेवा शर्त सम्बन्धी कानूनको विषयमा र त्यस्तो सेवाको पदमा नियुक्ति बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था भएको र प्रदेश लोक सेवा आयोग ऐन २०७६ को ४२ को उपदफा (१) मा संविधान, यो ऐन र अन्य प्रचलित कानून बमोजिम आयोगको परामर्श लिनुपर्ने विषयमा आयोगको परामर्श नलिई कारबाही भए गरेमा त्यस्तो काम कारवाही बदर गर्न सक्ने व्यवस्था रहेकोमा पालिकाले कानून निर्माण गर्दा आयोगको परामर्श लिएर कानून निर्माण गरेको देखिएन। पालिकाले स्थानीय निकायका कर्मचारीहरुको तह बृद्धि सम्बन्धी कार्यविधि २०७८ जारि गरि ९ जनाको तह बृद्धि र ५० जनाको ग्रेड बृद्धि गरि ५९ जना कर्मचारीको तह तथा ग्रेड वृद्धि गरि तलब भत्ता भुक्तानी गरेको छ । कर्मचारीको तह तथा ग्रेड वृद्धि गर्दा वार्षिक रु.१२९७८८१।०० व्ययभार परेको देखिन्छ। अतःकर्मचारीको तह तथा स्तर वृद्धि गर्दा प्रदेश लोक सेवा आयोगको सहमती बेगर स्तर वृद्धि गरेको रु. १२९७८८१।०० नियम सम्मत्त देखिएन रु.

| | |
|---|---|
| अनियमित भएको | १२,९७,८८१ |

१४.५ **तलवी प्रतिवेदन -** निजामति सेवा ऐन २०४९ को दफा (७) मा कार्यालयलमा कार्यरत कर्मचारीको तलवी प्रतिवेदन पास गरेरमात्र तलव खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकामा कार्यरत कर्मचारीहरुको तलव भुक्तानी गर्नु पूर्व तलवी प्रतिवेदन पारित भएको देखिएन । तलवी प्रतिवेदन पारित नगरी भुक्तानी भएकोले तलब तथा ग्रेडको वास्तविक अवस्था यकिन हुन सकेन । नियमानुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलव भुक्तानी गर्ने गरी व्यवस्थापन तथा तलब र ग्रेड भुक्तानीलाई तुलनात्मक एवं बिशलेषणयोग्य बनाउनु पर्दछ ।

१५ **खर्चमा मितव्ययिता कायम गर्नु पर्ने -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमामितव्ययी तवरले गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको छ।

१५.१ **खाना तथा विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फरु.७०६३१७१.०० खर्च गरेको छ। खाना तथा विविधमा खर्च लेख्दा उक्त खर्चको प्रयोजन खुल्ने गरि गर्नु पर्नेमा सो गरेको देखिएन । जस्ले गर्दा उक्त खर्च यथार्थपरक रहेको यकिन गर्न सकिएन। पालिकाले यस प्रकारको खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

१५.२ **इन्धन खर्च -** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी पर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ। पालिकाले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.२०५७२५०४.१६ र कन्टेन्जेन्सी खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत लगत अद्यावधिक गरी खर्च मितव्ययि गर्ने तर्फ ध्यान दिनुपर्दछ।

१५.३ **मसलन्द तथा कार्यालय सामग्री खर्च -** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिषर्कमा यस वर्ष रु. ६९८७२२३ खर्च गरेको छ । पालिकालाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ पालिकाले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

१५.४ **बैठक भत्ता -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले यस कर्मचारी बैठक भत्ता, पदाधिकारी बैठकमा रु.३१९०००, विभिन्न समितिको बैठकमा रु.१०३७३६५, वडा समितिको बैठकमा रु.४१०४००० समेत रु.५४६०३६५.०० र सभा संचालन तथा कार्यापालिकाको समेतमा खर्च गरेकोमा अधिकांस बैठक एजेण्डा विहिन रहेको देखियो । पालिकाले विषेश कामको लागि बैठक बसी बैठक भत्ता खर्चमा मितवययिता कायम गर्नु पर्दछ।

१५.५ **पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु.१० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु.६९४९७६६.०० खर्च गरेको छ । खर्च गर्दा अधिकासंमा कार्यआदेश दिएको देखिदैन। यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ । थाथै यस प्रकारका खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

१६ **अनुगमन तथा भ्रमण खर्च -** भ्रमण खर्च नियमावली, २०६४ मा कार्यालयबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष भ्रमण तथा अनुगमन मुल्याङ्कन कार्यमा रु. ६४९७८८८.०० खर्च गरेको देखिन्छ ।यस सम्बन्धमा देखिएका व्यवहोराहरु देहायमा उल्लेख छ।

- विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि भ्रमण अभिलेख राखेको छैन ।
- भ्रमण प्रतिबेदन संलग्न गरेपनि उक्त प्रतिवेदन यथार्थपरक रहेको देखिएन। यसबाट भ्रमण कार्य प्रभावकारी भयो भन्ने आधार भएन।उक्त खर्च गर्दा भ्रमण गर्ने व्यक्तिको स्पष्ट व्यहोरा देखिने गरि अभिलेख राखेको छैन । यसबाट आर्थिक वर्षको अन्तमा कर्मचारी भ्रमण अवस्थाको मुल्याङ्कन गर्न सक्ने देखिएन । साथै भ्रमणबाट निर्धारित उदेश्य प्राप्त भए नभएको साथै खर्च प्रभावकारी भए नभएको यकिन गर्न सकिएन । पालिकाले भ्रमण अभिलेख अद्यावधिक गरी राखु पर्दछ ।
- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय

आधार नदेखिएको ।

- कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित ठाउँ गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमणमा खर्च भएको रकम सदुपयोग भएको हो भनि विश्वस्थ हुन सकिएन । तसर्थ तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ

१७ **सवारी मर्मत खर्च -** लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।

- पालिकाले सवारी साधन मर्मत, ईन्धन खपतको अवस्था जस्त व्यहोरा खुल्नेगरी म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्दछ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेको पाईएन तथा समय क्रम अनुसारको अभिलेक दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नु पर्दछ ।
- पालिकाले सावारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले पालिकले पालिकाले सावारी साधन तथा मेशिनरी मर्मतमा यस वर्ष रु. १८४३२४७३.५१ र कन्टेन्जेन्सीबाट समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन । सवै किसिमको मर्मतको अवस्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन। साथै एक लाखभन्दा बढीको मर्मतमा ३ वटा सेवा प्रदायकबाट दर भाउ पत्र माग गरेको छैन। यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तिय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । यस्तो असर उत्पन्न नहुने गरी सुधार गर्नुपर्दछ ।साथै यस प्रकारका खर्चमा मितवययीता कायम गर्नु पर्दछ ।

१८ **कन्टिन्जेन्सी अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ।कार्यालयले यस वर्ष प्रत्येक कन्टिन्जेन्सी खर्च गरेकोमा कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकमकट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन। यसबाट कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन । नियमावलीमा व्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

१९ **अवण्डा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले आषाढ को नगर सभाको बैठकबाट स्वीकृत भएको कार्यक्रम विश्लेषण गर्दा देहाय अनुसारको शिर्षकमा अवण्डा बजेट राखेको देखियो । कार्यक्रममा समावेश नगरी विविध शिर्षकमा अवण्डा राखेको नियमित देखिन आएन । अवण्डा रकमबाट पटक पटक गरी सुविधाका आधारमा छनौट भएका योजनामा खर्च गरेको छ । शूरु योजनामा समावेश नगरी सुविधाका आधारमा योजना थप गर्ने परिपाटीमा सुधार गर्नु

पर्दछ ।

| क्र.स. | विवरण | बजेट | खर्च |
|---|---|---|---|
| १ | सार्वजनिक उपयोगिताको सेवा खर्च | २५००००० | २११६९१० |
| २ | सामाजिक सुरक्षा सहायता | २०००००० | १६८५५०० |
| ३ | अन्य सांस्था सहायतामा | ३०००००० | ३०००००० |
| ४ | धार्मिक तथा सांस्कृतिक सहायतामा | १०००००० | ३२४७८१ |
| ५ | अन्य फिर्तामा | २१००००० | ११५४८२३ |
| ६ | राजस्व फिर्ता | २५०००० | ० |
| ७ | न्यायिक फिर्ता | २००००० | ० |
| ८ | वडा समितिको निर्णयबाट आर्थिक सहयोग तथा अन्य कार्यक्रम | १००००० | ९१५०० |

२० **डोजर, लोडर र एक्साभेटरको मर्मत खर्च र आम्दानी -** उप महानगरपालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु.५५,१६,९८०.०० खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले के कति मात्रामा आम्दानी गरेको छ सो को विवरण र उप महानगरपालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भई के कति रकम बचत भयो सोको अभिलेख समेत राखेको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्नु पर्दछ

| सि नं | सावारी नं. | सवारीको प्रकार | मर्मत खर्च | ईन्धन खर्च | चालक खर्च | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | रा १ ग ६० | ब्याक्हो लोडर | ९८३२१६ | १५७५०० | ३९६४६४ | १५३७१८० |
| २ | रा १ ग ६१ | रोलर | ९८६१८ | ८५७५० | ३९६४६४ | ५८०८३२ |
| ३ | रा १ ग ६४ | ग्रेडर | १६६९७७ | ० | ३९६४६४ | ५६३४४१ |
| ४ | रा १ ग ६४ | जे सि बि | १०९९०८८ | १३३९९७५ | ३९६४६४ | २८३५५२७ |
| | जम्मा | | | | | ५५१६९८० |

२१ **दशैं र पोशाक खर्च -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। जसअनुसार ज्यालादारीमा खटाईएका कर्मचारीहरुलाई पोषाक तथा दशैं खर्च भुक्तानी दिने व्यवस्था छैन । पालिकाले ज्यालादारीमा खटाईएका कर्मचारीहरुलाई दशैं तथा पोषाक वापत रु.२०७८७६८।०० भुक्तानी दिएको छ । यस सम्बन्धमा पालिकाले उक्त कर्मचारीहरु अन्य कर्मचारी सरह बर्ष भरि काम गरेको र नियमित रुपमा तोकिएको पोशाक लगाई कार्यालय आउने जनाएको छ। यसरी ऐनमा व्यवस्था नभएको सुविधा वापत भुक्तानी भएको रकम नियम सम्मत्त नदेखिएको रु.

| सि नं | विवरण | दशै भत्ता | पोषाक भत्ता | जम्मा |
|---|---|---|---|---|
| १ | ज्यालादारीमा नियूक्ति भएका ४२ जना कर्मचारी | १३१३४६६ | ४२०००० | १७३३४६६ |
| २ | सरसफाई तर्फका ९ जना | १७५३०२ | ९०००० | २६५३०२ |
| ३ | बर्थिङ्ग सेन्टर तर्फका ८ जना | | ८०००० | ८०००० |
| | जम्मा | | | २०७८७६८ |

| | |
|---|---|
| अनियमित भएको | २०,७८,७६८ |

२२ **कर्मचारी अतिरिक्त भत्ता -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। साथै लुम्विनि प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन सम्बन्धि निर्देशिका, २०७९ को परिच्छेद २ को ५(क) मा सार्वजनिक निकायले कार्यालय समय बाहेकको अवधिमा कर्मचारीलाई काममा लगाउँदा अतिरिक्त समय काम गर्नु पर्ने अवस्थाको आधार र कारण खुलाई लेखा उत्तरदायी अधिकृतको पुर्व स्वीकृति लिई मात्र खाना खाजा वापत खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले कानून तथा कार्यविधि नबनाई तथा भत्ता खुवाउनु अघि लेखा उत्तरदायि अधिकृतको स्वीकृति नलिई नगरकार्यपालिकाको निर्णय आधारमा यो बर्ष प्रोत्साहन भत्ता र विदाको समय काम गरेको भनि अतिरिक्त पारिश्रमिक रु.३५३२५६६.०० खर्च लेखेको छ। यस सम्बन्धमा गत विगतको म. ले. प. प्रतिवेदनमा उल्लेख भएपनि कार्यान्वयन भएको देखिदैन। यसरी नियम विपरित प्रोत्साहन भत्तामा खर्च लेखेको रकम नियम सम्मत देखिएन रु.

| भौ नं मिति | विवरण | रकम |
|---|---|---|
| ३९२।७।२१ | विदाको दिनमा काम गरेको ९ जनालाई १३५ दिनको | १४००९८ |
| ४४७।७।२९ | फोहोरमैला व्यवस्थापन तर्फको ४१ जनालाई विदाको दिनमा काम गरेको ३५४ दिनको १ दिनको तलब बराबर | ३३६९०४ |
| ७११।९।११ | फोहोरमैला व्यवस्थापन तर्फको ४२ जनालाई विदाको दिनमा काम गरेको २५७ दिनको १ दिनको तलब बराबर | २४९४२२ |
| ९५७।१०।१० | फोहोरमैला व्यवस्थापन तर्फको ४२ जनालाई विदाको दिनमा काम गरेको ३०८ दिनको १ दिनको तलब बराबर | २८८४२० |
| १६७२।१२।२७ | फोहोरमैला व्यवस्थापन तर्फको ४२ जनालाई विदाको दिनमा काम गरेको १५३ दिनको १ दिनको तलब बराबर | १३९१५५ |
| १३०३।११।१९ | फोहोरमैला व्यवस्थापन तर्फको ४२ जनालाई विदाको दिनमा काम गरेको २६० दिनको १ दिनको तलब बराबर | २४३९४६ |
| १३१८।११।२१ | सवारी चालक ८ जनालाई विदाको दिनमा काम गरेको २४७ दिनको १ दिनको तलब बराबर | २२७२४० |
| १४०२।११।२९ | फोहोरमैला व्यवस्थापन तर्फको ४२ जनालाईफगुन महिनाको विदाको दिनमा काम गरेको ३४८ दिनको १ दिनको तलब बराबर | ३२७६५४ |

| | | |
|---|---|---|
| २५२६।३।२० | फोहोरमैला व्यवस्थापन तर्फको ४२ जनालाई विदाको दिनमा काम गरेको १ दिनको तलब बराबर | ६८५५७५ |
| ३१५।७।२ | फोहोरमैला व्यवस्थापन तर्फको ४१ जनालाई विदाको दिनमा काम गरेको ४०३ दिनको १ दिनको तलब बराबर | ३८६२७२ |
| १३९७।११।२९ | ९ जाना कर्मचारीलाई अतिरिक्त समय काम गरेको भत्ता | ३३५५०० |
| १८०६।१।१२ | सवारी चालक ६ जनालाई विदाको दिनमा काम गरेको ६४ दिनको १ दिनको तलब बराबर | ५८८८० |
| १९६०।१।२८ | ९ जाना कर्मचारीलाई अतिरिक्त समय काम गरेको भत्ता | ११३५०० |
| | जम्मा | ३५३२५६६ |

| | |
|---|---|
| अनियमित भएको | ३५,३२,५६६ |

२३ **पदाधिकारी सुविधा** - यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

२३.१ लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ अनुसार पालिकाबाट रु. २२२४७०००।०० सुविधा वापत भुक्तानी भएको छ ।

२३.२ आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ। लुम्बिनी प्रदेशको स्थानीय तहका पदाधिकारीहरुलाई यस आर्थिक वर्षमा यातायात सुविधा रु.६७६८०००, टेलिफोन तथा मोवाइल रु.३८१६०००, पत्रपत्रिका तथा इन्टरनेट रु. ३०००००० अतिथि सत्कार रु.१८०००००, खानेपानी रु.१३२०००, मर्मत सम्भार तथा विधुत रु.१३२०००, जनसम्पर्क तथा बिशेष सुविधा रु.५६६४०० भुक्तानी गरेको देखियो । पालिकाले भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।

२३.३ **सल्लाहकार**– मधेश प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ। पालिकाले कानूनी सल्लाहकार को रुपमा भुप ब केसी लाई नियूक्ति गरि बर्ष भरि रु.५७७९५७ खर्च लेखेको छ । यसरी ऐनको व्यवस्था विपरित खर्च लेखेको नियम सम्मत्त देखिएन रु.

| | |
|---|---|
| अनियमित भएको | ५,७७,९५७ |

२४ **डिजिटल प्रोफाईल निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ तथा सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पूँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनोट भएपछि लाभ लागत यकीन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले डिजिटल

प्रोफाइल निर्माण गर्नु पर्दछ। पालिकाले डिजिटल प्रोफाईलकोलागि डाटा संकलनकर्ता तथा प्रविष्टिकर्ताको नियूक्तिका आधारहरु तथा मापदण्डहरु, के के तथ्याङ्क संकलन भएको केमा प्रविष्टि भएको कति प्रविष्टि भएको हो सोको प्रमाणित गरेको प्रमाण, सो कार्यको प्रगति प्रतिवेदन तथा अनुगमन प्रतिवेदन पेश भएन। पालिकाले तथ्याङ्क संकलन गरि मन्त्रालय पठाउने र मन्त्राल्यले डिजिटल प्रोफाईल तयार गरि पालिकालाई उपलब्ध गराउने जनाएको छ। तसर्थ उपरोक्तअनुसारको विवरण पेश गरि लागत लाभको सम्बन्धमा स्पष्ट पार्नु पर्दछ।

| भौ नं मिति | विवरण | रकम रु. |
|---|---|---|
| २३२६।३।५ | प्रत घरधुरी रु.८० का दरले २३७५५ प्रमाणित प्रतिवेदन तथा प्रणालीमा प्रविष्टी गरेको ४१ जना गणकहरुलाई | १९००४०० |
| २६४९।३।२२ | प्रत घरधुरी रु.८० का दरले २८५१ प्रमाणित प्रतिवेदन तथा प्रणालीमा प्रविष्टी गरेको ९ जना गणकहरुलाई | २२८०८० |
| | जम्मा | २१२८४८० |

२५ **लागत सहभागिता -** कृषि विकास सहायता अन्तरगत प्रेम बहादुर चौधरीसंग गरेको सम्झौता अनुसार एच डि पि पाईप खरिदमा ५० प्रतिशत अनुदान दिनु पर्ने उल्लेख छ । निजले पाईप खरिद सहित रु.८२६२४ को कार्य सम्पादन गरेकोमा ५० प्रतिशतले हुने रु.४१३१२ भुक्तानी गर्नु पर्नेमा रु.६७९०० भुक्तानी दिएकोले रु.२६५८७ बढी भुक्तानी भएको छ। यसरी बढी भुक्तानी भएको रकम असुल हुनु पर्दछ रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,५८७ |

२६ **नाफामूलक संस्थालाइ संचालन खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । पालिकाले पूर्वाधार विकास, जनताको जीवनस्तर उकास्ने कार्यक्रम तथा स्थानीय स्तरमा रोजगारी सृजना हुने कार्यक्रममा खर्च गर्नु पर्नेमा नाफाको उद्देश्यले संचालन हुने संस्थाको संचालन खर्च गरेको छ । यसवाट विकास निर्माणमा खर्च हुने बजेट नाफा मूलक संस्थाको हितको लागि खर्च गरेको देखिएकोले नाफामूलक संस्थालाइ संचालन खर्च व्यहोरे नियमसंगत नदेखिएको खर्च रु.

| भौ नं मिति | विवरण | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| २२०२।३।२५ | संस्थागत विकास | नेपाल पत्रकार महासंघ दाङ | ५००००० |
| २८०३।३।२३ | पत्रकार सहायता कोष स्थापना | नेपाल पत्रकार महासंघ दाङ | ३००००० |
| २५९।६।१३ | हिंसा प्रभावित महिला विकास केन्द्र संचालन | सौभाग्य महिला विकास तथा ऋण सहकारी संस्था | २३३९७३ |
| १०२८।१०।१६ | हिंसा प्रभावित महिला विकास केन्द्र संचालन | सौभाग्य महिला विकास तथा ऋण सहकारी संस्था | २५१२०६ |
| ५४५।८।१९ | संचालन खर्च | बाल शान्ति गृह घोराही ७ दाङ | १५००००० |
| २१२०।२।१६ | संचालन | प्रेम पौरखी बहुउदेषिय कृषि तथा पशुपञ्छि फर्म | ९७००० |

| | जम्मा | | २८८२१७९ |
|---|---|---|---|
| | | अनियमित भएको | २८,८२,१७९ |

२७ **व्यक्तिको नाममा भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा औचित्यको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। लेखापरीक्षणको क्रममा नमुना छनौट गरि परिक्षण गर्दा पालिकाले कामसंग प्रत्यक्ष सम्बन्ध राख्ने व्यक्तिको नाममा सिधै बैंक खातामा भुक्तानी (ई.एफ.टी) हुनु पर्नेमा सो नगरि निम्न व्यक्तिहरुको नाममा एकमुष्ट भुक्तानी खर्च लेखी विल भरपाई पेश भएको छ। यसरी भुक्तानी भएको रकम सम्बनधितले पाए नपाएको तथा जुन कार्यकोलागि भुक्तानी लिएको हो सो कार्य भएको हो भनि यकिन गर्न सकिएन। यस नियन्त्रण गर्नु पर्दछ। यसका केहि उदाहरणहरुः

| भौ नं. मिति | कार्यक्रम | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| ४३५।७।२५ | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत | तेजा गैरे | २७५००० |
| ५०५।८।१४ | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत | तिलकराम डि सी | २५०००० |
| ५०८।८।१४ | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत | चान्दनी थापा | २४९५०० |
| ५१७।८।१५ | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत | विष्णु गिरी | २४७००० |
| ५३०।८।१६ | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत | दिर्घराज गौतम | २५०००० |
| ६५७।९।७ | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत | दामोदर पाण्डे | ३०२९७० |
| ८१०।९।१८ | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत | विनिता अधिकारी | २५६५२२ |
| ३१५।७।२ | फोहोरमैला व्यवस्थापन तर्फको ४१ जनालाई विदाको दिनमा काम गरेको ४०३ दिनको १ दिनको तलब बराबर | जिवालाल शार्मा | ३८६२७२ |
| २५२६।३।२० | फोहोरमैला व्यवस्थापन तर्फको ४१ जनालाई विदाको दिनमा काम गरेको ४०३ दिनको १ दिनको तलब बराबर | जिवालाल शार्मा | ६८५५७५ |
| २४९६।३।२० | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत | मधुसुद्धन बस्नेत | २४९००० |
| २५४८।३।२० | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत | खुसीराम चौधरी | ३४१०४२ |
| २६०९।३।२२ | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत | भिम ब के सी | २५०००० |
| २६१५।३।२२ | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत | नारायण प्र आचार्य | २९१००० |
| २८८७।३।२७ | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत | लिलाजित नेपाली | २३९०७३ |

२८ **स्वास्थ्य विमा -** कुनै पनि कार्यक्रम सञ्चालन तथा अनुदान वितरण गर्दा सोको कार्यविधि अनुसार वितरण गर्नु पर्दछ । पालिकाले जनयूद्ध जनआन्दोलन वेपत्तापरिवारलाई स्वास्थ्य बिमाकोलागि बिमा शुल्क रु.३५०० का दरले निम्नानुसार रु. ११९०००.०० भुक्तानी दिएको छ। पालिकाले निश्चित कार्यविधि तथा मापदण्डको आधारमा कार्यक्रम गर्नु पर्नेमा सो नगरि सिमित व्यक्ति तथा समुहको लाभ हुने गरि कार्यक्रम संचालनमा नियन्त्रण गर्नु पर्दछ।

| भौ नं मिति | विवरण | रकम |
| --- | --- | --- |
| ८९८।९।२९ | ३० जना जनयूद्ध जनआन्दोलन वेपत्ता परिवारलाई स्वास्थ्य बिमाको लागि बिमा शुल्क | १०५७०० |
| १६०४।१२।२१ | ५ वटा जनयूद्ध जनआन्दोलन वेपत्ता परिवारलाई स्वास्थ्य बिमाको लागि बिमा शुल्क | १३३०० |
| | जम्मा | ११९००० |

२९ **पुरस्कार वितरण -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मित्वययिता कायम हुने गरि खर्च गर्नु पर्दछ। पालिकाले सरसफाई कार्यमा उत्कृष्ट भएका विभिन्न ७६ टोल विकास सांस्था, कर्मचारी तथा सरसफाई अभियन्ताहरुलाई रु.३१६ पुरस्कार वितरण गरेको छ।यसरी पुरस्कार वितरण गर्दा छनौटको आधार र मापदण्डको सम्बन्धमा पालिकाले उल्लेख गरेको छैन निश्चित मापदण्डको आधारमा वितरण गर्नु पर्दछ।

३० **विज्ञापन वोर्ड कोष खाता कट्टी -** विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६कको उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको सञ्चार माध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने विलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन वापतको रकमको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१ को उपदफा २ख र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क को उपदफा ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था भएकोमा पालिकाले विभिन्न कार्यका लागि सूचना तथा विज्ञापन पत्रिका तथा सञ्चार माध्यम मार्फत प्रेशित गरी खर्च जनाएकोमा ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाएको देखिएन । पालिकाले आफ्नो स्वामित्वमा एफ एम संचालन गरे पनि यस वर्ष पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशनका लागि रु.७० लाख विनियोजन गरी रु.६९४९७६६.०० तथा पूंजिगत तर्फ निर्माण तथा खरिद कार्यको कन्टिन्जेन्सीबाट समेत सूचना प्रकाशनमा खर्च गरेकोमा उपरोक्त नियम अनुसार ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा जम्मा गर्नुका साथै पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन मितव्ययि रुपले गर्नु पर्दछ ।

३१ **विपासना केन्द्रलाई अनुदान -** स्थानीय सरकार सन्चालन ऐन, २०७४ मा सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी पुँजि निर्माण तथा विकास निर्माणमा खर्च गर्नुपर्नेमा पालिकाले **दाङ** स्थित विपासना केन्द्रलाई संचालन अनुदान भनि रु. ४०००००।०० खर्च लेखेको छ। यसरी विकास निर्माणमा खर्च नगरी अन्य संस्था अनुदानमा रकम वितरण गर्नु नियम सम्मत्त देखिएन रु.

| | |
| --- | --- |
| अनियमित भएको | ४,००,००० |

३२ **रासि स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई अनुदान -** आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम कार्यविधि, २०७८ मा आमा आमा तथा नवजात शिशु सुरक्षा सेवा प्रदान गर्ने स्वास्थ्य सांस्थाले पार्ने सुविधा सम्बन्धि उल्लेख छ । संघिय सरकारबाट उक्त सुविधा पाईरहेको अवस्थामा सुरक्षित मातृत्व कार्यक्रमलाई थप दक्ष जनशक्ति नियूक्त गरि सेवालाई व्यवस्थित र सहज बनाउने भनि रासि स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई गो भौ नं मिति ७८१।२०७९।९।१४ बाट रु.३०००००० अनुदान दिएको छ। यसरी उक्त प्रतिष्ठानसंग भएको सम्झौता बमोजिमको रकम भुक्तानी भईरेहेको अवस्थामा थप अनुदान दिनु नियम सम्मत्त देखिएन रु.

| | |
|---|---|
| अनियमित भएको | ३०,००,००० |

३३ **जरिवाना -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले निम्न अनुसारको विद्युत महशुल समयमा तिरि छुट पाउनु पर्नेमा सो नगरी विल भुक्तानीमा ढिलाई गर्दा जरिवाना तिर्नु परेको हुँदा पालिकालाई थप व्ययभार परेको छ। पालिकाले बिद्युत महशुलमा छुट प्राप्त हुने गरि व्यवस्थापन गर्नु पर्दछ।

| भौ नं. मिति | भुक्तानी रु. |
|---|---|
| ४८८।०७९।८।१२ | १०६९०२ |
| ५५३।०७९।८।१९ | ४००० |
| ५८७।०७९।८।२३ | २२४४ |
| १८८८।०८०।१।२१ | ४३४०० |
| २५३१।०८०।३।२० | १८१८२ |
| जम्मा | १७४७२८ |

३४ **निजी सवारी मर्मत -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेहखु अघि त्यस्तो रकम खर्च वा भुक्तानी गर्न दिन रित पुगे नपुगेको जाँच गरि भुक्तानी दिनु पर्दछ। साथै निजी सवारी मर्मत गर्नुपर्ने व्यवस्था रहेको देखीदैन। नमुना छनौटको आधारमा परिक्षण गर्दा पालिकाले निर्णय गरि प्रविधिक हरुको निजि मोटरसाईकल मर्मतमा निम्न अनुसारको रकम खर्च लेखेको छ। यसरी निजी सवारी मर्मत गरि खर्च भएको रकम नियम सम्मत देखिएन रु.

| भौ नं मिति | सवारी नं. | रकम रु. |
|---|---|---|
| १७९५।१। | रा ६ प ६४१७ | १०११० |
| | रा ५ प ६१६५ | ३६२० |
| | रा ५ प ७७७ | १००७८ |
| | रा ६ प ३५१ | ९९९० |
| २२९४।३।३ | ०२००१ प ३८०४ | ४२१० |
| | रा ६ प ९९०४ | ४९६० |
| | बा ६३ प २८५६ | १६५५० |
| | बा ९१ प ८८१५ | १०००० |
| २७३२।३।३२ | रा ६ प ४२२२ | ५८१० |
| | रा ४ प ३०७२ | ३०१० |

| | | |
|---|---|---|
| | लु ८४ प २११९ | १००३० |
| | रा २ प ९१९६ | ९४६० |
| | रा ६ प २५२५ | ५९१० |
| २७७१।३।२३ | रा ६ प ६६९० | ५९५० |
| २७४०।३।२३ | प्र ३- ०२ ०० ८ प ८४ | ९८६० |
| | रा ५ प ६१६५ | ४७९० |
| | भे ३ प ६३०९ | १००१० |
| | रा ३ प ८९९२ | ५०१० |
| | रा ५ प ४७५२ | १०२५० |
| | रा ३ प ९७९७ | १०११० |
| जम्मा | | १५९७१८ |

| | |
|---|---|
| अनियमित भएको | १,५९,७१८ |

३५ **नगर नमुना विधालय संचालन -** आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ। पालिकाले भौ नं २७०३।३।२३ बाट नगर नमुना विद्यालय संचालनका लागि २० वटा विद्यालयलाई १ लाखको दरले रु.२० लाख भुक्तानी दिएकोमा उक्त खर्च प्रमाणित हुने गरि विल भरपाई राखेको देखिएन खर्चको विल भरपाई पेश हुनु पर्दछ रु.

| सि नं | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्री आधारभूत विद्यालय सिमलतारा | १००००० |
| २ | श्री गौरी बबइ प्राथमिक विद्यालय निमुरिया | १००००० |
| ३ | श्री सरयू आधारभूत विद्यालय भैसकुर्मा | १००००० |
| ४ | श्री आधारभूत विद्यालय सुनपुर | १००००० |
| ५ | श्री महेन्द्र आधारभूत विद्यालय दलजितपुर | १००००० |
| ६ | श्री जनकल्याण प्राथमिक विद्यालय लखुवार | १००००० |
| ७ | श्री माता पवित्रादेवि सांगवेद संस्कृत आ वि | १००००० |
| ८ | श्री रात्री प्राथमिक विद्यालय शुक्रवार | १००००० |
| ९ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय दुन्द्रा | १००००० |
| १० | श्री प्राथमिक विद्यालय मकुन्डाँडा अस्परी | १००००० |
| ११ | श्री नवोदय बालकल्याण आधारभूत विद्यालय द अ | १००००० |

| | | |
|---|---|---|
| १२ | श्री प्राथमिक विद्यालय हापुर शिवपुर | १००००० |
| १३ | श्री मा वि हापुर रतनपुर | १००००० |
| १४ | श्री बाराहक्षेत्र माध्यमिक विद्यालय सेवार बनगाउँ | १००००० |
| १५ | श्री बालविकास मा वि | १००००० |
| १६ | श्री सरस्वती मा वि काठेकोल | १००००० |
| १७ | श्री प्राथमिक विद्यालय सानीअम्बापुर सर्रा | १००००० |
| १८ | श्री प्रा वि भैसाही | १००००० |
| १९ | श्री अम्बिकेश्वरी आ वि वेलघारी | १००००० |
| २० | श्री भगवती मा वि होडवाङ सैघा | १००००० |
| | जम्मा | २०००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,००,००० |

३६ **कुकुर बन्ध्याकरण -** कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ को दफा ४ अनुसार कार्यक्रम संचालन गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यक्रम संचालन गर्ने संस्थाको मूल्यांकन गरी छनौट गर्नु पर्ने, रोग सम्बन्धमा जनचेतना अभिवृद्धि गर्न सूचनामूलक सामाग्री तयार गरी वित्तरण गर्नु पर्ने, कार्यक्रममा सामुदायिक पोथी कुकरको मात्र बन्ध्याकरण गरिने र दफा ६ मा प्रति कुकुर रु.२०००।०० का दरले बजेट उपलब्ध गराउने तथा सो भन्दा थप आवश्यक पर्ने रकम साझेदारले व्यहोर्नु पर्ने उल्लेख छ ।पालिकाले गो भौ नं मिति १२३७,१४४४, १८०० बाट १७६ भाले कुकुर बन्ध्याकरण तथा एन्टिरेविज खोप लगाई रु.९४५०० खर्च लेखेको पाईयो । कार्यविधि अनुसार पोथि कुकुरको मात्र बन्ध्याकरण गर्नु पर्नेमा भाले कुकुरको बन्ध्याकारण गरेकोले कार्यविधि पालना भएको देखिएकोले नियम सम्मत देखिएन रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९४,५०० |

३७ **अन्य कार्यालयको खर्च -** नेपाल सरकारले प्रत्येक मन्त्रालयको कार्यभार, दरबन्दी तथा कार्य प्रकृति अनुसार बजेट विनियोजन गरी खर्चको अख्तियारी समेत प्रदान गरेको हुन्छ।जस अनुसार एक कार्यालयले अर्को कार्यालयको खर्च व्यहोर्नु उचित देखिदैन। नमुना छनौटको रुपमा परिक्षण गर्दा पालिकाले निम्न कार्यहरुको खर्च भुक्तानी दिएको छ। यसरी अन्य कार्यालयको खर्च पालिकाले भुक्तानी दिनु नियम सम्मत्त देखिएन रु.

| भौ नं. मिति | शिर्षक | भुक्तानी लिने | रकम रु. |
|---|---|---|---|
| ११२।६।६ | सवारी मर्मत नं १ झ १३५५ | वडा प्रहरी कार्यालय दाङ घोराही | ३३४६१० |
| ३४४।७।३ | सवारी मर्मत तथा ईन्धन | ईलाका प्रहरी कार्यालय नरायणपुर | २९९९८ |
| १६०५।१२।२१ | ईन्टरनेट जडान | प्रहरी चौकी शिवपुर | ११७९९ |
| ५६१।८।२० | रेलिङ्ग निर्माण | जिल्ला ट्राफिक कार्यालय परिसर | १४९८०१ |

| | | | |
|---|---|---|---|
| ६६०।९।७ | फर्निचर | जिल्ला प्रहरी कार्यालय | ४०००० |
| २४६८।३।१९ | फर्निचर | नेपाल मगर संघ | ५०००० |
| ४०।६।७ | कम्पुटर हस्तान्त्रण | जिल्ला प्रहरी कार्यालय | ९९९९९ |
| ६६७।९।८ | फर्निचर | नेपाल मगर संघ | ६०००० |
| १००४।१०।१२ | संचालन खर्च | अस्थाई प्रहरी चौकी दलजितपुर | ३०२१५ |
| १९६२।१।२८ | ईन्धन | रामपुर प्रहरी चौकी | ३०००० |
| २६३०।३।२२ | ईन्धन | रामपुर प्रहरी चौकी | ५०००० |
| २३३८।३।६ | घरभाडा | प्रहरी चौकी दलजितपुर | २०००० |
| | जम्मा | | ९०६४२२ |

| | |
|---|---|
| अनियमित भएको | ९,०६,४२२ |

३८ **छात्रबृति -** पालिकाले ईन्जिनियरिङ्ग र चिकित्साशास्त्रमा उच्च शिक्षा अध्ययन गर्ने कार्यको लागि चिकित्साशास्त्रमा अनु शर्मालाई ५००००० र ईन्जिनियरिङ्गमा सृष्टि अधिकारीलाई रु.३००००० गरि रु.८००००० छात्राबृति दिएकोमा सोको सूचना प्रकाशन, छनौटको आधार लेखापरिछणमा पेश भएन । जसले गर्दा प्रतिस्पर्धि तथा पारदर्शि भएको हो भनि यकिन गर्न सकिएन। यससम्बन्धमा कार्यालयको ध्यान जानुपर्दछ ।

३९ **वितरणमुखी कार्यक्रम -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ । यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्।

| भौ नं मिति | विवरण | रकम |
|---|---|---|
| ७९९।९।१७ | वडा नं ५ मा जेष्ठ नागरिकलाई कम्बल वितरण २२ थान | ४०००० |
| १०९८।१०।२२ | वडा नं ८ मा विधार्थिहरुलाई शैक्षिक सामाग्री वितरण | ३००००० |
| १२०२।११।२२ | वडा नं १ मा खेलकुद सामाग्री वितरण | २००००० |
| १३७३।११।२८ | वडा नं १२ मा जेष्ठ नागरिकलाई दोशाला सम्मान कार्यक्रम | १२५००० |
| १५५९।१२।१६ | वडा नं ३ मा जेष्ठ नागरिकलाई कम्बल वितरण | १००००० |
| १७७८।१।११ | वडा नं १० मा जेष्ठ नागरिकलाई च्यामनप्रस वितरण | १००००० |
| २१९५।२।२५ | वडा नं ४ मा विपन्न बालबालिकालाई शैक्षिक सामाग्री वितरण | २००००० |

| | | |
|---|---|---|
| २२३३।२।२८ | विभिन्न बालविकासका लागि सामाग्री वितरण | ६९४९५० |
| २४४८।३।१८ | वडा नं १७ मा खेलकुद सामाग्री वितरण | ९९००० |
| ४५७।७।३० | सीटि स्पोर्ट लाई खेलकुद सामाग्री वितरण | ४०२०० |
| ६७७।९।८ | जेष्ठजनगरिकलाई ब्लाङकेट तथा लठ्ठी वितरण | १००००० |
| २३११।३।४ | दाङ क्रिकेट संघलाई खेलकुद सामाग्रीका लागि | ४००००० |
| ७४४।९।१३ | विपन्न जेष्ठनागरिकलाई न्यानो कपडा स्वीटर ज्याकेट | ४९९७५ |
| ८४९।९।२४ | वडा नं ७ माविपन्न बालबालिकाहरुलाई शैक्षिक सामाग्री वितरण | ८०००० |
| ९४९।९।१३ | वडा नं ४ मा जेष्ठनागरिकलाई बल्याङकेट वितरण | २००००० |
| ९८७।१०।१२ | वडा नं १६ मा जेष्ठनागरिकलाई ब्लाङकेट वितरण | १००००० |
| १००७।१०।१२ | वडा नं ३ मा रहेका फुटबल एकेडेमिहरुलाई खेलकुद सामाग्री वितरण | ७५००० |
| ४४४।७।२८ | आपाङ्गलाई साहायक सामाग्री वितरण | ३००००० |
| ९४७।१०।९ | २०० पिस सर्टपाईन्ट खरिद गरि सरस्वति मा विलाई हस्तान्त्रण | २४०००० |
| १८३३।१।१७ | रेउघाली सामाजलाई कुर्सि दराज | ३०००० |

४० **कार्यसम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले निर्माण कार्यको विल भुक्तानी गर्दा प्राविधिकले तयार गरेको नापि कितावको आधारमा तयार गरेको कार्यस्वीकार प्रतिवेदनको आधारमा रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं मिति ९१६।१०।३ बाट रु.९६८२३३ को २९०९ बर्ग मिटर तारजाली खरिद गरेकोमा उक्त तारजाली के काहा प्रयोग भयो सोको लागत अनुमान स्वीकृत, स्पेसिफिकेसनको प्रविधिक नाप जाँच गरि कार्य सम्पन्न प्रतिवेदन बेगर रकम भुक्तानी गरेको हुदा उक्त कार्यको कार्य स्वीकार प्रतिवेदन तथा कार्य सम्पन्न भए नभएको अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,६८,२३३ |

४१ **ईन्टरनेट जडान -** सार्वजनिकखरिद ऐन, २०६३को दफ ८(२) मा प्रतिस्पर्धा सिमित हहुने गरि टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ ।त्यसतै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्बजनिक निकायले बार्षिक १० लाख भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा बार्षिक खरिद योजना तयार गरी खरिद गर्नु पर्ने साथै नियम ३१ अनुसार सार्बजनिक निकायले २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको खरिद कार्य गर्दा खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले पालिका र वडा कार्यालयको मात्र ईन्टरनेट जडान तथा संचालन कार्यको लागिवर्डलिङ्क कम्यूनिकेसन प्रा ली लाई रु.१८७३९९२ भुक्तानी गरेकोमा प्रतिस्पर्धात्मक खरिद विधि अपनाएको देखिएन। पालिका अन्तरगत, स्वास्थ्य संस्थाहरु, आयूर्वेद केन्द्र, वडा कार्यालय र पालिका केन्द्रमा समेत प्रतिस्पर्धि खरिद विधि पुरा गरि खरिद गर्नु पर्दछ। यस सम्बन्धमा कार्यालयको ध्यानाकर्षण हुनुपर्दछ।

४२ **भू वहाल -**

४२.१ सम्झौतामा उल्लेख भएक अनुसार बहाल वापतको रकम दुई किस्तामा बुझार्नु पर्नेछ। पहिलो किस्ता पुष मसान्तमा र दोश्रो किस्ता आसाढ मसान्तमा बुझाउनु पर्नेछ। नबुझाएमा २ प्रतिशतका दरले हर्जाना लाग्ने उल्लेख छ । अटोटाउन समितिले वहाल वापतको रकम बुझाउदा समयमा नबुझाई ढीला बुझाएको देखिन्छ। पालिकाले समयमै रकम दाखिला गर्न लगाउने तर्फ पहल गर्नु पर्दछ अन्यथा हर्जाना लागाई सो समेत असुल गर्नु पर्दछ।

४२.२ प्यूठान जिल्ला स्थित श्री स्वर्गद्वारी आश्रम(प्रथम पक्ष), घोराही उप महानगरपालिका दङ(दोश्रो पक्ष) र घोराही अटोटाउन समिति(तेश्रो पक्ष) विच स्वर्गद्वारी आश्रमको निम्न बमोजिमको जग्गा अटोटाउन समितिले प्रयोगमा लगाउने र उक्त कार्यको मध्यथता घोराही उपमहानगरले गर्ने जग्गा प्रयोग गरे वापत बार्षिक तोकिएको भाडा रकमको ४१.६७ प्रतिशत पहिलो पक्षले,३५ प्रतिशत दोश्रो पक्षले र २३.३३ प्रतिशत तेश्रो पक्षमा बाँडफाँड हुने गरि ४-७-० (चार विगहा सात कठा) मिति २०७४।१२।७ मा र २-७-७.५(२ विगह सात कठा सात दशमलव पाच धुर) को मिति २०७०।११।१४ मा सम्झौता भएको देखिन्छ। सम्झौता बमोजिम अटोटाउन समितिले स्वर्गद्वारी आश्रमको भागको रकम घोराही नगरपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गर्ने र घोराही नगरपालिकाले उक्त रकम स्वर्गद्वारी आश्रमलाई भुक्तानी गर्नु पर्ने उल्लेख छ। पछी अटोटाउन समितिले सम्झौता अनुसारको जग्गा कम भएको भनि तिन वटै पक्षको उपस्थितिमा नाप जाँच गराई ४-७-० (चार विगहा सात कठा) भएको जग्गा ३-५-१२.५ (३ विगह ५ कठा १२ दशमलव पाच धुर) कायम भएको छ। जस अनुसार हाल सम्म कूल रु.१११४७११२.५ हुन आउछ। जसमध्ये पालिकाले ३५ प्रतिशतले रु.३९०१४८९.३४ र सम्झौता बमोजिम आश्रमले पाउने ४१.६७ प्रतिशतले रु.४६४५००१.७८ गरि रु.८५४६४९१.११ मध्ये अटोटाउन समितिले विभिन्न मितिमा रु.८५१०७७१ पालिकाको आन्तरिक राजस्व खातामा दाखिला गरेको देखिन्छ। नपुग रु.३५७००.१५ अटो टाउन समितिसंग असुल गर्नु पर्दछ रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,७०० |

४३ **गैर सरकारी संस्थाबाट कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण सवलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी सांस्था बाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा मात्र गैरसरकारी संस्थाबाट काम गराउन सकिने व्यवस्था छ । सो विपरित कार्यालयले नियमित कार्य प्रकृतिका कार्यक्रम पनि गैर सरकारी संस्थाबाट गराएको पाइयो । कार्यालयको आफ्नो विषयगत शाखा र उपलव्ध जनशक्तिले सम्पन्न गर्न सक्ने काम गैह्र सरकारी संस्था संग गराउन नहुनेमा चालु प्रकृतिका कार्य गैसस मार्फत गराएको । गैससले गरेको निम्नानुसारको काममा मितव्ययीता नभएको, गर्नुपर्ने काम पूर्णत नगरी विलमात्र राखेको, गैर सरकारी संस्थाबाट काम गराउदा खरिद प्रक्रिया वेगर एउटै फर्मबाट पटक पटक कार्यक्रम संचालन गरेको तथा ऐन विपरित कार्य गराई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| गौ न मिति | कार्यक्रम | सस्थाको नाम | रकम रु. |
|---|---|---|---|
| ७८५।९।१४ | लागु पदार्थ दुर्व्यसन विरुद्ध | निर्णय | ५०००० |
| २४२१।३।१२ | लागु पदार्थ दुर्व्यसन विरुद्ध | निर्णय | १४९७०० |
| २४३१।३।१२ | लागुऔषध सम्बन्धि अभिमुखिकरण | राईजिङ्ग पुनःस्थापना केन्द्र | ५०००० |
| ९९६।१०।१२ | थारु भाषामा पत्रकारीता तालिम | थारु पत्रकार महासंघ | १९९६०० |
| ४४४।७।२८ | आपाङ्गलाई सहायक सामाग्री वितरण | नेपाल आपाङ्ग संघ खगेन्द्र नवजिवन केन्द्र | ३००००० |

| | | | |
|---|---|---|---|
| १६२४।१२।२३ | महिला हिंसा विरुद्ध | महिला जेसिस घोराही दाङ | १००००० |
| ५७७।८।२१ | नगर स्तरिय बार्षिक तथा त्रैमासिक सुनुवाई | थारु पत्रकार संघ नेपाल | १००००० |
| ७४१।९।१३ | नेत्रित्व विकास कार्यक्रम | नेपाल मगर संघ | ५०००० |
| १०८५।१०।२० | स्वास्थ्य संस्था सुधार कार्यक्रम | सामाज कल्याण केन्द्र नेपाल | ५००००० |
| ११८६।११।८ | बासंको मुडा बनाउने कार्यक्रम | सुधार सामाजिक उद्यमी महिला सहकारी सांस्था | ५०००० |
| २२१२।२।२६ | काष्ठकला सम्बन्धि पुनर्ताजगि | दाङ हस्तकला संघ | ४००००० |
| १२२३। | फलफूल उत्पादन तथा लखन पार्क व्यवस्थापन | नेपाल मगर संघ | १५०००० |
| १३१७।११।२१ | आपाङ्गहरुको लागि कार्यक्रम तथा पुन स्थापना | नेपाल आपाङ्ग संघ खगेन्द्र नवजिवन केन्द्र | ४००००० |
| २१६७।२।२३ | महिला उद्यमशिल्ता | चेतना जागरण महिला विकास बचत तथा ऋण सहकारी सांस्था | १२५००० |
| १३३१।११।२२ | परम्परागत खोज अनुसन्धान | सांस्कृतिक संरक्षण प्रबर्द्धन तथा अनुसन्धान केन्द्र घोराही | ९७२७५ |
| १५०६।१२।१२ | लागु औषध विरुद्ध जनचेतना | निर्णय | ९९४०० |
| २०४५।२।८ | लागु औषध विरुद्ध जनचेतना | लागु औषध विरुद्ध जनचेतना | ४०००० |
| १५४६।१२।१६ | लागु औषध विरुद्ध जनचेतना | निर्णय | ६०००० |
| १७७०।१।११ | आपाङ्ग सम्बन्धि कार्यक्रम | नेपाल आपाङ्ग संघ खगेन्द्र नवजिवन केन्द्र | ७५००० |
| २१६७।२।१३ | महिला उद्यमि ३० दिने तालिम | महिला विकास तथा ऋण सहकारी संस्था | १२५००० |
| जम्मा | | | २०६०९७५ |

| | |
|---|---|
| अनियमित भएको | २०,६०,९७५ |

४४ **अनुदान -** पालिकाले तर्जुमा गरेको कृषि विकास कार्यक्रम संचालन कार्य निर्देशिका, २०७५ को मुल विउ तथा उन्नत विउ वितरण, निजि तरकारी नर्सरी स्थापन, आलुको विउमा अनुदान, तथा औषधिहरुमा ५० प्रतिशत अनुदान दिने भनि उल्लेख छ। पालिकाले उक्त कार्यविधिको पालना नगरि कृषकहरुलाई शत प्रतिशत अनुदान दिएको देखिएकोले कार्यविधि विपरित भुक्तानी नियम सम्मत्त देखिएन रु.

| भौ नं मिति | विवरण | दिनुपर्ने ५०% | दिएको रु | बढी रु |
|---|---|---|---|---|
| ६६१।९।७ | वडा नं १४ मा तरकारीको विउ वितरण प्याज, फूल गोभि तथा बन्दा | ३०००० | ६०००० | ३०००० |
| ८८२।९।२८ | कार्डिनल आलुको विउ वितरण वडा नं १७ मा ४२ जनालाई | १६६१७५.५ | ३३२३५१ | १६६१७५.५ |
| ८७०।९।२६ | मिनरल ब्लक वितरण | ९८१७२.५ | १९६३४५ | ९८१७२.५ |
| ८७२।९।२६ | पशुकोलागि औषधि वितरण वडा नं ७ मा | ९७७८५.५ | १९५५७१ | ९७७८५.५ |

| | | | | |
|---|---|---|---|---|
| १३४१।११।२२ | वडा नं १ मा १६६ जनालाई बैमौसमि तरकारी को विउ वितरण | १५०००० | ३००००० | १५०००० |
| १५२३।१२।१४ | ४ वटा वडामा अदुवाको विउ वितरण | ४८७५० | ९७५०० | ४८७५० |
| १५५६।१२। | जै घाँसको विउ वितरण | ९०००० | १८०००० | ९०००० |
| २०११।२।२ | बाखा उत्पादनकोलागि खनिज वितरण वडा नं ६ | १००००० | २००००० | १००००० |
| | जम्मा | | | ७८०८८४ |

| | |
|---|---|
| अनियमित भएको | ७,८०,८८४ |

४५ **नगर निर्मित ताल -** पालिकाले भिभिन्न स्थानमा ताल निर्माण गरेको र ति तालहरुमा यस वर्ष रु.१००००० माछाको भुर्राहरु खरिद गरि ५ वटा टोल विकास संस्थाहरुलाई वितरण गरेको देखिन्छ। तर कति ठाउँमा ताल निर्माण भएको हो । माछा बिक्रबाट कती आम्दानी भएको हो सोको अभिलेख राखेको तथा राजस्व प्रप्त गरेको देखिएन। पालिकाले तालहरुलाई उचित व्यवस्थापन गरि राजस्वको राजस्व प्राप्त गर्नुपर्ने देखिन्छ।

४६ **बोयर बोका खरिद -** पालिकाले लेखाली बाखा फर्मबाट रु.२७१६०८ मा ७ गोटा ७५ प्रतिशत बोयर बोका खरिद गरि विभिन्न ७ वटा बाखा फर्म तथा कृषक फर्मलाई वितरण गरेको छ। यसरी बोका खरिद गरि वितरण गर्दा स्वास्थ्य अवस्थाको प्रमाण पत्र, जन्मदर्ता, विमा तथा बोयर बोका ७५ प्रतशत हो भनि प्रमाण पेश गरेको छैन । साथै अनुगमन तथा प्रगति प्रतिवेदन पेश भएन उपरोक्त अनुसारको प्रमाण पेश गर्नु पर्दछ।

४७ **आकास्मिक बाली संरक्षण –** बालि नालीमा आकास्मिक रुपले रोगव्याधि तथा किराहरु लागेमा सोको जाँच तथा परिक्षण गरि उपचार सम्बन्धि प्रकृया अपनाउनु पर्दछ। आकास्मिक बाली संरक्षणमा विनियोजन भएको रकमबाट आकास्मिक रोग नलागेको अवस्थामै किसानहरुलाई विषादि खरिद गरि निम्नानुसार वितरण गरेको छ। यसरी आकास्मिक रुपले रोग नलागेको अवस्थामा बजेट सक्ने उदेश्यले विषादि खरिद गरि विरतण गरेको कार्यमा नियन्त्रण गर्नु पर्दछ।

| भौ नं मिति | विवरण | रकम रु. |
|---|---|---|
| २८८।६।३० | निशुल्क ६ प्रकारको किट्नाषक औषधि खरिद गरि ५७७ जना किसानहरुलाई वितरण | १००००० |
| ८३६।९।२२ | निशुल्क ७ प्रकारको किट्नाषक औषधि खरिद तथा वितरण | १००००० |
| २६२२।३।२२ | किटनाषक औषधि खरिद तथा वितरण | १००००० |
| | जम्मा | ३००००० |

४८ **छपाई -** सार्वजनिकखरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हहुने गरि टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ ।त्यसतै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्बजनिक निकायले बार्षिक १० लाख भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा बार्षिक खरिद योजना तयार गरी खरिद गर्नु पर्ने साथै नियम ३१ अनुसार सार्बजनिक निकायले २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको खरिद कार्य गर्दा खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले खरिद ऐन तथा नियमावलीको व्यवस्था विपरित हुने गरि निम्न अनुसारको खरिद कार्य गरि भुक्तानी गरेको छ। प्रतिस्पर्धि खरिद विधि पुरा गरि खरिद गर्नु पर्दछ। पालिकाले यस तर्फ ध्यान

दिनुपर्दछ ।

| गो भौ नं. मिति | खरिद विवरण | साप्लायर्स | रकम रु. |
|---|---|---|---|
| २०२५।२।७ | लेटर प्याड, योजना हस्तान्तरण फारम , सार्वजनिक परीक्षण लगायत छपाई | जि सी सप्लायर्स | ९९०४३४ |
| २१५०।२।२२ | बहीरङ्ग रजिस्टर खोप रजिस्टर ए एन सी रजिष्टर छपाई | मध्यपश्चिमाञ्चल सप्लायर्स | ४५२५६५ |
| २६१९।३।२२ | खाम, लेटर प्याड तथा जेष्ठ नागरिक उपचारकार्ड छपाई | प्रसन्ना साप्लायर्स घोराही | ५२४८८५ |
| | जम्मा | | १९६७८८४ |

४९ **लघु उद्यम कार्यक्रम -** पालिकाले गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम (मेड्पा कार्यक्रम) अन्तर्गत उद्यमशिलता विकासका लागि बेसिक तथा एडभान्स किसिमका विभिन्न लघु उद्यम विकास तालिम सञ्चालन तथा प्रविधि हस्तान्तरण गरेको देखिएका व्यहोराहरु निम्न छन् ।

४९.१ गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार सम्भाव्य उद्यमीहरुलाई २० देखि २५ जनाको लक्षित समुह छनौट गरी तालिम सञ्चालन गर्नुपर्दछ । पालिकाले मेडपा तालिम सञ्चालनको लागि सहभागी छनौट गर्दा निर्देशिकामा व्यवस्था भए बमोजिम छनौट गरेको पाइएन । सोही निर्देशिकाको दफा ३९ मा विभिन्न लघु उद्यम विकास तालिम सञ्चालन गर्दा तालिमबाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी सो वस्तु प्रशिक्षण अवधी भित्रै परल मुल्यको ५० प्रतिशत छुट मुल्यमा सहभागीलाई नै बिक्री गरी लागत सहभागीतालाई प्राथमिकता दिनुपर्नेमा सो अनुसार (कस्ट सेयरीङ्ग) भए गरेको पाइएन । पालिकाले यस कार्यक्रम अन्तर्गत विभिन्न तालिम सञ्चालनको क्रममा उत्पादन भएका सामग्रीहरु निर्देशिकामा व्यवस्था भए बमोजिम व्यवस्थीत अभिलेख गरी सो वस्तुहरुको लिलाम बिक्री गरी सो बाट प्राप्त रकम राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

४९.२ गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ५८ मा स्थानिय तहले अनूसूची १६ बमोजिम उपयुक्त सूचकहरु तयार गरी कार्यक्रमको प्रभावकारीको अनुगमन तथा मूल्याङ्कन गर्ने र अनुगमन प्रतिवेदन पेश गर्ने उल्लेख छ । यस पालिकाबाट सोको अनुगमन प्रतिवेदन लेखापरीक्षणमा पेश भएन ।

४९.३ गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम उद्यमीलाई उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलब्ध गराईनेछ । उपलब्ध गराइने प्रविधिको कुल लागतको कम्तीमा २० प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोमा कार्यालयले उद्यमीहरुलाई रु.४४४९०० बराबरको प्रविधि हस्तान्तरण वापत रकम भुक्तानी गरेकोमा उद्यमीहरुलेले २०% ले हुने रु.१११२२५ योगदान गर्नुपर्नेमा योगदान नभएको नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,११,२२५ |

४९.४ अन्य व्यहोराहरु -

- कार्यक्रमको भुक्तानी सम्बन्धित पार्टिहरु, प्रशिक्षकहरुलाई नभई कार्यक्रम संयोजकलाई भएको छ।
- पुनर्ताजगीतालिममापुरानोसहभागीवाउद्यमीभएकोनखुलेको ।
- प्रशिक्षकको कन्टेन्ट र प्रस्ताव नभएको ।
- वितरण गर्नुपर्ने सामाग्रीहरु दाखिला वेगर वितरण गरेको ।

- गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम कार्यक्रमको लागि आवश्यक्ता पहिचान गरी कार्यक्रम गर्नुपर्नेमा आवश्यक्ता पहिचान गरेको देखिएन।
- कार्यक्रम खर्चमा अधिकांश प्यान विल र भरपाई संलग्न गरेको पाईयो।
- प्रगति प्रतिवेदन तयार नगरेको, स्रेस्ता तथा अभिलेख व्यवस्थित नराखेको ।
- गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका लागि उद्यम सहजकर्ता नियुक्त भएकोमा पालिकाले उद्यम सहजकर्तालाई उद्यम सम्बन्धी कार्यक्रम संचालन गर्ने जिम्म्वारी दिंदा कार्यक्रमको अनुगमन प्रभावकारी नभएकोले यस तर्फ पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

५० **दोहोरो खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्रलाई गौ.भौ.नं. १७०।२०७९।११।१५ बाट रु. ५००००० भुक्तानी दिएकोमा उक्त केन्द्रले विभिन्न तालिमहरु सञ्चालन गर्दा सहभागीलाई आवासीय तालिमको व्यवस्था गरेकोमा पुन: दैनिक यातायात भत्ता वापत रु. १२६००० खर्च लेखु नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,२६,००० |

५१ **प्रमाण पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने व्यवस्था छ।पालिकाले देहाय बमोजिमका शीर्षकमा भएको खर्च भएको पुष्टि गर्ने आवश्यक प्रमाण कागजातहरु संलग्न नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | कार्यक्रमको नाम | भुक्तानी पाउने | भुक्तानी रु. | कै |
|---|---|---|---|---|
| २४।२०८०।२।२२ | संगीत तथा खेलकुद सामाग्री व्यवस्थापन | वाल विकास मा.वि. घोराही | २००००० | दाखिला तथा वितरण प्रतिवेदन नभएको |
| ८।२०७९।११।२६ | होडिङ्ग बोर्ड खरिद | स्वस्तिक एडभरटाइजिङ्ग | ४९३३८ | दाखिला तथा जडान प्रतिवेदन नभएको |
| २५।२०८०।२।२७ | डस्टविन खरिद | दुर्गा प्लास्टिक हाउस | ५४०००० | वितरण भरपाई नभएको |
| जम्मा | | | ७८९३३८ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,८९,३३८ |

५२ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप

लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन ।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रकादेहायबमोजिमका योजनाहरुमा सञ्चालन गरी रकम खर्च भएको पाईयो । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन।

| सि नं | योजनाको नाम | वडा नं | बजेट रु | खर्च रु | कामदार संख्या | प्रतिदिन रोजगारी |
|---|---|---|---|---|---|---|
| १ | हर्नोक बालाजुरे सडक नाला तथा तारजाली लगाउने काम | १ | ५३००० | ५१९३० | ५ | १८ |
| २ | अठ्ठाईसे पश्चिम गल्ली नाला निर्माण | १ | ३०६००० | ३०६००० | ८ | ६६ |
| ३ | हर्नोक जाल्पादेवी मन्दिर जाने बाटो निर्माण | १ | १००००० | ६६९९७ | ५ | २३ |
| ४ | साजखुट्टी देखी सार्की तारासम्म बाटो मर्मत | ३ | ६२९००० | ५३१६६९ | ११ | ८४ |
| ५ | रनघराभित्रि गाउँमा बाटो विस्तार | ३ | ३००००० | २६४२९६ | ७ | ६५ |
| ६ | रनघरादेखी चमेरे गुफा हुदैं ठुलो ढुङ्गा जोड्ने बाटो मर्मत तथा विस्तार | ३ | ३००००० | ३००००० | १० | ५२ |
| ७ | बाईसे दोवान चौपारी निर्माण | ५ | ५४००० | ५४००० | ३ | ३१ |
| ८ | डागी गाउ देखी रज्जेम त्रामे सडक तारजाली तथा नाला निर्माण | ५ | १३०००० | १३०००० | ६ | ३८ |
| ९ | घोराही ११ का विभिन्न सडकहरु तथा विद्यालयहरुमा झाडी र नाला सरसफाई | ११ | १००००० | ९८०२८ | ५ | ३४ |
| १० | बाँसगजेरीदेखी काप्रेदह सम्म बाटो मर्मत | ११ | २००००० | २००००० | ७ | ५० |
| ११ | पालुथान टोल विकास संस्थादेखी काप्रेदहसम्म बाटो मर्मत | ११ | १००००० | १००००० | ५ | ३५ |
| १२ | खुमकोटदेखी चाचलासम्म बाटो मर्मत | ११ | १००००० | ९८०९० | १७ | १० |
| १३ | घोराही ११ चाँचलादेखी हात्तीसूर्यसम्म बाटो मर्मत | ११ | ६००००० | ५९८३४९ | १७ | ६१ |
| १४ | बोटानिकल गार्डेनमा सरसफाई | ११ | ५०००० | ५०००० | ७ | १२ |
| १५ | डाडागाउ वडा कार्यालय हुदै पेदा बसपार्क जाने बाटो मर्मत | १२ | १८२५०० | १८२२३२ | ७ | ४५ |
| १६ | सेवार वरैया देखी लाहुरे डाडा सम्मको पक्की नाला सफाई | १२ | २०००० | १९६१८ | २ | १७ |
| १७ | वनगाउ पश्चिमवारीको अधुरो बाटोलाई निरन्तरता दिने | १२ | ३०००० | ३०००० | २ | २६ |
| १८ | गुरुवा घरेली देखी सेवार खोला शवदाह स्थल जाने बाटो मर्मत तथा नाला निर्माण | १३ | ६०००० | ६०००० | २ | ५२ |
| १९ | रासी इन्जिनियरिङ खानेपानी टंकीदेखी तल अटोभिलेज ख लाईनमा ढक्कन सहित पक्की नाला निर्माण | १४ | १५०००० | १००९७५ | ४ | ४४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २० | १८ नं वडा कार्यालय परिसरभित्र क्यारी निर्माण तथा वृक्षारोपण | १८ | ७०००० | ५३६७६ | २ | ४७ |
| २१ | उल्टे कुलो निर्माण | १९ | १००००० | ९९२४४ | ४ | ४३ |
| २२ | अमेलिया रामझिम कल्भर्ट निर्माण | १९ | ५०००० | ३८४०६ | २ | ३३ |
| २३ | खोलिगाउ आकाशे पानी पोखरी निर्माण | १९ | १००००० | ७९२६७ | २ | ६९ |
| २४ | तिसाङ अधुरो चर्च भवन निर्माण | १९ | १००००० | १००००० | ४ | ४३ |
| २५ | पाँचपोखरी बाटो मर्मत | १९ | १००००० | ९९८४५ | ५ | ३५ |
| २६ | च्यानगैरा देखी छापसम्म अटो सडक निर्माण | १९ | १००००० | १००००० | ४ | ४३ |
| २७ | पाँचपोखरी शिव मन्दिर निर्माण | १९ | २००००० | १९८४८८ | ४ | ८६ |
| २८ | पाँचपोखरी चर्च भवन निर्माण | १९ | १५०००० | १४४१८२ | ७ | ३६ |
| २९ | त्रिशाङ बाटो मर्मत | १९ | १००००० | ९२१२३ | ५ | ३२ |
| ३० | थकालिकोट कुलो निर्माण | १९ | ५०००० | ५०००० | २ | ४३ |
| ३१ | बोल्दी बरखोला जुकेपानी बाटो निर्माण | १९ | २००००० | १९८४८८ | ४ | ८६ |
| ३२ | नया पानी प्रा.वि. लिथान अटो सडक निर्माण | १९ | १५०००० | १४३२४३ | ७ | ३५ |
| ३३ | लिथान खानेपानी ट्याङकी निर्माण | १९ | ७०००० | ६९४१० | ४ | ३० |
| ३४ | अमीलिया तल्लो बायालिकोट बाटो निर्माण | १९ | ५००००० | ४९९९१२ | ९ | ९६ |

- प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा,कार्यान्वयन,अनुगमन र मुल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि बेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परिचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ।
- निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको,दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित पालिका तथा नगरकार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वयन गरेको छैन । यसमा सुधार हुनुपर्दछ ।

५३ **समृद्धीका लागि वन -** नेपाल सरकार (संघीय सरकार) बाटवर्ल्ड बैकङ्को ट्रष्ट कोष अन्तर्गत वैदेशिक सोधभर्ना अनुदान तर्फ संस्थागत सुदृढिकरण तथा क्षमता अभिवृद्धि कम्पोनेन्टका लागि देहाय अनुसार क्रियाकलापका रु.११३७५२० खर्च भएको पाईयो ।

| खर्च शीर्षक | खर्च रु |
|---|---|
| कार्यालय सामाग्री तथा सवारी साधान ( डस्क्टप - १ , ल्याप्टप - १ , UPS - १ , AC – 1, स्कुटर — १ , प्रिन्टर — १ , कुर्सी — १ , टेबल — १ , दराज - १ ) | ८१५०६७ |
| वन प्राविधिकको पारिश्रमिक | २४९७५८ |
| तालिम सञ्चालन | ९९९००० |
| जम्मा | ११३७५२० |

५४ **विपन्न घरधुरीका लागी खरको छाना विस्थापित कार्यक्रम -** कार्यालयले विपन्न घरधुरीकालागी खरको छाना विस्थापपित गर्ने कार्यक्रम अन्तरगत लाभग्राहिले खरिद गरेका जस्तापाताहरुलाभग्राहीले प्रयोग गरि घर निर्माण कार्य सम्पन्न भएको हुनु पर्दछ। पालिकाले विगत वर्ष देखिनै गरिब एवं अति विपन्न परिवारको लागि फुसको छाना विस्थापन कार्यक्रम सञ्चालन गर्दै आएकोमा यसवर्ष सुरक्षित नागरिक आवास कार्यन्वयन कार्यविधी २०७६ लाई आधार मानि समानिकरण अनुदान अन्तर्गत देहायबमोजिमका लाभग्राहीलाई जस्तापाता खरिद वापत रकम भुक्तानी गरेको विवरण पेश गरेकोमा देखिएका व्यहोराहरु देखिएका छन् ।

| वडा नं | लाभग्राहीको संख्या | प्रथम किस्ता (रु ३०००० का दरले ) | दोस्रो किस्ताको (रु.२०००० का दरले) | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| ५ | २० | ६००००० | ४००००० | १०००००० | २० जनाले दुवै किस्ता लगेको |
| ७ | १० | | २००००० | २००००० | अघिल्लो आ.व. को दोस्रो किस्ता लगेको |
| ११ | २० | ६००००० | ३६०००० | ९६०००० | दोस्रो किस्ता १८ जना मात्र |
| १२ | ४० | १२००००० | ० | १२००००० | दोस्रो किस्ता नलिएको |
| १९ | २० | २०*५०००० | | १०००००० | दुवै किस्ता एकमुस्ट लगेको |
| १७ | २ | ६५८२६ | | ६५८२६ | अघिल्लो आ.व. को एकमुस्ट भुक्तानी |
| जम्मा | ११२ | | | ४४२५८२६ | |

कुल ११२ परिवारलाई लाभग्राहि स्वयमले जस्तापाता खरिद गरेको बिल पेश गरेको आधारमा भुक्तानी दिएकोमा खरिद गरिएको जस्तापाताको गुणस्तर सम्बन्धमा एकिन गर्न सकिएन् । मागमा आधारित हुने यस किसिमको वितरणमुखी कार्य गर्दा खरका छाना भएका विपन्न परिवारहरुवाट माग संकलन तथा यथार्थता जाँच गरी परिमाण निर्धारण गरेर मात्र खरिद गर्नुपर्नेमा सो वेगर खरिद गरेको, वितरणको कार्यविधि तयार नगरेको, जस्तापाता ककसलाई वितरण गरे सोको अनुगमन मूल्यांकन नभएको, जस्तापाता पाउने व्यक्तिले सो भन्दा पहिले प्राप्त गरे नगरेको र वितरण गरेको जस्ता जडान भएको प्राविधक मूल्याङ्कन नगरेको यकिन नगरेको, अन्य निकायले पनि विपन्न आवास कार्यक्रममा घर निर्माण गर्ने गरेको देखिंदा जस्तापाता प्राप्त गर्ने व्यक्तिले सो लाभ प्राप्त गरे नगरेको यकिन गर्न अन्तर निकाय विच समन्वय गर्नुपर्नेमा सो समेत नगरी खर्च लेखेको छ । उक्त जस्ता विपन्न परिवारले जडान गरेको प्राविधिक प्रतिवेदन, नापी सहितको कार्यसम्पन्न र अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४४,२५,८२६ |

५५ **शिक्षा तर्फ -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

५५.१ **विद्यालयको अनुगमन नियमन व्यवस्था -** राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याकंन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन्।

· सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
· मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
· अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
· प्रतिवेदन सार्वजनिक गरेको छैन ।
· तसर्थ, पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

५५.२ **सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर -** कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

५५.३ **निजी विद्यालय व्यवस्थापन -** राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन् ।

· निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।
· मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
· निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।
· शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन ।
· अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।
· अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

५५.४ **शिक्षक तलब -** स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता निर्धारण गर्दा केन्द्रको च.नं. १८९ मिति २०७६।११।१२ को पत्र र केन्द्रको वेबसाईटमा प्रकासित विवरण अनुसार यकिन भएको दरबन्दीलाई शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार मिलान व्यवस्थान र अद्यावधिक गर्ने दरबन्दी मिलानबाट कायम भएको दरबन्दी, शिक्षक अनुदान कोटा(राहत), र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुकोलागि तलब नपुग भएमा केन्द्रमा माग गर्ने व्यवस्था छ। तर पालिकाले पालिका अन्तरगतका सामुदायिक

विद्यालयहरुका लागि करार शिक्षक नियुक्ति गरी आन्तरिक स्रोत साधनमा प्रत्यक्ष असर पुग्नेगरी वित्तिय सामानिकरणबाट तलब तथा भत्ता व्यवस्थापनमा वर्ष भरि रु.१५७११९६० खर्च गरेको छ। पालिकाले मातहत कार्यालयको चालू प्रकृतिको कार्यमा खर्च गर्नुको सट्टा दिर्घकालीन सुधारको लागि पूजिंगत प्रकृतिको कार्यमा खर्च गर्नुपर्दछ रु.

| | |
|---|---|
| अनियमित भएको | १,५७,११,१६० |

५५.५ **बढी निकासा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ ।नमूना छनौट गरी परीक्षण गर्दा कार्यालयले देहायबमोजिमका विद्यालयहरुका अवकाश/कार्यरत शिक्षकहरुको तलब भत्ता भुक्तानी गर्दा बढी निकासा गरेको देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने साथै अन्य विद्यालयको समेत पालिकाले यकिन गर्नुपर्ने रु.

| शिक्षकको नाम | विद्यालयको नाम | निकासा हुनुपर्ने रु. | निकासा भएको रु. | बढी निकासा रु. |
|---|---|---|---|---|
| अरुणा योगी | मा. वि. डाँडागाउ गोग्ली | २०६३३३ | १८६६५ | १९५५८ |
| ढुण्डिराज शर्मा | प्रा. वि. क्वाडी | १०२१८७ | ९६८८७ | ५३०० |
| शिव कुमार श्रेष्ठ | सरस्वती मा. वि काठेमोल | १४७४९८ | १६८०५ | १३०६९३ |
| कालिका अधिकारी | सरस्वती मा. वि काठेमोल | १६२३८० | ७९५७६ | ८२८०४ |
| योगमाया पन्त | सिद्ध रत्ननाथ मा. वि नारायणपुर | १६२३८० | १०३२७९ | ५९१०१ |
| बसन्तराज सुवेदी | नारायण प्रा. वि पश्चिम सेवार | १६७०५४ | १६३४८५ | ३५६९ |
| शोभाकर पौडेल | जनता मा. वि बुका | १५२३८० | १२८६७६ | २३७०४ |
| जम्मा | | | | ३२४७३९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२४,७३९ |

५५.६ **विद्यालयको भौतिक पूर्वाधार व्यवस्था** - पालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५५.७ **निःशुल्क पाठ्यपुस्तक**- कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयका विद्यार्थीहरुको लागि निःशुल्क पाठ्यपुस्तक अनुदान वितरण गर्ने व्यवस्था छ । पालिकाले IEMIS विवरणको आधारमा पालिकाभित्र संचालनमा रहेका ९२ सार्वजनिक विद्यालयलाई निःशुल्क पाठ्यपुस्तको लागि रु. १६९३६१८० अनुदान निकासा गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

· विद्यालयहरुले विद्यार्थीहरुलाई पुस्तक वितरण गरेको भरपाईहरुमा अभिभावकको नाम र सम्पर्क मोबाइल नम्बर उल्लेख गर्ने नगरेकोले पालिकाको आन्तरिक नियन्त्रण देखिएन ।

· निःशुल्क पाठ्यपुस्तक वितरण कार्यको पालिकाले अनुगमन गर्ने तथा अनुगमन प्रतिवेदन तयार गर्ने गरेको देखिएन ।

· पाठ्यपुस्तकको नाम उल्लेख नगरी १ सेट मात्र भनी उल्लेख गरेकोले कुन-कुन पाठ्यपुस्तक बुझेको भनी एकिन हुन

सक्ने अवस्था देखिएन ।

अत: पालिकाले उल्लेखित कुराहरुमा ध्यान दिई आन्तरिक नियन्त्रण प्रणाली बलियो बनाउनुपर्दछ ।

कार्यालयले विद्यालयहरुलाई पाठ्यपुस्तक निकासा गर्दा विद्यार्थी संख्या तथा खरिद पाठ्यपुस्तकको आधारमा दिएको हुनु पर्दछ । नगरपालिका क्षेत्रका विद्यालयहरुको नमूना छनौट गरी विद्यालयको पाठ्यपुस्तक निकासाको प्रमाण परीक्षण गरेकोमा देहायका विद्यालयलाई निकाशा गरिएको पाठ्यपुस्तको रकम भन्दा कम रकमको पाठ्यपुस्तक खरिदगरी बिल भरपाई गरेकोले तोकिएको भन्दा बढी निकाासा भएको रकमविद्यालयहरुबाट असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्दछ । साथै अन्य विद्यालयमा समेत यस्तै हुन सक्ने भएकोले कार्यालयले आफै एकिन गरी असुल गर्नुपर्ने रु.

| विद्यालयको नाम | निकासा रु . | वितरण रु. | निकासा फिर्ता रु. |
|---|---|---|---|
| श्री बालविकास माध्यमिक विद्यालय नयाँबजार | १०५०८९९ | १००४४१२ | ४६४८६ |
| श्री सरस्वती माध्यमिक विद्यालय काठेकोल | ४९००३३ | ४९००३३ | १३८०३२ |
| श्री गोरक्ष रत्ननाथ माध्यमिक विद्यालय चौघेरा | ६४६९२० | ६२३४४७ | २३४७२ |
| नेपाल राष्ट्रिय आधारभूत विद्यालय दुन्द्रा | ५८६४५ | ५७४९९ | ११४६ |
| श्री सरस्वती प्राथमिक विद्यालय मुसोटखोला | २९१६८ | २६२६५ | २९०३ |
| श्री हरि ॐ प्राथमिक विद्यालय भैसापथ्रा | १६०२४ | १३००९ | ३०१५ |
| नेपाल राष्ट्रिय प्राथमिक विद्यालय रज्जे | ६३४१८ | २७०६६ | ३६३५२ |
| श्री सर्वोदय प्राथमिक विद्यालय वुधौरा | ७४८१ | ३२३२ | ४२४९ |
| श्री ज्ञानज्योति प्राथमिक विद्यालय पेरेनी | ९१८३५ | ३४४०५ | ५७४३० |
| श्री प्राथमिक विद्यालय तेजनगर सिस्नेरी | २०९३१ | १८८१८ | २११३ |
| श्री बालकल्याण प्राथमिक विद्यालय कलमघारी | १३७९३ | १११९६ | २५९७ |
| श्री बालमन्दिर प्राथमिक विद्यालय | ६४४३० | ५२३५१ | १२०७९ |
| श्री वातावरणीय प्राथमिक विद्यालय करौतीडाँडा | ४१५८६ | ३१७२० | ९८६६ |
| श्री सुनाली प्राथमिक विद्यालय दम्ती | ३२४५५ | १७११२ | १५३४३ |
| श्री दोभान प्राथमिक विद्यालय दुइखोला | २१४९४ | २०२७६ | १२१८ |
| श्री बालहित प्राथमिक विद्यालय पटिङ्गा | २१०६३ | १२९७२ | ८०९१ |
| जम्मा | | | ३६४३९२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६४,३९२ |

५५.८ **बिद्यालयहरुको लेखापरीक्षण** – पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।पालिका अन्तर्गत ९३ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व.२०७९।८० को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै

लेखापरीक्षण नगराएको बिबरण प्राप्त भएको छ ।अतः कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेतसमावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ।

५५.९ **अनुगमन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। यस सम्बन्धमा शिक्षा शाखा संग छलफल गर्दा जनशक्तिको अभावमा सबै विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन गर्न नसकेता पनि समिति बनाई आलोपालो रुपमा अनुगमन तथा सुपरिवेक्षणको प्रयास भईरहेको जनाएको छ । पालिकाले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

५५.१० **पोषाक भत्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । नमूना छनौट गरी परीक्षण गर्दा कार्यालयले देहायबमोजिमका विद्यालयहरुबाट अवकाश भएका शिक्षकहरु अवकाश पश्चात पोशाक भत्ता भुक्तानी गरेको देखिकोले सम्बन्धितबाट असुल गर्नुपर्ने साथै अन्य विद्यालयको समेत पालिकाले यकिन गर्नुपर्ने रु.

| शिक्षकको नाम | विद्यालय | अवकाश मिति | रकम रु. |
|---|---|---|---|
| दुर्गा बहादुर बस्नेत | प्रा. वि त्रिवेणी | २०७९।११।३ | १०००० |
| श्रीधर कुमार अधिकारी | पद्मोदय पब्लिक मा. वि | २०७९।११।२८ | १०००० |
| जम्मा | | | २०००० |
| | | प्रमाण पेश नगरेको | २०,००० |

५५.११ **दिवा खाजा -** कार्याक्रम कार्यान्वयन पुस्तिकामा सामुदियक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ६ सम्मका विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक वर्षको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ । जसको लागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा गर्दा अगाडि निकासा भएको अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरीएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकामा रहेका ९४ वटा सार्वजनिक विद्यालयहरुलाई दिवा खाजा अनुदान रु. ३१०८४१०६ निकासा भएकोमा विद्यालयहरुले कार्यान्वयन पुस्तिका अनुसारको खाजाको मेनु तयार गरेको पाइएन ।अतः आगामी दिनमा पुस्तिकाको पालिना गरी दिवा खाजाको व्यवस्थापनको अनुगमन गर्नुपर्दछ ।

५६ **अनुदान उपयोग-** पालिकाले यस वर्ष निम्न विद्यालयलाई निम्नानुसारको शीर्षकमाअनुदान उपलब्ध गराएकोमा निम्न व्यहोरा देखिएका छन् :

| कार्यक्रम | विद्यालयको नाम | रकम |
|---|---|---|
| पढ्दै कमाउदै कार्यक्रम | सिद्धरत्ननाथ नमुना मा. वि | १००००००० |
| विद्यालयमा पुस्ताकालय तथा व्यवस्थापन | नवोदय बाल कल्याण आ. वि | ६५०००० |
| | आधारभुत विद्यालय सिमलतार | ६५०००० |
| | सरयु आधारभुत विद्यालय भैसाकुर्मा | ६५०००० |
| | जनजागृति मा. वि लमडरुवा | ६५०००० |
| विद्यालयमा विज्ञान प्रयोगशाला | नरदेवी मा. वि तघेरा | ६५०००० |
| | जनता मा. वि नयाँगाउ | ६५०००० |
| | भगवती मा. वि होङवाङ | ६५०००० |
| आ. ई . सि . टि अनुदान | बराहक्षेत्र मा. वि सेवार वनगाउँ | ६५०००० |
| | मा. वि हापुर रतनपुर | ६५०००० |
| | अन्तराष्ट्रिय युव वर्ष मा. वि तोष | ६५०००० |

- **प्रभावकारीता मुल्यांकन -** कार्यक्रम कार्यान्वयन पुस्तिमा अनुदान दिदा विद्यालयको विद्यार्थी संख्या, जेष्ठता, इन्टरनेटको पहुँच, विधुतको नियमित आपूर्ति, पुस्तकालय व्यवस्थापनका लागि कक्षाकोठा लगायतका विषयरुका आधारमा प्राथमिकता तय विधालयहरुको छनौट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कार्यक्रमको प्रभावकारिताको मूल्यांकन नगरि निर्णय गरेर विधालयलाई शिक्षण सिकाइमा आइ.सि.टी को प्रयोग, पुस्तकालय, तथा विज्ञान प्रयोगशालाका लागि अनुदान उपलब्ध गराएको छ । अतः पालिकावाट अनुदान उपलब्ध गराउदा प्राथमिकता तय गरी विधालय छनौट गरि कार्यक्रमको प्रभावकारिता मूल्यांकन गरेर उपलब्ध गराउनुपर्दछ ।
- **लागत अनुमान तयार नगरी खरिद कार्य भएको -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले निर्माण कार्य वाहेक एक लाख रुपैयाँभन्दा वढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को दफा १६(३) मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा अर्थमन्त्रालय वा तालुक कार्यालयवाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी वजेट कार्यान्वयन गर्नु गराउनु पर्ने व्यवस्था रहेको छ । विद्यालयहरुले लागत अनुमान तथा कार्ययोजना तयार नगरीअनुदान खर्च गरेको देखिन्छ । अतः विद्यालयहरुबाट प्रचलित कानूनी व्यवस्थाको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।
- **अनुगमन नभएको -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको चं.नं ३१५, मिति २०७९।९।२९ गतेको पत्र बमोजिम विद्यालयमा सूचना प्रविधि प्रयोशाला तथा पुस्तकालय स्थापनाका लागि अनुदान कार्यक्रम अन्तर्गत ICT LAB को कार्यक्रम प्राप्त गर्ने विद्यालयहरुले ICT Lab/ LMS Software को स्पेसिफीकेसन बमोजिम खरिद प्रक्रिया अपनाउनुपर्ने व्यवस्था छ । अनुदान प्राप्त गर्ने विद्यालयले स्फेसिपिकेसन अनुसार खरिद प्रक्रिया अबलम्बन गरे/नगरेको सम्बन्धमा पालिका वाट अनुगमन तथा मूल्यांकन भएको पाईदैन । पालिकावाट समय समयमा

अनुगमन मूल्यांकन गरी कार्यक्रमको प्रभावकारी कार्यान्वनमा जोड दिनु पर्दछ ।

- **प्रतिवेदन पेश नभएको —** विद्यालयले स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप सञ्चालन गरी सोको अद्यावधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा नियमित रुपमा पठाउने गरेको पाईएन । सम्बन्धित विधालयवाट कार्यक्रम सञ्चालन गरी नियमित रुपमा प्रतिवेदन पेश गर्नुपर्दछ ।

५७ **छात्रवृत्ती -** कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रवष्टि तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ र वितरण पश्चात छात्रवृत्ति बुझाएको भरपाई पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा ९४ वटा विद्यलायलाई रु.४६६८१०० निकासा गरेको छ । IEMIS मा प्रवष्टि भएको संख्यालाई सत्यापन नगरी अनुदान निकासा गरेको नियमसंगत देखिदैन । अतः पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

विद्यालयहरूलाई छात्रवृत्तिको रकम सोधभर्ना गर्दा विद्यार्थी संख्या र निजहरूले बुझेको भर्पाईहरूको आधारमा दिनु पर्दछ । नगरपालिका क्षेत्रका विद्यालयहरुको नमूना छनौट गरी विद्यालयको छात्रवृत्ति वितरणको प्रमाण परीक्षण गरेकोमा देहायका विद्यालयलाई निकाशा गरिएको छात्रवृत्तिको रकम भन्दा कम रकमको छात्रवृत्ति वितरण भरपाई पेश गरेकोले तकिएको भन्दा बढी निकाासा भएको रकमविद्यालयहरुबाट असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्दछ । साथै अन्य विद्यालयमा समेत यस्तै हुन सक्ने भएकोले कार्यालयले आफै एकिन गरी असुल गर्नुपर्ने रु.

| विद्यालयको नाम | निकासा रु. | वितरण रु. | निकासा फिर्ता रु. |
|---|---|---|---|
| श्री गंगा माध्यमिक विद्यालय रामपुर | १५९८०० | १२०४०० | ३९४०० |
| श्री जनता माध्यमिक विद्यालय नयाँगाउँ बुका | ११२८०० | १०७६०० | ५२०० |
| माध्यमिक विद्यालय झिङ्नी बञ्जारी | १२३२०० | १२१२०० | २००० |
| श्री महेन्द्र माध्यमिक विद्यालय धर्ना | १२३००० | १२१४०० | १६०० |
| श्री जयशेर माध्यमिक विद्यालय रावतगाउँ | १३७६०० | १३२००० | ५६०० |
| श्री माध्यमिक विद्यालय सौडियार | ६८००० | ६६००० | २००० |
| श्री नरदेवि माध्यमिक विद्यालय तेघरा | ६४८०० | ६२८०० | २००० |
| श्री सिद्धरत्ननाथ माध्यमिक विद्यालय नारायणपुर | २२४४०० | २१९८०० | ४६०० |
| श्री माध्यमिक विद्यालय हापुर रतनपुर | ९०८०० | ७९२०० | ११६०० |
| श्री बालविकास माध्यमिक विद्यालय नयाँबजार | ३१९४०० | २६७४०० | ५२००० |
| श्री सरस्वती माध्यमिक विद्यालय काठेकोल | १९०८०० | १४०६०० | ५०२०० |
| श्री माध्यमिक विद्यालय रझेना | २२८६०० | २१७४०० | ११२०० |
| श्री अन्तर्राष्ट्रिय युवा वर्ष माध्यमिक विद्यालय तोष | ३९८०० | | ३९८०० |
| आधारभूत विद्यालय सिमलतारा | ९९८०० | ९६६०० | ३२०० |
| आधारभूत विद्यालय सवारीकोट | ५०६०० | ४७८०० | २८०० |

| | | | |
|---|---|---|---|
| श्री महेन्द्र आधारभूत विद्यालय दलजितपुर | ५८८०० | ४६८०० | १२००० |
| नेपाल राष्ट्रिय आधारभूत विद्यालय दुन्द्रा | ३८४०० | ३३२०० | ५२०० |
| श्री आधारभूत विद्यालय गुर्जे | ४२००० | ३१६०० | १०४०० |
| श्री सिर्जनशील आधारभुत विद्यालय बाहुनडाँडा | ४४८०० | ४०४०० | ४४०० |
| श्री भूमि आधारभूत विद्यालय बाम्ला | २७६०० | २४८०० | २८०० |
| श्री बराह प्राथमिक विद्यालय साहीपुर | १७४०० | १६२०० | १२०० |
| श्री सरस्वती प्राथमिक विद्यालय मुसोटखोला | १७२०० | १२००० | ५२०० |
| श्री पालु प्राथमिक विद्यालय सिस्नेखोला | १४८०० | १३६०० | १२०० |
| श्री हरि ॐ प्राथमिक विद्यालय भैसापथ्रा | ९२०० | ६४०० | २८०० |
| श्री प्राथमिक विद्यालय श्रीचौर | १५६०० | १३६०० | २००० |
| श्री प्राथमिक विद्यालय तेजनगर सिस्नेरी | १०८०० | ९६०० | १२०० |
| श्री प्राथमिक विद्यालय सानीअम्बापुर सर्रा | २१६०० | १६००० | ५६०० |
| श्री वातावरणीय प्राथमिक विद्यालय करौतीडाँडा | २५६०० | १४००० | ११६०० |
| श्री प्राथमिक विद्यालय कर्जाही | २५६०० | १९२०० | ६४०० |
| श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय लिथान | १४४०० | १२४०० | २००० |
| जम्मा | | | ३०७२०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,०७,२०० |

५८ **सेनिटरी प्याड** - यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

५८.१ पालिकाले यस वर्ष सामुदायिक विद्यालयका छात्राहरुलाई नि:शुल्क सेनेटरी प्याड व्यवस्थापन अन्तर्गत देहायबमोजिम सोझै खरिद गरेको रु.८३९३६४ र विद्यालयहरुको खातामा निकासा रु.३०२१८२३ गरी जम्मा रु.३८६११८७ खर्च गरेकोमा देखिएका व्यहोरा निम्न छन् ।

| भौ नं | आपूर्तिकर्ता | सामाग्री | परिमाण | रकम रु |
|---|---|---|---|---|
| १८०।०७९।११।२२ | कुञ्जन मेडिको कन्सर्न | (Sanitary Pad 8 Pics 240 MM) | २४००० प्याकेट रु.३०. ९५ का दरले | ८३९३६४ |

- सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६को दफा ४ बमोजिम सेनेटरी प्याडको सुरक्षित किसिमिले भण्डारणको व्यवस्था मिलाउनुपर्ने र सेनेटरी प्याडको गुणस्तरमा असर नपर्ने गरी व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले गुणस्तरमा असर नपर्ने गरी व्यवस्थापन तथा सुरक्षित भण्डारण गरेको पाईएन । कार्यविधि बमोजिममो व्यवस्थाको पालनामा पालिकाले ध्यान दिनुपर्दछ ।
- दफा ५ बमोजिम विद्यालयहरुले आफ्ना छात्राहरुको संख्याको आधारमा आवश्यक पर्ने सेनेटरी प्याड स्थानीय तहमा माग गरी पठाउनेपर्ने र माग भएको संख्यालाई IEMIS तथ्थांकसँग भिडाई आवश्यक हुने संख्यामा सेनेटरी

प्याड उपलब्ध गराउनु पर्नेछ व्यस्था रहेकोमा पालिकाले IEMIS तथ्थांकसँग विद्यार्थी संख्या भिडाई आवश्यक सेनेटरी प्याड उपलब्ध गराएको देखिएन । पालिकाले उल्लेखित व्यवस्थाको परिपालना गर्नुपर्दछ ।

- दफा ५(४) बमोजिम स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याड उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई त्रैमासिक, चौमासिक वा अर्धबार्षिक रुपमा वितरण गर्न सकिने व्यसव्था रहेकोमा पालिकाले २०८० असारमा खरिद गरी एकैपटक विद्यालयलाई वितरण गरेको देखिन्छ । पालिकाले कार्यविधि बमोजिम त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्ने व्यवस्था मिलाउनुपर्छ ।
- दफा ६(५) बमोजिम विद्यालयले छात्राहरुलाई उपलब्ध गराएको स्यानीटरी प्याडको अभिलेख राख्नुपर्ने व्यवस्था रहेकोमा विद्यालहरुले छात्राहरुलाई वितरण गरेको अभिलेख राखेको पाईएन ।अत: विद्यालयले खरिद गरेको अभिलेखतथाविद्यालयमा मौज्दात रहेको विवरण राख्नुपर्दछ ।

५८.२ दफा १०(६) बमोजिम सेनेटरी प्याड वितरणको कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्ने सन्दर्भमा स्थानीय तहले विद्यालयको IEMIS तथ्थांकसँग सत्यापन गरी सेनेटरी प्याड आवश्यक पर्ने छात्रहरुको संख्याको आधारमा कार्यविधि बमोजिम हुने गरी विद्यालयको खातामा निकासा दिन सक्ने व्यवस्थाछ । पालिकाको सेनेटरी प्याड व्यवस्थापन समिति एवं नगर कार्यपालिकाको मिति २०८०।३।६ को बैठकबाट गत आ.व. मा प्रति विद्यार्थी ४० का दरले दिईएकोले सोही दर बमोजिम नयाँ शैक्षिक सत्र २०८० को IEMIS को छात्राको तथ्थांक अनुसार ४ महिनाका लागि विद्यालयहरुको खातामा निकाशा दिने भनी निर्णय भएअनुसार प्रत्येक विद्यालयहरुको खातामा निकासा गरी जम्मा रु.३०२१८२३ खर्च गरेको पाईयो । उक्त निकासाबाट विद्यालयले प्रचलित कानूनी व्यवस्था अनुरुप सेनेटरी प्याड खरिद गरे/नगरेको सम्बन्धमा प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,२१,८२३ |

५९ **दाखिला प्रतिवेदन नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने व्यवस्था छ ।पालिकाले गो.भौ.नं. २४।२०८०।२।२२ बाट सरस्वती प्रा.वि लाई संगीत तथा खेलकुद सामाग्री व्यवस्थापन वापत रु.१४७९९३ भुक्तानी गरेकोमा उक्त सामाग्री विद्यालयमा दाखिला भएको प्रतिवेदन पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४७,९९३ |

६० **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) अनुसार सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमातीमा ३ वटा आपुर्तिकर्ता वा सेवा प्रदायकबाट लिखित रुपमा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका विद्यालयहरुलाई विभिन्न शीर्षकहरुमा अनुदान रकम उपलब्ध गराएकोमा विद्यालयले कोटेशन विना खरिद गरेको देखियो । प्रस्ताव माग नगरी सोझै खरिद गर्ने कार्य नियमित नदेखिएको रु.

| गो.भौ.नं. र मिति | कार्यक्रमको नाम | भुक्तानी पाउने | भुक्तानी रु. |
|---|---|---|---|
| ५३५।२०८०।३।२२ | पुस्तकालय स्थापना तथा व्यवस्थापन | सरयु आ. वि भृसकुर्मा | ४८७५०० |
| ५३८।२०८०।३।२२ | पुस्तकालय स्थापना तथा व्यवस्थापन | श्री आधारभुत विद्यालय समलतारा | ६५०००० |
| ५३०।२०८०।३।२१ | पुस्तकालय स्थापना तथा व्यवस्थापन | नवोदय बाल कल्याण आ. वि | ६४०५२९ |

| | | |
|---|---|---|
| जम्मा | | १७७८०२९ |
| | अनियमित भएको | १७,७८,०२९ |

६१ **प्रमाण पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ ।पालिकाले देहायकोविद्यालयहरुलाई विभिन्न शीर्षकहरुमा अनुदान रकम उपलब्ध गराएकोमा उक्त रकम खर्च भएको पुष्टि गर्ने आवश्यक सम्पूर्ण प्रमाण कागजातहरु संलग्न नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.

| कार्यक्रम | भुक्तानी पाउने | भुक्तानी रु. |
|---|---|---|
| कार्यगत अभ्यास सहितको तालिम सञ्चालन | वाल विकास मा.वि. घोराही | २००००० |
| | श्री माध्यमिक विद्यालय, रझेना | २००००० |
| | पद्योदय पब्लिक नमुना मा.वि | १९५७१६ |
| शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | सामुदायिक सिकाई केन्द्र , कटही | २००००० |
| | सुनडवरी सामुदायिक सिकाई केन्द्र, घोराही -४ | २००००० |
| | राधाकृण सामुदायिक सिकाई केन्द्र, घोराही | २००००० |
| | नवज्योती सामुदायिक सिकाई केन्द्र, सैघा | २००००० |
| | पालु सामुदायिक सिकाई केन्द्र, लक्ष्मिपुर | २००००० |
| | सामुदायिक सिकाई केन्द्र, नारायणपुर | २००००० |
| | तुलसीगन्ज सामुदायिक सिकाई केन्द्र, हापुर | २००००० |
| | सौडियार सामुदायिक सिकाई केन्द्र, सौडियार | २००००० |
| | गाउँले नवउत्थान केन्द्र अक्षरधाम, बर्गदी | २४१००० |
| | चेतना महिला अनौपचारिक विद्यालय, घोराही | ५००००० |
| | गोरखनाथ बैदिक गुरुकुलम् गोरक्ष पात्रदेवता सिद्ध रत्ननाथ मठ चौघेरा | २४१००० |
| कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | पद्योदय पब्लिक नमुना मा.वि | ३०००००० |
| नतिजामा आधारित प्रोत्साहन अनुदान | मा.वि. रझेना | ५००००० |
| | पद्मोदय पब्लिक नमुना मा.वि भरतपुर | ५००००० |
| | बालविकास मा.वि., घोराही | ५००००० |
| जम्मा | | ७६७७७१६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७६,७७,७१६ |

६२ **बालमन्दिर आ.वि विशेष शिक्षण संचलान -** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले बालमन्दिर आ.वि. लाई विशेष शिक्षण संचालन शीर्षकमा ८००००० भुक्तानी गरेको मानि यमानुसार लाग्ने अग्रिम कर रु. ७६८३ कट्टी गरेको छ। तसर्थ उक्त कर असुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,६८३ |

६३ **मख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम -** पालिकाले यस वर्ष मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विधिन्न तालिम लगायतका कार्यक्रम सञ्चालन गरी रु. २८६१७५० खर्च गरेकोमा देखिएका व्यहोरा निम्न छन् ।

- पालिकाबाट विद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई ICT, खेलकुद तथा मन्टेश्वरी लगायतका कार्यक्रमहरु गरे पछि सम्बन्धित सहभागी, कर्मचारी , प्रशिक्षक र आपूर्तिकर्ताको खातामा भुक्तानी गर्नु पर्नेमा संयोजकलाई समेत सोधभर्ना भुक्तानी हुने गरेकोले वास्तविक खर्च यकिन हुन सक्ने अवस्था नरहेको ।
- तालिम कार्यक्रमहरुमा अधिकांश खर्च खाना, खाजा, आवास तथा अनुगमन भत्तामा हुने गरेकोमा तालिम सञ्चालनमा मितव्ययिता कायम गरेको देखिदैन ।
- अधिकांश कार्यक्रमहरुको खर्च तेरिज सहितको प्रगति प्रतिवेदन तयार तयार छैन । कार्यक्रम खर्चमा अधिकांश प्यान विल र भरपाई संलग्न गरेको पाईयो। सहभागीहरुको फोटो, मिति उल्लेखित ब्यानर राखेको देखिदैन ।

अत: पालिकाले उल्लेखित पक्षहरुमा ध्यान दिदै कार्यक्रमको प्रभावकारितामा जोड दिनुपर्दछ ।

६४ **स्वास्थ्यतर्फ -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

६४.१ **औषधी खरिद तथा व्यवस्थापन –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष सोझै खरिद मार्फत देहायको औषधि खरिद गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

| गो भौ मिति | विवरण | आपूर्तिकर्ता | खरिद विवरण | रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| ३७०- ०८०।२।२४ | औषधी खरिद | विन्दवासिनी मेडिको कन्सर्न | ५ प्रकारका औषधी | १४९७१० | वितरण अभिलेख पेश नभएको |
| ४३४।०८०।३।१२ | औषधी/ उपकरण | सुवर्ण मेडिकल हल | विभिन्न औषधी र उपकरण | ५६५४० | |
| जम्मा | | | | २०६२५० | |

- खरिद गरेका औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।
- आपूर्ति हुने औषधि WHO सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाएको प्रमाण समावेश नभएको ।
- आपूर्ति भएका औषधी एंव सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको प्राविधिकबाट

जाँच नगरेको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, पालिका बाट निशुल्क वितरणको लोगो नभएको ।
- औषधिको आवश्यक्ता निर्धारण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधि सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधि, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेत यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नु पर्नेमा तथ्यांङ्क वेगर पटके रुपमा खरिद गर्ने, खरिद गरेका औषधि खरिद गरेको छोटो समय मै खर्च देखाउने, पालिकाद्धारा वा सरकारबाट निशुल्क वितरण गर्ने भनि उल्लेख नगर्ने, औषधिको ब्याच नंबर, म्याद समाप्त हुने मिति नखुलाई खरिद र भुक्तानी गरेकोले यस्तो भुक्तानी पारदर्शि र प्रतिस्पर्धि हुने नसकेको ।

६४.२ **स्वास्थ्य कार्यक्रमहरु -** पालिकाले स्वास्थ्य अन्तर्गत विभिन्न तालिम लगायतका कार्यक्रमहरु सञ्चालन गरेकोमा देखिएका व्यहोराहरु निम्न छन् ।

- पालिकाबाट स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रमहरु गरे पछि सम्बन्धित सहभागी, स्वास्थ्य कर्मचारी , प्रशिक्षक र आपूर्तिकर्ताको खातामा भुक्तानी गर्नु पर्नेमा संयोजकलाई समेत सोधभर्ना भुक्तानी हुने गरेकोले वास्तविक खर्च यकिन हुन सक्ने अवस्था नरहेको ।
- कार्यक्रमहरुमा अधिकांश खर्च भ्रमण तथा अनुगमन भत्तामा हुने गरेकोमा सोको लागि नियन्त्रण प्रणाली अपनाएको देखिदैंन ।
- कार्यक्रमहरुको प्रतिवेदनमा सहभागीहरुको फोटो, मिति उल्लेखित ब्यानर नराखेको ।
- कार्यक्रम खर्चमा अधिकांश प्यान विल र भरपाई संलग्न गरेको पाईयो।
- अधिकांश कार्यक्रमहरुको खर्च तेरिज सहितको प्रगति प्रतिवेदन तयार नगरेको ।
- स्वास्थ्य कार्यालय लगायतका प्रदेश तथा संघीय कार्यालयका सहजकर्ताहरुलाई दैनिक भ्रमण भत्ता उपलब्ध गराएकोमा पालिकाले सम्बन्धित कार्यालयलाई भ्रमण भत्ता उपलब्ध गराएको जानकारी नगराएको दोहोरो भत्ता एकिन हुन नसकेको ।

पालिकाले उल्लेखित सम्बन्धमा ध्यान दिदै आन्तरिक नियन्त्रण प्रणाली अपनाउनुपर्दछ ।

६५ **कृषि तथा पशु -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

६५.१ **अनुदान वितरण -** पालिकाले आ.व २०७९।८० मा कृषि तथा पशु अन्तर्गतका देहायबमोजिमपकेट विकास तथा अन्य अनुदान लगायतका वितरणमुखी कार्यक्रम सञ्चालन तथा सामाग्री खरिद, वितरण गरेकोमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

| कार्यक्रमहरुको नाम | अनुदान प्राप्त गर्ने संस्था/ व्यक्ति | लाभान्वित संख्या | खर्च रु. |
|---|---|---|---|
| प्याजको विउ बितरण | बिभिन्न कृषक तथा कृषक समुह | ४०५ | १९९९२० |
| माहुरीको घारमा अनुदान | कृषक | ४२ | ९९७५० |
| तरकारी कम्पोजिट पाकेट वीउ वितरण | | ६२५ | ३३०००० |
| तरकारी कम्पोजिट पाकेट वीउ वितरण | | ४०० | १७०००० |

| | | | |
|---|---|---|---|
| विज बृद्धी गर्ने कृषक समुह/कृषि सहकारीहरुलाई अनुदानमा मुल वीउ वितरण ढुवानी समेत धान गहु मकै तोरी मसुरो | कृषि सहकारि | ४ | १५२११० |
| परिचयपत्र बाहक गरिव घरपरिवारहरुलाई तरकारीको कम्पोजिट पाकेट वीउ वितरण | कृषक | १२५ | ८०००० |
| परिचयपत्र बाहक गरिव घरपरिवारहरुलाई तरकारीको कम्पोजिट पाकेट वीउ वितरण | कृषक | १२५ | २०००० |
| कृषि यान्त्रिकरण औजार उपकरण ( रिपर रोटाभेटर मिनि टिलर पावर टीलर थ्रेसर आदि ) अनुदानमा बितरण | | ६२ | २०००००० |
| कृषि यान्त्रिकरण औजार उपकरण ( रिपर रोटाभेटर मिनि टिलर पावर टीलर थ्रेसर आदि ) अनुदानमा बितरण | | | २०००००० |
| बेमौसमी तरकारी खेतीको लागी फलाम स्ट्रक्चर प्लाष्टीक टनेल प्रोफाईल जडित निर्माण | कृषक | १६ | ११५२२३७ |
| साना सिचाई निर्माण अनुदान (पाईप मोटर पम्पिङ्गसेट खरिद/स्यालो ट्युवेल ईनार कुवा मर्मत सम्भार निर्माण आदि ) वितरण कार्यक्रम | कृषक समुह/सहकारी | ११ | |
| साना सिचाई निर्माण अनुदान ( पाईप मोटर पम्पिङ्गसेट खरिद/स्यालो ट्युवेल ईनार कुवा मर्मत सम्भार निर्माण आदि) वितरण कार्यक्रम | | | १९२०००० |
| ०७९/0 ८० समुहमा नि शुल्क प्रजननको लागी बोका/ विर वितरण कार्यक्रम ०७९/०८० | बाखा पालन समुह र बंगुरपालन समुह | ४० | ५३००० |
| ५०% लागत सहभागितामा वर्षिम घासको विउ वितरण ढुवानी समेत | समुह/फार्म ब्याबसायी/ब्यक्ती बंगुरपालन समुह | १६० | १००००० |
| ५०% लागत सहभागितामा टियोसेन्टि/ सुडान/वाजरा घासको विउ वितरण ढुवानी खर्च समेत | समुह/फार्म ब्याबसायी/ब्यक्ती बंगुरपालन समुह | २०० | १००००० |
| ५०% सहकार्यमा ई च्याफकटर वितरण | समुह/फार्म ब्याबसायी | ९ | १७८००० |
| कृषक तथा फर्म ब्याबसायिलाइ सहकार्यमा प्रजननको लागि वोका वितरण | कृषक तथा फर्म ब्याबसायिलाइ | ८ | १८५००० |
| नगर निर्मित तालमा माछाका भुरा खरिद तथा निशुल्क वितरण ढुवानी समेत | नगर निर्मित तालमा | ७ | ११६००० |
| मिनिरल ब्लक मल्टिभिटामिन वितरण कार्यक्रम | कृषक /फार्म ब्याबसायि/ समुह/सशकारी | ५० | २००००० |
| सहकार्यमा दुग्ध ढुवानीमा जर्किन विस्थापन मिल्कक्यान वितरण कार्यक्रम | डेरी ब्याबसायी | २१ | १९८००० |
| सहकार्यमा ( गोठ , खोर , भकारो आदी ) मागमा आधारित कार्यक्रम ( ५०% ) अनुदान | फार्म ब्याबसायी कृषक | ८ | ८००००० |
| हिउदे जै/भेच सुडान वाजरा घाँसको वीउ वितरण ढुवानी सेत | कृषक /फार्म ब्याबसायि/ समुह/सहकारी | २०० | १००००० |
| ५० प्रतिसत सहकार्यमा बर्षिमको घासको बिउ बितरण कार्यक्रम | कृषक /फार्म ब्याबसायि/ | ३०० | २६०००० |

| | | | |
|---|---|---|---|
| | समुह/सहकारी | | |
| बिद्युतिय च्याफकटर/ बिद्युतिय दाना पिस्ने चक्की डिस मिल बितरण कार्यक्रम | फार्म ब्याबसायि/ समुह/सहकारी | १० | ३३५००० |
| जै घास बिउ बितरण कार्यक्रम | कृषक /फार्म ब्याबसायि/ समुह/सहकारी | २०० | १८०००० |
| मकै पकेट विकास कार्यक्रम | परिवर्तन दलित महिला कृषक समुह घोराही | | ३००००० |
| | लेक बेसि कृषक समुह घोराही १९ | | ३००००० |
| धान पकेट विकास कार्यक्रम | प्रगतिशिल कृषक समुह घोराही ६ शिखर टोल | | ६००००० |
| | सिर्जनसिल ककृषक समुह घोराही ८ | | ६००००० |
| कागति खेती | घोराही १९ | | ३००००० |

६५.२ **अनुदानको उपयोग-** सरकारी अनुदान रकम को वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए/नआएको संम्वन्धमा प्रतिवेदन वनाउनु पर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ। अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ। कार्यालयले वितरण गरेको अनुदानको केहि नमुनापरीक्षण गर्दा कृषक तथा कृषक समुहलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्देश्य अनुरुप अनुदानको सदुपयोग भएको हो/होईन एकिन गर्न सक्ने गरी अनुगमन मुल्याङ्कन नभएकोले अनुदानको प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिदैन। यसमा कार्यालयले सुधार गर्नुपर्दछ। सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आएन आएको संवन्धमा प्रतिवेदन बनाउनुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्रवितरण गर्नुपर्दछ।

६५.३ **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ ।पालिकाले कृषकले खरिद गरेका कृषि औजारको गुणस्तर परिक्षण गर्ने तथा स्पेसिफिकेशन अनुसार भए नभएको एकिन गर्नुपर्दछ ।

६५.४ **तोकिएको गुणस्तर नभएको -** लागत साझेदारी बाख्रा स्रोत केन्द्र विकास कार्यक्रम कार्यसञ्चालन प्रकृया सम्बन्धी मार्गदर्शन २०७७ को नियम ५(४) मा उन्नत बोका शुद्ध नश्लको हुनुपर्नेछ भने पहिलो पुस्तामा जन्मिने पाठापाठीमा सो बोकाको कम्तिमा ५० प्रतिशत रगत शुद्धता हुनेगरी हुनुपर्ने व्यवस्था रहेको छ । खरिद गरिएका बाख्रा कुन जात को हो परिक्षण भएको प्रमाण छैन, साथै निर्देशिकाले तोके बमोजिमको जातको बाख्रा खरिद भएको छैन । अतः बाख्रा खरिद गर्दा निर्देशिकाले उल्लेख गरेको जातको खरिद गर्नुपर्दछ ।

अनुदानबाट भए गरेका कामको मुल्यांकन र अनुदान वितरणबाट रोजगारी, उत्पादकत्व, राजस्व योगदान र नमुना तथा

उत्प्रेरणाको कार्य भए नभएको सम्बन्धमा समिक्षा गरे नगरेको सम्बन्धमा पेश भएन ।

६५.५ **मूल्य अभिवृद्धि कर दर्ता नभएको फर्म वाट खरिद गरेको -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची–५ वमोजिमको ढाँचामा सिलसिलेवार नाम सहितको प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ।कार्यक्रमको खर्च रकम भुक्तानी गर्दा पेश भएको वील भपाई नमूना छनोटको आधारमा परीक्षण गर्दा २० हजार भन्दा कमका वील संकलन गरी पेश गर्ने गरेको पाइयो । मू.अ.कर छल्ने प्रयेजनको लागि विभिन्न टुक्रामा वील जारी गर्ने सप्लार्यलाई जिम्मेवार बनाउनु पर्दछ। २० हजार भन्दा बढीको मू.अ.कर लाग्ने खरिद गर्दा मू.अ.कर वीजक पेश गर्न लगाई कृषक समुहलाई समेत जिम्मेवार बनाउनु पर्दछ ।

६५.६ **अन्य व्यहोराहरु-**

- कार्यक्रमको लागत सहभागिता बाँडफाँड गर्दा पालिकाले व्यहोर्नुपर्ने रकमको बाँडफाँड भई परियोजना प्रस्तावमा मूल्यको प्रतिशतका दरले व्यहोर्ने गरी बाँडफाँड भएको पाइयो । कृषकहरुले व्यहोर्नुपर्ने अंशको नगद दाखिला नगरी विल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदनमा योगदान देखाइएको छ।
- आवश्यकता पहिचान तथा लक्षित लाभग्राही कृषकहरुको छनौट भए नभएको सम्बन्धमा कार्यालयले सर्भे अध्ययन बिश्लेषण गरेको अभिलेख प्रमाण पेश हुन आएन ।
- प्रधानमन्त्री आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअलमा पकेट कार्यक्रमहरु संचालन गर्दा पकेटको प्रोफाइल तयार गर्नुपर्ने, म्यानुअलले तोके वमोजिमको आधारमा कार्यक्रममा छनौट हुने व्यक्ती, फर्म, संस्थाहरु सम्वन्धित काम गर्ने उद्देश्यले दर्ता भएकालाई मात्र परियोजना प्रस्तावबाट छनौट गर्नुपर्ने समेतको व्यवस्था रहेकोमा सोको पालना भएको देखिएन ।
- कृषि सामाग्रीहरु, पशु खरिद गर्दा प्रतिस्पर्धा वेगर खरिद गरेको देखियो ।
- नया पकेट कार्यक्रममा मापदण्ड अनुसार क्षेत्रफल खुल्ने लालपूर्जा पेश नभएको, समन्वय समित गठन नगरेको, सार्वजनिक सुनुवाई नगरेको र प्रगति प्रतिवेदन तयार नगरेको देखियो ।
- निरन्तरता कार्यक्रममा सार्वजनिक सुनुवाई नगरेको, गतवर्षको उपलव्धीको प्रतिफल पेश नभएको, अधिकांशकोपशु विमा नगराएको देखियो।
- अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन्।
- अनुदान कार्यक्रम तोकिएको मापदण्ड अनुसार सञ्चालनमा रहेको देखिदैन ।

अत: पालिकाले उल्लेखित व्यहोराहरुमा सुधार गर्नुपर्दछ ।

६६ **सुरक्षित नागरिक आवास -** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ अनुसार छनौटको आधार तथा पहिचान यकिन गरी लाभग्राही छनौट गर्नुपर्ने र छनौट भएका लाभग्राहीलाई अनुदान दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत देहायबमोजिम रकम भुक्तानी गरेको विवरण प्राप्त भएको छ ।

| सि नं | विवरण | विनियोजित बजेट | खर्च रु | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|
| १ | क्षेत्र नं. २ अन्तर्गत घोराही न.पा. को १५ वटा वडाहरु मा- ५७४ वटा (क्रमागत) | १३६२४००० | ६४६०७२६ | ४७.४२ | विल तथा मूल्यांकन अनुसार लाभग्राहीलाई फरक फरक |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | क्षेत्र नं. १ अन्तर्गत घोराही उ.म.न.पा. वडा नं. १ २ ३ ५ मा- 7 ३१ वटा (क्रमागत) | ६५६९००० | २४०५४४३ | ३६.६२ | दरमा भुक्तानी |
| ३ | क्षेत्र नं. २ अन्तर्गत घोराही न.पा. मा- ४ वटा (क्रमागत) (२०७१ सालको बाढी पहिरोवाट प्रभावित) | २०७००० | ० | ० | |
| | | २०४००००० | ८८६६१६९ | ४३.२६ | |

- सुविधा- कार्यविधिको दफा २१ मा नेपाल सरकारबाट भूकम्प पून निर्माण, प्रकोप व्यवस्थापन वा यस्तै अन्य कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यो अनुदान उपलब्ध गराईने छैन भन्ने व्यवस्था रहेकोमा पालिकाले उक्त विषय यकिन गरेको देखिएन ।
- किस्ता भुक्तानी- कार्यविधिको दफा ५ को उपदफा ४, ७ र ८ अनुसार सम्झौता भएपछि अनुदान दिइने रु.५० हजारको पहिलो किस्ता ६० प्रतिशत रकम उपलब्ध गराईने र सो रकमबाट जस्तापाता,काठ लगायतको निर्माण सामाग्री खरिद गरी निर्माण कार्य अघि बटाउनु पर्ने र उक्त रकमबाट जस्तापाता र काठ लागायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी प्राविधिकबाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा लाभग्राहीलाई दोश्रो तथा अन्तिम किस्तावापत ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले हालसम्म क्षेत्र नं १ तर्फ १८७ सम्झौता मध्ये १७२ लाभग्राही र क्षेत्र नं २ तर्फ ५२१ सम्झौता मध्ये ४२४ लाभग्राहीलाई प्रथम तथा दोश्रो किस्ता भुक्तानी गरेको प्रगति विवरण तयार गरेकोमा सोको एकिकृत लाभग्राही अभिलेख पेश नभएकोले एकिन हुन सकिने अवस्था छैन ।
- उप-महानगरले यसवर्ष संघ सशर्त अनुदान अन्तर्गत रहेको सुरक्षित नागरिक आवास कार्यक्रमको लागि क्षेत्र नं २ तर्फ ३२५ लाभग्राही संख्यालाई विलको आधारमा दोश्रो किस्ता वापत रु.६४६०७२६ र क्षेत्र नं १ तर्फ १२० लाभग्राही संख्यालाई रु.२४०५४४३ गरी जम्मा रु.८८६६१६९।०० खर्च लेखेको छ । उक्त निर्माण कार्यको लागि वित्तरुण गरेको रकमको अद्यावधिक एकिन हुने लाभग्राही संख्याको एकिकृत विवरण नराखेको तथा वित्तरण अनुगमन र कार्यसम्पन्न प्रतिवेदन संलग्न नहुँदा तोकिएको कार्यक्रममा खर्च भयो भएन एकिन गर्न सकिएन । साथै सम्बन्धित शाखाबाट एकिकृत विवरण नराखेको तथा पेश गरेको सफ्टकपी विवरण अनुसार आर्थिक प्रशासन शाखाको खर्च विवरण संग भिडान गरेको देखिएन जसले गर्दा लाभग्राहीलाई भएको किस्ता भुक्तानी सम्बन्धमा विश्वस्त हुन सकिने आधार छैन । यस तर्फ कार्यालयको ध्यानाकर्षण भई किस्ता भुक्तानी सम्बन्धमा अभिलेख भिडान गर्नुपर्दछ ।

६७ **भ्याकसिन भण्डारण रेफिरजेटर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । भौ.नं.४१।०७९।११।११ सशर्त पूजिगतर्फ Inj.Oxytocin भण्डारणका लागि युनाइटेड मेडिको फर्माबाट रु.३९३२४०।०० मा ILR Refrigerator Haier HBC-80 सोझै खरिद गरेको पाईयो । उक्त सामानको आधिकारिक विक्रेता र वारेन्टी सम्बन्धमा समेत उल्लेख गरेको पाईएन । पालिकाले खरिद कार्य गर्दा बजार दर, अनलाईन वेबसाईटमा भएको छुट सहितको दर तथा आधिकारिक विक्रेताहरुसंगको दर लिएर मितव्ययी रुपले लागत अनुमान बनाई सोही अनुसारको रकममा प्रतिस्पर्धा गराई खरिद कार्य मितव्ययी रुपमा गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।पालिकाले मितव्ययियता कायम हुने गरी प्रतिस्पर्धात्मक रुपले खरिद गर्नुपर्दछ ।

६८ **फर्निचर खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष देहयानुसारको आपुर्तिकर्ताबाट टुक्रा टुक्रा पारी फर्निचर सोझै गरेको नियम सम्मत नदेखिएको रु.

| भौ नं | आपूर्तिकर्ता | रकम रु |
|---|---|---|
| ३३।०७९।६।३० | जोशी फर्निचर ग्यालरी | ५५४७७३ |
| ९३। ०७९।८।२६ | एभरेष्ट फर्निचर उद्योग | ९३१६८५ |
| ९६।०७९।८।२८ | प्रकृति फर्निचर्स प्रा.लि. | ६४८१६८ |
| १७६।०७९।१०।२७ | जोशी फर्निचर ग्यालरी | २३५३७९ |
| ३९५।०७९।१२।३० | श्रेष्ठ फर्निचर उद्योग | ८९३०६३ |
| १०८०।८०।३।१७ | न्यू प्रकृति फर्निचर उद्योग | ९७६६०२ |
| | | ४२३९६७० |

पालिकाले खरिद कार्य गर्दा बजार दर, अनलाई वेबसाईटमा भएको छुट सहितको दर तथा आधिकारिक विक्रेताहरुसंगको दर लिएर मितव्ययी रुपले लागत अनुमान बनाई सोही अनुसारको रकममा प्रतिस्पर्धा गराई खरिद कार्य मितव्ययी रुपमा गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । खरिद भएका सामाग्रीहरुको फुल स्पेशिफिकेसनरमोडेल तथा सिरियल नम्बर खुलाई पाम्समा जिन्सी आम्दानी बाँधेको छैन । यस तर्फ पालिकाको ध्यानाकर्षण पर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | ४२,३९,६७० |

६९ **सि सि क्यामेरा –**

क) दाखिला प्रमाण - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ७८(२) अनुसार सार्वजनिक निकायले सरकारी सरकारी माल समान दाखिला गर्दा एक वर्ष भन्दा बढी टिकाउ हुने तथा प्रति एकाई मुल्य रु.५००० भन्दा बढी मूल्य पर्ने माल समान खर्च भएर नजाने खातामा दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ । भौ नं १२३१।०८०।३।२२ बाट सिसि क्यामेरा खरिद वापत स्टार कम्प्यूटरलाई रु.४२८२१०.०० भुक्तानी भएकोमा उक्त सि सि क्यामेरा जिन्सी दाखिला गरेको देखिएन । उक्त सि सि क्यामेराको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

ख) सोको अतिरिक्त कार्यालयले देहाय अनुसार समेत सि सि क्यामेरा खरिद गरेको छ ।

| | | | |
|---|---|---|---|
| ४२७।०८०।१।१९ | सि.सि.क्यामेरा ३ वटा | आइटेक्नोलोजी सप्लायर्स | १४४८९८ |
| ७३३।०८०।२।२२ | सि.सि.क्यामेरा जडान | रासी आई.टी.इलेक्ट्रोनिक्स प्रा.लि | ३४९२७७ |
| | जम्मा | | ४९४१७५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,२८,२१० |

७० **बायोग्यास चुलो खरिद -** पालिकाले यस वर्ष बायोग्यास चुलो खरिद अनुदान अन्तर्गत रु.४१२५००० खर्च गरेकोमा देखिएका व्यहोरा निम्न छन् ।

७०.१ **अनुदानको उपयोग -** पालिकाले ७५० घरधुरीलाई तोकिएको स्पेसिफिकेशन अनुसारको चुलो खरिद कम्पनी र वडा कार्यालयको सिफारिसको आधारमा खरिद मुल्यको पचास प्रतिशत वा बढीमा रु.५५०० व्यक्तिग अनुदान रकम उपलब्ध गराउने निणर्य अनुसार ७५० घरधुरीलाई जम्मा रु.४१२५००० खर्च गरेको पाईयो । सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी जीवस्तरमा सुधार आए/नआएको संम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ । कार्यालयले वितरण गरेको अनुदानको केहि नमुना परीक्षण गर्दा लाभग्राहीलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्देश्य अनुरुप अनुदानको सदुपयोग भएको हो/होईन एकिन गर्न सक्ने गरी अनुगमन मुल्याङ्कन नभएकोले अनुदानको प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिदैन । यसमा कार्यालयले सुधार गर्नुपर्दछ । सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी जीवनस्तरमा सुधार आए नआएको संवन्धमा प्रतिवेदन बनाउनुपर्दछ ।

७०.२ **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले लाभ्राहीले खरिद गरेका बायोग्यासको गुणस्तर परिक्षण गर्ने तथा स्पेसिफिकेशन अनुसार भए नभएको एकिन गर्नुपर्दछ ।

७१ **वर्षान्तमा खरिद -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को दफा ३४ र ३५ मा तोकिएका कार्यक्रम तथा खरिद कार्यहरु चौमासिकरुपमा कार्यान्वयन गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले चौमासिकगत रुपमा खरिद योजना बमोजिम खरिद कार्य नगरी २०८० असार मसान्तमा बढी खरिद खरिद गरेको पाईयो । वर्षान्तमा हुने खरिद कार्य नियन्त्रण गरी चौमासिकरुपमा खरिद योजना तथा कार्यक्रम बमोजिम खरिद कार्य गर्नु पर्दछ

७२ **पाइप सोझै खरिद र जडान -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष देहाय अनुसार ह्युमपाइप खरिद गर्न देहयानुसारको आपुर्तिकर्ताबाट खरिद कार्य गरी भुक्तानी गरेको छ। यसरी प्रतिष्पर्धा सिमित हुने गरी असार मसान्तमा बजेट खर्च गर्ने प्रयोजनले सोझै खरिद गर्नु हुँदैन । पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद कार्य गर्नुपर्नेमा सोझै खरिद गरेको नियमित देखिएन ।

साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्नेमा नापी, जडान सहितको प्राविधिक प्रतिवेदन, कार्यसम्पन्न, फोटो तथा अनुगमन सम्बन्धि कागजात समेत नराखेकोले सोको प्रमाण समेत पेश हुनपर्ने तथा सोझै खरिद गरेको नियमित नदेखिएको रु.

| भौ नं मिति | खरिद | आपूर्तिकर्ता | रकम |
|---|---|---|---|
| ३८।०७९।७।६ | ह्युमपाइप खरिद भुक्तानी बाँकी | आर.के कन्स्ट्रक्सन्स | ९७१०५१ |
| १३१६।०८०।३।२६ | हयूमपाइप खरिद | आरके कन्स्ट्रक्शन एण्ड सप्लायर्स | ३३५२९३ |
| १२७२।०८०।३।२३ | ह्युमपाइप खरिद | ऐना हेरेर निर्माण कन्स्ट्रक्शन प्रा.लि. | १९८०७२ |
| १२५०।०८०।३।२३ | ह्युमपाइप खरिद | प्रयास कंक्रिट पोल एण्ड ह्युमपाइप उद्योग प्रा.लि. | २००००० |
| १२४८।०८०।३।२३ | ह्युमपाइप खरिद | ऐना हेरेर निर्माण कन्स्ट्रक्सन | २०४४५६ |
| १२४४।०८०।३।२३ | ७ नं वडाका बिभिन्न स्थानमा ह्यमपाइप खरिद | ह्युमपाइप खरिद गरे वापत समर्पण सप्लायर्स | २९४६४७ |
| १२५८।०८०।३।२३ | होमपाइप खरिद | ऐना हेरेर निर्माण कन्स्ट्रक्सन | २७१९४५ |
| १२८६।०८०।३।२३ | होम पाइप खरिद | आर.के. कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २६६०२४ |
| १२४२।०८०।३।२३ | विद्युत पोल तार तथा ह्युमपाइप खरिद | समर्पण सप्लायर्स | ४७३०४६ |
| १२५२।०८०।३।२३ | ह्यामपाइप खरिद | प्रयास कंक्रिट पोल एण्ड ह्युमपाइप उद्योग प्रा.लि | १६७१९३ |
| १२४६।०८०।३।२३ | होम पाइप खरिद | समर्पण सप्लायर्स | ७०००० |
| | जम्मा | | ३४५१७२७ |

| | |
|---|---|
| अनियमित भएको | ३४,५१,७२७ |

७३ **फरक कार्यक्रमबाट विद्यालयमा आईटि ल्याब -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमा भित्र रही खर्च गर्नु पर्दछ। त्यसै गरी कार्यक्रम कार्यान्वियन पुस्तिका २०७९ अनुसार संघ सशर्त तर्फको रकम तोकिएको सम्बन्धित कार्यक्रममा खर्च गर्नुपर्दछ । पालिकाले विद्यालय कक्षा कोठा अनुदान (२ कोठे ४ कोठे भवन) सशर्त कार्यक्रमबाट देहाय अनुसारका विद्यालयको आईटी ल्याब कार्यमा खर्च गरेको नियम सम्मत नदेखिएको रु.

| भौ नं मिति | विद्यालय | कार्य | रकम |
|---|---|---|---|
| १०२।०८०।३।२१ | श्री अन्तराष्ट्रीय युवा वर्ष मा वि | विद्यालय आईटी ल्याब सामाग्री | ६५०००० |
| ११०।०८०।३।२२ | श्री बराहक्षेत्र मा वि | विद्यालय आईटी ल्याब सामाग्री | ६४५००० |
| | जम्मा | | १२९५००० |

| | |
|---|---|
| अनियमित भएको | १२,९५,००० |

७४ **विपद व्यवस्थापन** - यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

७४.१ **कानूनी व्यवस्थाको पालना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

७४.२ **विपद व्यवस्थापन कोषबाट खर्च** - पालिकाले घोराही नगर विपद व्यवस्थापन कोष (सञ्चालन), कार्यविधि २०७५ तर्जुमा गरी विपद व्यवस्थापन कोषबाट यस वर्ष देहायबमोजिम रु.१३८३९००५ खर्च गरेकोमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

| खर्च शीर्षक | राहत प्राप्त गर्ने | खर्च रु. |
|---|---|---|
| राहत बितरण | १७४ जना विपद् प्रभावितलाई | ४७८२००० |
| योजना निमाण तथा मर्मत | विभिन्न् योजनाहरु | ९०५७००५ |
| जम्मा रकम | | १३८३९००५ |

- पालिकाले यस वर्ष १७४ जना विपद् प्रभावितलाई नगद सहायता स्वरुप राहत वापत रु.४७८२०० खर्च गरेकोमा कार्यविधि बमोजिम विपद् प्रभावित एकिन गरेर राहत उपलब्ध गराउनुपर्नेमा राहत प्राप्त गर्ने व्यक्ति वास्तविक विपद प्रभावित हुन् वा होइनन् एकिन हुन सकेन । तसर्थ पालिकाले वास्तविक पिपद प्रभावितलाई एकिन गरेर मात्र राहत उपलब्ध गराउनु पर्दछ ।
- पालिकाले उप महानगर क्षेत्र भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट हुन सक्ने जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी कार्यविधि तर्जुमा गरेकोमा पालिकाले कार्यविधि विपरित विभिन्न योजनहरुको मर्मत कार्यमा खर्च गरेको पाईयो । यस्तो खर्च प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

७५ **घोराही चोक देखि गुलरिया पार्कसम्म सडक पिच** - ठेक्का नं. NCB-02/78-79 घोराही चोक देखि गुलरिया पार्कसम्म सडक पिच निर्माण कार्यका लागि २०७९।३।३२ मा कार्यसम्पन्न हुने गरी रु.२३१५५३६०।२६ मा २०७८।११।४ मा निर्माण व्यवसायी पुषपाञ्जली।पि.एस. जेभीसंग सम्झौता भएकोमा २०७९।१०।१८ मा प्रथम विल वापत रु.५०००८५२।५८ भुक्तानी भएको देखिन्छ । उक्त ठेक्काको म्याद २०७९।११।३० सम्म थप गरिएकोमा कार्य सम्पन्न भएको छैन । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन्

७५.१ **म्याद र पूर्वनिर्धारित क्षतिपूर्ति** - उक्त ठेक्काको म्याद २०७९।११।३० सम्म भएको तथा त्यसपश्चात म्याद थप नभएको, साईटमा निर्माण कार्य नभएको, हाल निर्माण स्थलमा निर्माण व्यवसायीको कुनै पनि मेशिन उपकरणहरु निर्माण स्थलमा नदेखिएको र पटक पटक खबरदारी गराउँदा समेत निर्माण कार्य अलपत्र परेको प्राविधिक प्रतिवेदन, कार्यालयको प्रकाशित

सूचनालाई समेत वेवास्ता गरी कार्य सूचारु नगरेको हुँदा २०७९।११।३० बाट लागू हुने गरी सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौं संशोधन) को नियम १२१"क" र ठेक्का सम्झौतामा भएको प्रावधान GCC 55 र SCC 55.1 बमोजिम प्रति दिन सम्झौता रकम रु.२३१५५३६०।२६ को ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्तिको अधिकतम म्याद २०८०।६।१३ सम्म २०० दिनको हुने रु.२३१५५३६।०२ पूर्वनिर्धारित क्षतिपूर्ति निर्माण व्यवसायी पुष्पाञ्जली।पि.एस. जेभीको रनिंग विल भुक्तानी हुँदा असुरउपर गर्ने गरी प्रक्रिया अगाडि बढाउने निर्णय भएको देखिएकोले उक्त पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,१५,५३६ |

७५.२ **पेश्की जोखिम -** निर्माण व्यवसायी पुष्पाञ्जली।पि.एस. जेभीलाई २०७८।७९ मा रु.२० लाख पेश्की भुक्तानी भएकोमा पेश्की जमानतको कागजात पेश नभएको र ठेक्काको म्याद थप समेत नभएको उक्त म्याद नाघेको पेश्की जोखिममा देखिएकोले असुल गरी फर्छ्यौट हुनुपर्ने रु.

| | |
|---|---|
| पेश्की | २०,००,००० |

७५.३ **कार्यसम्पादन जमानत -** घोराही चोक देखि गुलरिया पार्कसम्म सडक पिच ठेक्का नं. NCB-02/78-79 का निर्माण व्यवसायी पुष्पाञ्जली।पि एस जेभी सम्झौता अनुसार रु.४०७६६६३।०० कार्यसम्पादन जमानत राख्नुपर्नेमा उक्त कार्यसम्पादन जमानत लेखापरीक्षणको क्रममा पेश भएन । पालिकाले अद्यावधिक कार्यसम्पादन जमानत पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,७६,६६३ |

७५.४ **भेरिएसन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वनुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाई तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ ।पालिकाले उक्त ठेक्काको ४.९६ प्रतिशत बढी हुने गरी रु.२४३०३५७१।४६ कायम गरी २०७९।१०।१३ मा भेरिएसन जारी गरेको जनाएपनि भेरिएसन सम्बन्धि फाईल पेश भएको छैन । पालिकाले प्राविधिक पुष्ट्याई सहित स्पष्ट कारण खुलाई मात्र भेरिएसन गर्नुपर्दछ ।

७५.५ **विटुमीन गुणस्तर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परिक्षण गर्नुपर्ने व्यवस्था छ ।निर्माण व्यवसायीलाई पालिकाबाट रनिंग विल अनुसार सब वेश आईटम सम्मको केही भुक्तानी भए तापनि सडक कालोपत्रे गर्दा न्यून गुणस्तरको विटुमीन प्रयोग गरेबाट पिच उपकिएको र यस सम्बन्धमा ठेकेदारले विटुमीन आपूर्तिकर्तालाई उच्च अदालतमा मुद्धा हालेकोले र उक्त मुद्धा चालु रहेको पालिकाले जनाएको छ ।

७६ **भेसाही चोक देखि वडा नं ४ कार्यालयसम्म सडक पिच -** ठे.नं. NCB- 17/79-80 भेसाही चोक देखि वडा नं ४ कार्यालयसम्म सडक पिचनिर्माण कार्यका लागि रु.४१९६९७४९।९४ को लागत अनुमान तयार गरी २०८०।३।३१ मा कार्यसम्पन्न हुने गरी रु.३०८७५६१३।६८ मा २०८०।२।१७ मा निर्माण व्यवसायी के.बि।गुरुङजेभीसंग सम्झौता भएकोमा २०८० असारसम्ममा प्रथम विल वापत रु.३८३१८८२।७० भुक्तानी भएको देखिन्छ। उक्त ठेक्काको म्याद २०८०।३।३१ सम्म म्याद रहेकोमा निर्माण व्यवसायीले २०८०।३।७ मा म्याद थपको निवेदन दिएको म्याद थपको निर्णय पेश भएको छैन । ठेक्काको अद्यावधिक विमा समेत पेश भएको छैन । पालिकाले उक्त निर्माण कार्यको पिच गर्ने

कार्य मात्र बाँकी रहेको जनाएको छ । पालिकले सम्झौता अनुसार तथा खरिद नियमावलीको नियम अनुसार म्याद थप गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन्।

- **पेश्की जोखिम -** निर्माण व्यवसायी के.बि।गुरुङ जेभीलाई आर्थिक वर्ष २०७९।८० मा रु.२७ लाख पेश्की भुक्तानी भएकोमा पेश्की वापतको बैंक जमानत म्याद गुज्रेको र ठेक्काको म्याद थप समेत भएको उक्त म्याद नाघेको पेश्की जोखिममा देखिएकोले असुल गरी फर्छ्यौट हुनुपर्ने रु.

| | |
|---|---|
| पेश्की | २७,००,००० |

७७ **खैरा कोठरी सडक NCB-06/78-79 -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

७७.१ NCB-06/78-79, खैरा कोठरी सडक पिच निर्माण कार्यका लागि २०७९।३।३२ मा कार्यसम्पन्न हुने गरी रु.१०२१३०४३।०० मा २०७८।१०।७ मा निर्माण व्यवसायी रोयल विल्डर्ससंग सम्झौता भएकोमा निर्माण व्यवसायीलाई २०७८।७९ मा रु.९ लाख पेश्की दिएको तर २०७९।८० सम्म कुनै पनि भुक्तानी भएको देखिदैन । उक्त कार्यको प्रगति सम्बन्धमा समेत पालिकाले विवरण पेश गरेको छैन । सार्वजनिक खरिद कानुन तथा सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गराउने सम्बन्धमा पालिकाले आवश्यक निर्णय गर्नुपर्ने देखिन्छ ।

७७.२ **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ क मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा पूर्व निर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था छ । उक्त ठेक्काको म्याद २०७९।३।३२ सम्म भएको तथा त्यसपश्चात म्याद थप नभएको, साईटमा निर्माण कार्य नभएको तथा कार्य प्रगति नगरेको कारण र पटक पटक खबरदारी गराउँदा समेत निर्माण कार्य अलपत्र परेको प्राविधिक प्रतिवेदन, कार्यालयको प्रकाशित सूचनालाई समेत वेवास्ता गरी कार्य सूचारु नगरेको हुँदा उपमहानगरपालिकाको २०८०।९।१० को १५०औं कार्यपालिकाको बैठकले सार्वजनिक खरिद नियमावली, २०६४ (बाह्रौ संशोधन) को नियम १२१"क" र ठेक्का सम्झौतामा भएको प्रावधान बमोजिम म्याद समाप्त भएको मितिले प्रति दिन सम्झौता रकम रु.१०२१३०४३।०० को ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्तिको अधिकतम २०० दिनको हुने रु.१०२१३०४।०० पूर्वनिर्धारित क्षतिपूर्ति निर्माण व्यवसायी रोयल विल्डर्ससंग असुल उपर गर्ने निर्णय भएको देखिएकोले उक्त पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,२१,३०४ |

७७.३ **पेश्की जोखिम -** निर्माण व्यवसायी रोयल विल्डर्सलाई आर्थिक वर्ष २०७८।७९ मा दिएको पेश्की मध्ये रु.९००००० लाख पेश्की बाँकी रहेकोमा पेश्की वापतको बैंक जमानत रु.९५००००।०० को म्याद २०२४ मे १३ सम्म रहेको र पालिकाले २०८०।३।२८ मा बैंकलाई जफतका लागि पत्र लेखेकोमा हाल सम्म दाखिला नगरेकोले ठेक्काको म्याद थप समेत नभएको उक्त म्याद नाघेको पेश्की जोखिममा देखिएकोले असुल गरी फर्छ्यौट हुनुपर्ने रु.

| | |
|---|---|
| पेश्की | ९,५०,००० |

७८ **गैरागाउ देखि कर्जाहीसम्म सडक पिच निर्माण कार्य -** ठे.नं. NCB- 06/79-80 गैरागाउ देखि कर्जाहीसम्म सडक पिच निर्माण कार्यका लागि रु.१५३३८१२६।५९ को लागत अनुमान तयार गरी २०८०।३।३१ मा कार्यसम्पन्न हुने गरी रु.११९७०६५६।४५ मा २०७९।११।२६ मा निर्माण व्यवसायी टि.के।राज ईन्जिनियरिङ जेभीसंग सम्झौता भएकोमा २०८० असारसम्ममा प्रथम विल वापत रु.६६९६३४१।७४ भुक्तानी भएको देखिन्छ । उक्त ठेक्काको म्याद

२०८०।९।२९ सम्म थप गरिएको देखिन्छ ।सम्झौता अनुसार समयमै निर्माण कार्य सम्पन्न गराउनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन्।

- **नापी पेश नभएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। निर्माण व्यवसायीलाई प्रथम विलको भुक्तानी दिंदा देहाय अनुसारको आईटमको नापी संलग्न वेगर विल भुक्तानी गरेकोले सोको नापी किताब पेश हुनुपर्ने रु.

| आइटम नं | कार्य | परिमाण | दर | रकम रु |
|---|---|---|---|---|
| २.२ | Roadway Excavation | २२३२. ३५ घ मी | २५० | ५५८०८७ |
| २.३ | Sub Grade | ८२६. २० घ मी | ५०० | ४१३१०० |
| ३.१ | Excavation For Hume Pipe | २८. ३१ घ मी | ३०० | ८४९३ |
| ३.२ | Providing and Laying Boulder Stone For Hume Pipe | ३. ८५ घ मी | ५००० | १९२५० |
| ३.३ | PCC 1:2:4 for Hume Pipe | ३. ६९ घ मी | १४००० | ५१६६० |
| ३.४ | RR Stone Masonary Work | १२. ८५ घ मी | ८००० | १०२८०० |
| ३.५ | Hume Pipe | २२. ५० र मी | १०००० | २२५०० |
| | | | प्रमाण पेश नगरेको | ११,७५,८९० |

७९ **नारायणपुर स्वास्थ्य संस्था भवन -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

७९.१ NCB-07/78-79, नारायणपुर स्वास्थ्य संस्था भवननिर्माण कार्यका लागि २०७९।३।३२ मा कार्यसम्पन्न हुने गरी रु.६४४४१९४।५८ मा २०७८।१२।७ मा निर्माण व्यवसायी रोयल विल्डर्ससंग सम्झौता भएकोमा निर्माण व्यवसायीलाई २०७८।७९ मा रु.२५००००।०० लाख पेश्की दिएको तर २०७९।८० सम्म कुनै पनि भुक्तानी भएको देखिंदैन । उक्त कार्यको प्रगति सम्बन्धमा समेत पालिकाले विवरण पेश गरेको छैन । सार्वजनिक खरिद कानुन तथा सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गराउने सम्बन्धमा पालिकाले आवश्यक निर्णय गर्नुपर्ने देखिन्छ ।

७९.२ **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ क मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा पूर्व निर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था छ । उक्त ठेक्काको म्याद २०७९।३।३२ सम्म भएको तथा त्यसपश्चात म्याद थप नभएको, साईटमा निर्माण कार्य नभएको तथा कार्य प्रगति नगरेको कारण र पटक पटक खबरदारी गराउँदा समेत निर्माण कार्य अलपत्र परेको प्राविधिक प्रतिवेदन, कार्यालयको प्रकाशित सूचनालाई समेत वेवास्ता गरी कार्य सूचारु नगरेको हुँदा उपमहानगरपालिकाको २०८०।९।१० को १५०औं कार्यपालिकाको बैठकले सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौ संशोधन) को नियम १२१"क" र ठेक्का सम्झौतामा भएको प्रावधान बमोजिम म्याद समाप्त भएको मितिले प्रति दिन सम्झौता रकम रु.६४४४१९४।५८ को ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्तिको अधिकतम २०० दिनको हुने रु.६४४४१९।०० पूर्वनिर्धारित क्षतिपूर्ति निर्माण व्यवसायी रोयल विल्डर्ससंग असुल उपर गर्ने निर्णय भएको देखिएकोले उक्त पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्ने रु.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ६,४४,४१९ |

७९.३ **पेश्की जोखिम** - निर्माण व्यवसायी रोयल विल्डर्सलाई आर्थिक वर्ष २०७८।७९ मा दिएको पेश्की मध्ये रु.९००००० लाख पेश्की बाँकी रहेकोमा पेश्की वापतको बैंक जमानत रु.२५००००।०० को म्याद २०२४ मे १३ सम्म रहेको र पालिकाले २०८०।३।२८ मा बैंकलाई जफतका लागि पत्र लेखेकोमा हाल सम्म दाखिला नगरेकोले ठेक्काको म्याद थप समेत नभएको उक्त म्याद नाघेको पेश्की जोखिममा देखिएकोले असुल गरी फर्छ्यौट हुनुपर्ने रु.

| | | |
|---|---|---|
| | पेश्की | २,५०,००० |

८० **सडक विभाग देखि धारापानी जाने सडक** - NCB-06/77-78 सडक विभाग देखि धारापानी जाने सडक अस्फालट सडकनिर्माण कार्यका लागि २०७८।३।३१ मा कार्यसम्पन्न हुने गरी रु.११९७५२६४।३६ मा २०७७।१०।८ मा निर्माण व्यवसायी तिरुपाते निर्माण सेवासंग सम्झौता भएको देखिन्छ । उक्त ठेक्काको म्याद २०८०।७।३० सम्म म्याद थप भएको जनाएपनि म्याद थपको फाईल पेश भएन । २०८० असार सम्म दोश्रो रनिङ विलसम्म रु.९२३४५८३।०० (७७ प्रतिशत प्रगति) भुक्तानी भएको देखिन्छ । उक्त खण्डमा अन्य निकायबाट समेत नाली निर्माणको कार्य भईरहेकोले निर्माण कार्यमा ढिलाई भएको पालिकाले जनाएको छ । एउटै खण्डको सडक र नाली निर्माणको कार्यका लागि दुई वटा निकायबाट ठेक्का व्यवस्थापन भएको र पहिलो कार्यसम्पन्न नहुँदै दोश्रो कार्यको लागि ठेक्का व्यवस्थापन गर्नु उचित देखिएन ।यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार छन्:

८०.१ **लागन अनुमानमा चौडाई नखुलाएको** - सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा सडकको चेनेज खुलाई सोही अनुसार चेनेज अनुसार सडकको चौडाई नखुलाई एकमुष्ट परिमाण राखेको देखिन्छ । उक्त सडक खण्डमा साविकको सडक समेत रहेको र नयाँ सडक चौडाई गर्ने समेत रहेकोमा चेनेज नखुलाएको उचित देखिएन । निर्माणाधिन सडकको नापी अनुसार सडको चौडाई ७.५ मीटर देखि ११.२५ मीटरसम्म देखिएकोले एकरुपता भएको देखिएन तथा वास्तविक परिमाण सम्बन्धमा विस्वस्त हुन सकिने अवस्था छैन । यस सम्बन्धमा चेनेज अनुसारको लागत अनुमान र परिमाण एकिन गरी सोही अनुसार कार्य गराउनुपर्दछ ।

८०.२ **पेश्की जोखिम** - ठेक्काको म्याद शत प्रतिशत भन्दा बढी भईसकेको अवस्थामा समेत पेश्की कट्टी भई नसकेको र बाँकी पेश्की रु.५०००००।०० को बैंक जमानतको म्याद समेत गईसकेकोले उक्त म्याद नाघेको पेश्की जोखिममा देखिएको हुँदा पेश्की असुल गरी फर्छ्यौट हुनुपर्ने रु.

| | | |
|---|---|---|
| | पेश्की | ५,००,००० |

८१ **खरिद कारवाही अभिलेख** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

८२ **घटी पेश्की कट्टी -** ठेक्का नं NCB-07/79.80, चार कोठे भवन मा वि तोष वडा नं १९ निर्माण कार्यका निर्माण व्यवसायी मास ड्रिम विल्डर्स प्रालिसंग रु.८९३०३९४।९१ मा सम्झौता भई तेश्रो रनिंग विल सम्म रु.३७६७९५६।५३ भुक्तानी भएको र पेश्कि वापत रु.६९६०००।०० भुक्तानी भएको देखिएकोमा सम्झौताको दफा ५७.३ मा निर्माण कार्य मूल्यांकन भुक्तानी ३० प्रतिशत नाघेको विल देखि लागू हुने गरी प्रत्येक रनिंग विलबाट ५० प्रतिशतका दरले उक्त विलबाट पेश्की कट्टी गर्नुपर्ने उल्लेख भएकोमा तेश्रो रनिंग विलबाट सबै पेश्कि रु.६९६०००।०० कट्टी गर्नुपर्नेमा पेश्की घटी कट्टी भएकोले पेश्की कट्टी गरी फर्छ्यौट गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९६,००० |

८३ **NCB-08/77-78 -** दामोदर चोक देखि आर्मी व्यारेक सम्म सडक तथा नाला निर्माण कार्यका लागि खड्का।कृष्ण।तिरुपाते।बंगलामुखी जेभीसंग २०७७।१२।४ मा रु.५५४०१०१०।६० (भेरिएसन पश्चात ४९२३६०७८।२०) सम्झौता भई २०७९।३।३२ सम्म सम्पन्न गर्नुपने रहेकोमा दुई पटक म्याद थप २०८०।१।३० सम्म गरी २०८०।१।२६ मा कार्यसम्पन्न गरेको देखिन्छ । उक्त निर्माण व्यवसायीलाई छैठौं तथा अन्तिम विलसम्म मूल्य समायोजन रु.७३०८७९०।६८ र कार्यको रु.४८५८५७३४।३० मूअकर समेत भुक्तानी भई कार्य सम्पन्न भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनसार रहेका छन्।

८३.१ **मूल्य समायोजन -** निर्माण व्यवसायी खड्का।कृष्ण।तिरुपाते।बंगलामुखी जेभीलाई तेश्रो रनिंग विलसम्मको मूल्य समायोजन मूअकर बाहेक रु.१८०१८०२।०० भएकोमा यस वर्ष चौथो देखि छैठौं रनिंग विलसम्म मूअकर बाहेक रु.४६६६१५३।०० समेत रु.६४६७९५६।०० भुक्तानी भएकोमा निर्माण सामाग्री ($M_0$) को बेश ईन्डेक्स १०४.५० हुनुपर्नेमा १०३.६र मेशिनरी ($E_0$) को ११२.७० हुनुपर्नेमा ११२.२ भएकोले गुनण फ्याक्टर बढी देखिएको कारण देहाय अनुसार मूअकर समेत रु.२३९४९५।०० बढी मूल्य समायोजन भुक्तानी भएको असुल गर्नुपर्ने रु.

| रनिंग विल | मूल्य समायोजन लागू हुने विल रकम | हुनुपर्ने मूल्य समायोजन फ्याक्टर | दिनुपर्ने मूल्य समायोजन रकम रु |
|---|---|---|---|
| प्रथम | ३,१६८,१०५.७६ | १.१०८ | ३४२,१५५.४२ |
| दोश्रो | ६,७१६,३१७.१८ | १.११३ | ७५८,९४३.८४ |
| तेस्रो | ६,०६०,७३१.४५ | १.१६७ | १,०१२,१४२.१५ |
| चौथो | ४,८७६,७२९.९२ | १.१८८ | ९१६,८२५.२२ |
| पाँचौं | ९,५६३,८०२.४१ | १.१८८ | १,७९७,९९४.८५ |
| छैठौं | ७,५९५,४९४.३८ | १.१८८ | १,४२७,९५२.९४ |
| भुक्तानी हुनुपर्ने जम्मा मूल्य समायोजन | | | ६,२५६,०१४.४२ |
| भुक्तानी भएको मूल्य समायोजन | | | ६,४६७,९५६.३५ |
| मूल्य समायोजन बढी भुक्तानी | | | २११९४१ |
| मूल्य समायोजन बढी भुक्तानी मूअकर समेत | | | २३९४९५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३९,४९५ |

८३.२ **भेरिएसन -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वनुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाई तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ ।त्यसैगरी खरिद नियमावलीको दफा ११८ मा समेत भेरिएसन सम्बन्धि व्यवस्था रहेको छ । प्राविधिक तथा विशेषज्ञ समूहको सिफारिसमा सडको चौडाई केही घटी।बढी हुन गएको, विद्युतीय पोलहरु नसारेकोले फुटपाथ र नालाको कार्य घटाएको हुँदा शुरु सम्झौता रु. ५५४०१०१०।६० मा ११.१३ प्रतिशत घटी भई रु.४९२३६०७८।२० कायम गरी कार्यपालिकाको मिति २०८०।१।१० अनुसार भेरिएसन स्वीकृत गरेको छ । पालिकाले लागत अनुमान तयार तथा स्वीकृत गर्दा ध्यान दिई सोही अनुसार तोकिएको कार्य गराउनुपर्दछ ।

---

८४ **पेश्की जोखिम -** ठेक्का नं NCB-11/79.80, घोराही १० डाबरको भमई सोतामा कल्भर्ट निर्माण कार्यका निर्माण व्यवसायी पन्चकोशी कन्स्ट्रकसनसंग रु.७९३२६५४।८३ मा सम्झौता भई म्याद थप समेत २०८०।१२।२९ सम्म म्याद थप भएकोमा पेश्की रु.६९००००।०० र प्रथम रनिंग विल वापत रु.२१२८४५२।०० भुक्तानी भएकोमा पेश्कि जमानतको म्याद गुज्रेकोमा अद्यावधिक पेश्की जमानत पेश गरेको छ । उक्त पेश्की सम्झौताको शर्त अनुसार म्याद भित्र फर्छ्यौट हुनुपर्दछ ।

---

८५ **पालिका प्रशासनिक भवन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (३) मा सम्झौतामा उल्लेखित भएको परिमाण बमोजिमको निर्माण कार्य सम्पन्न पश्चात प्राविधिक नापजाँचका अधा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ NCB-09/77-78, प्रशासनिक भवन निर्माणका लागी उपमहानगरले रु.२५२३२०९८६ को लागत अनुमान तयार गरी २०७८।१।६ मा निर्माण व्यवसायी श्री गौरी पार्वती/बस्नेत/भुसाल जे.भी. सँग रु.२००५९२८५२।२१ मा २०८०।०१।३१ सम्म कार्यसम्पन्न गर्ने सम्झौता भएकोमा २०८०।३।३१ सम्म म्याद थप भएको देखिन्छ ।निर्माण व्यवसायीलाई २०७८।७९ सम्म प्रथम विल वापत रु.१२७५५२७०।०० (६.३५प्रतिशत) भुक्तानी भएको देखिन्छ भने २०७९।८० मा भुक्तानी भएको छैन ।निर्माण व्यवसायीले म्याद थपका लागि निवेदन दिएकोमा म्याद थप प्रक्रियामा रहेको पालिकाले जनाएको छ । निर्माण व्यवसायीलाई सम्झौता अनुसार पेश्की दिईएकोमा रु.१५०३५०००।०० पेश्की बाँकी रहेकोले कार्य प्रगति बढाई उक्त पेश्की सिघ्र फर्छ्यौट हुनुपर्दछ ।

निर्माण व्यवसायीले पेश गरेको work schedule अनुसार पहिलो ५ महिनामा जगको काम सम्पन्न गर्ने, २०७९ कार्तिकमा सम्पूर्ण ढलान र पौष महिना सम्ममा गारो लग कार्य सम्पन्न गरी २०८० जेष्ठ महिनामा भवन हस्तान्तरण गर्ने उल्लेख रहेकोमा निर्माण व्यवसायी बिचमा सम्पर्कविहिन रहेकोमा हाल सम्पर्कमा आई कार्य सूचारु गरेको पालिकाले जनाएको छ । निर्माण स्थलको अवलोकन गर्दा जगको कार्य समेत सम्पन्न गरी हाल कोलम राख्ने कार्य भई रहेको अवस्था छ ।



पालिकाले निर्माण व्यवसायीलाई अद्यावधिक कार्यतालिका पेश गर्न लगाई निर्माण कार्यमा तिब्र गतिमा अगाडि बढाउनु लगाउनुपर्दछ । सम्झौतामा भएका शर्त र सार्वजनिक खरिदको कानुनी व्यवस्था अनुसार समयमै कार्य सम्पन्न गर्न

गराउन उपमहानगरपालिकाले ध्यान दिनुपर्दछ ।

८६ **१५ शैया अस्पताल -** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यससम्बन्धी स्पेसिफिकेसन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्ने उल्लेख छ। संघीय सरकारको नीति अनुसार यस उपमहानगरपालिकामा १५ शैयाको अस्पताल भवन निर्माणका लागी आ.व. २०७७।७८ मा ठेक्का व्यवस्थापन भई निर्माण व्यवसायी श्री राजेन्द्र निर्माण सेवा सँग २०७८।३।२८ मा रु.१०६६०४९०१।१६ मा सम्झौता भई कार्य सम्पन्न गर्ने म्याद २०७९।०८।२९ सम्म रहेको देखिन्छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मन्त्रालय र Nepal Health Sector Support Programme (NHSSP) बाट उक्त DPR को Review भएको हुनुपर्ने Review भई मात्र बजेट व्यवस्था हुने भएकोले बजेट अभावका कारण २०७८।७९ मा कार्य अगाडि नबढेको र जग्गाको सिमा विवादका कारण साईट नपाएकोले निर्माण कार्य सूचारु गर्न नसिकएको पालिकाले जनाएको छ ।सोही कारण पालिकाले निर्माण कार्यको म्याद २०८१।३।३१ सम्म थप गरेको देखियो । २०७८।७९ सम्म रु.४६९५००० मोबिलाइजेशन पेश्की भुकतानी भएकोमा २०७९।८० सम्म सोबाहेक अन्य रकम भुक्तानी नभएको देखिन्छ । हाल २०८०।८१ मा साईटमा निर्माण व्यवसायीले सामाग्री तथा जनशक्ति परिचालन गरी कार्य सूचारु गरेको जनाएको छ । पालिकाले ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाई खरिद कानुनमा भएको व्यवस्था तथा सम्झौताको शर्तहरुको पालना गरी म्याद थप सहित तोकिएको समयमा कार्य सम्पन्न गराउनुपर्दछ ।

निर्माण कार्य समयमै सम्पन्न गर्न आवश्यक पूर्व तयारी गरी मात्र ठेक्का व्यवस्थापन गर्न तालुक निकायले ध्यान दिनुपर्दछ।

८७ **जिल्ला प्रशासन देखि सहिद गेट सडक पिच -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न बमोजिम छन्।

८७.१ **पूर्व निर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१क मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा पूर्व निर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी वेस्टर्न डेभलपमेन्ट कन्स्ट्रकसनसंग रु.११५३४९२४।५९ मा २ पटक म्याद थप समेत २०८०।२।२५ सम्म कार्यसम्पन्न गर्नुपर्ने २०७७।१०।८ मा सम्झौता भएकोमा त्यसपश्चात म्याद थप नभएको, साईटमा निर्माण कार्य नभएको तथा कार्य प्रगति नगरेको कारण र पटक पटक खबरदारी गराउँदा समेत निर्माण कार्य अलपत्र परेको प्राविधिक प्रतिवेदन, कार्यालयको प्रकाशित सूचनालाई समेत वेवास्ता गरी कार्य सूचारु नगरेको टिप्पणीमा उल्लेख रहेको छ । उक्त निर्माण व्यवसायीलाई तेश्रो रनिंग विलसम्म रु.६०९४७६४।०० भुक्तानी भएको देखिन्छ । उपमहानगरपालिकाको २०८०।९।२ को १४९औं कार्यपालिकाको बैठकले सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौं संशोधन) को नियम १२१"क" र ठेक्का सम्झौतामा भएको प्रावधान ४७.१ बमोजिम म्याद समाप्त भएको मितिले प्रति दिन सम्झौता रकम रु.११५३४९२४।५९ को ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्तिको २०८०।९।१० सम्म अधिकतम २०० दिनको हुने रु.११५३४९२।०० पूर्वनिर्धारित क्षतिपूर्ति निर्माण व्यवसायीसंग असुल उपर गर्ने निर्णय भएको देखिएकोले उक्त पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,५३,४९२ |

८७.२ **पेश्की असुल -** निर्माण व्यवसायी वेस्टर्न डेभलपमेन्ट कन्स्ट्रकसनलाई दिएको पेश्की रु.५०००००।०० ठेक्काको म्याद थप समेत नभएकोले पेश्की जमानत जफत गरी पेश्कि फर्छ्यौट हुनुपर्ने रु.

| | |
|---|---|
| पेश्की | ५,००,००० |

८८ **सडक बोर्ड रुगण ठेक्का -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

८८.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (३) मा सम्झौतामा उल्लेखित भएको परिमाण बमोजिमको निर्माण कार्य सम्पन्न पश्चात प्राविधिक नापजाँचका अधा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ । ठेक्का नं NCB-26/77-78, भानपुर चोक देखि फुर्सेखाली क्षेत्रसम्म पिच सडक निर्माण कार्यका निर्माण व्यवसायी रोयल विल्डर्ससंग २०७८।५।१५ मा रु.८७२५१७९।०० मा सम्झौता भई २०७८।८।१५ सम्म कार्यसम्पन्न गर्नुपर्ने रहेकोमा २०७८।७९ मा प्रथम विल वापत रु.४६७४५६०।०० भुक्तानी भएको भएकोमा पेश्की रु.६९००००।०० र प्रथम रनिंग विल वापत रु.२१२८४५२।०० भुक्तानी भएको देखिन्छ । निर्माण व्यवसायी हाल सम्पर्कमा नरहेको र २०७९।८० मा ठेकेदारले कार्य नगरेको तथा भुक्तानी समेत नभएको पालिकाले जनाएको छ। सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार उक्त निर्माण कार्य नियमानुसार सम्पन्न गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

८८.२ **पेश्की जोखिम -**निर्माण व्यवसायी रोयल विल्डर्सलाई रु.४७५०००।०० भुक्तानी भएकोमा उक्त पेश्कीको बैंक जमानत समेत गुज्रेकोले जोखिममा रहेको उक्त पेश्की नियमानुसार फर्छ्यौट हुनुपर्ने रु.

| | |
|---|---|
| पेश्की | ४,७५,००० |

८८.३ **कार्यसम्पादन जमानत -** सम्झौता अनुसार निर्माण व्यवसायी रोयल विल्डर्सले राखेको कार्यसम्पादन जमानत वापत रु.१०५००००।०० को म्याद समेत गुज्रेकोले सोको म्याद थप समेत हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,५०,००० |

८९ **NCB-5/77-78 पूर्व निर्धारित क्षतिपूर्ति-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा पूर्व निर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था छ ।घोराही १७ लख्वारे कुलोदेखि धर्नासम्म सडक विस्तार तथा पिच निर्माण कार्यको लागि सोहन।आबा जे.भी संग २०७८।१०।७ मा रु.७८७४७८८।०० मा खरिद सम्झौता भएकोमा निर्माण व्यवसायीले कार्यसम्पन्न नगरेकोले पटक पटक मौखिक तथा पत्राचार र सूचना समेत प्रकासन गरेकोमा निर्माण व्यवसायी सम्पर्कमा नआएकोले म्याद सकिएको मिति २०७८।३।१९ बाट लागू हुने गरी सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौ संशोधन) को नियम १२१"क" र ठेक्का सम्झौतामा भएको प्रावधान ४७.१ बमोजिम म्याद समाप्त भएको मितिले प्रति दिन सम्झौता रकम रु.७८७४७८८।०० को ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्तिको अधिकतम २०० दिनको हुने रु.७८७४७८।८० लिने गरी २०८०।१०।७ सम्म म्याद थप गर्ने कार्यपालिका बैठकको निर्णय भएकोले उक्त पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,८७,४७८ |

९० **NCB-08/78-79** - कनर्रे देखि दल्जितपुर सम्म, भैसाही चोक देखि गैरागाउ हुदै सर्रा जोड्ने सडक र कटुवा खोला संखेपिपल देखि १८ न वडा कार्यलय हुदै अम्बिकेशोरी मन्दिर जाने सडक पिचनिर्माण कार्यका लागि २०७९।३।३२ मा कार्यसम्पन्न हुने गरी रु.३४३७५९२४।५९ मा २०७९।१।६ मा निर्माण व्यवसायी आर.डि.हाम्रो जेभीसंग सम्झौता भएकोमा २०८० असार सम्म चौथो रनिंङ विलसम्म रु.१२८०४०४८।०८ भुक्तानी भएको देखिन्छ । उक्त ठेक्काको म्याद २०८०।२।३० सम्म थप गरिएकोमा न्यून प्रगति रहि कार्य सम्पन्न नभएकोमा म्याद थपको प्रक्रियामा रहेको जनाएको छ ।उक्त ठेक्कामा साईट क्लियरेन्सको समेत समस्या रहेकोले समयमा कार्य सम्पन्न गर्न नसकिएको कार्यालयले

जनाएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन्

९०.१ **म्याद र पूर्वनिर्धारित क्षतिपूर्ति -** उक्त ठेक्काको म्याद २०८०।२।३० सम्म भएको तथा त्यसपश्चात म्याद थप नभएको, साईटमा निर्माण कार्य नभएको, हाल निर्माण स्थलमा निर्माण व्यवसायीको कुनै पनि मेशिन उपकरणहरु निर्माण स्थलमा नदेखिएको र पटक पटक खबरदारी गराउँदा समेत निर्माण कार्य अलपत्र परेको प्राविधिक प्रतिवेदन, कार्यालयको प्रकाशित सूचनालाई समेत वेवास्ता गरी कार्य सूचारु नगरेको हुँदा २०८०।२।३० बाट लागू हुने गरी सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौं संशोधन) को नियम १२१"क" र ठेक्का सम्झौतामा भएको प्रावधान GCC 55 र SCC 55.1 बमोजिम प्रति दिन सम्झौता रकम रु.३४३७५९२४।५९ को ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्तिको अधिकतम म्याद २०८०।९।१६ सम्म २०० दिनको हुने रु.३४३७५९२।४५ पूर्वनिर्धारित क्षतिपूर्ति निर्माण व्यवसायी आर.डि.हाम्रो जेभीको रनिंग विल भुक्तानी हुँदा असुरउपर गर्ने गरी प्रक्रिया अगाडि बढाउने निर्णय भएको देखिएकोले उक्त पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,३७,५९२ |

९०.२ **पेश्की जोखिम -** सम्झौताको दफा ५७.३ मा निर्माण कार्य मूल्यांकन भुक्तानी ३० प्रतिशत नाघेको विल देखि लागू हुने गरी प्रत्येक रनिंग विलबाट ४० प्रतिशतका दरले उक्त विलबाट पेश्की कट्टी गर्नुपर्ने देहाय अनुसारका विलबाट सम्झौता अनुसार घटि पेश्की काटेको देखिन्छ । साथै निर्माण व्यवसायी आर.डि.हाम्रो जेभीलाई आर्थिक वर्ष २०७८।७९ मा दिएको पेश्की मध्ये रु.२४ लाख पेश्की बाँकी रहेकोमा पेश्की वापतको बैंक जमानत म्याद गुज्रेको र ठेक्काको म्याद थप समेत नभएको उक्त म्याद नाघेको पेश्की जोखिममा देखिएकोले असुल गरी फर्छ्यौट हुनुपर्ने रु.

| | |
|---|---|
| पेश्की | २४,००,००० |

९१ **घट्टी कार्यसम्पादन जमानत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० अनुसार तथा सम्झौताको शर्त अनुसार निर्माण कार्यको कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था छ । ठेक्का नं NCB 14/78.79 गोग्ली मा वि देखि लक्ष्मिपुर जाने बाटो पिचका निर्माण व्यवसायी मष्ट बराह इन्फ्रास्ट्रक्चर्स प्रा लिसंग रु.१३०६०४८०।०० को लागत अनुमान भएकोमा २०७९।३।१६ मा रु.१३०११८३५।०० मा सम्झौतामा उल्लेख भएअनुसार ५ प्रतिशत कार्यसम्पादन जमानत रु.६५०५९१।०० राख्नुपर्नेमा रु.५७००००।०० राखेकोले रु.८०५९२।०० को त्रुटी सच्याउने अवधिसम्मको थप कार्यसम्पादन जमानत राख्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८०,५९२ |

९२ **NCB-11/77-78 -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

९२.१ **पूर्व निर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ क मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा पूर्व निर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था छ । सौरी थारु गाउँ देखि दक्षिण पानी टंकी चोकसम्म सडक पिचका निर्माण व्यवसायी वेस्टर्न डेभलपमेन्ट कन्स्ट्रकसनसंग रु.७१,३२,४२०।९२ मा २ पटक म्याद थप समेत २०८०।२।२५ सम्म कार्यसम्पन्न गर्नुपर्ने २०७८।१।५ मा सम्झौता भएकोमा त्यसपश्चात म्याद थप नभएको, साईटमा निर्माण कार्य नभएको तथा कार्य प्रगति नगरेको कारण र पटक पटक खबरदारी गराउँदा समेत निर्माण कार्य अलपत्र परेको प्राविधिक प्रतिवेदन, कार्यालयको प्रकाशित सूचनालाई समेत वेवास्ता गरी कार्य सूचारु

नगरेको टिप्पणीमा उल्लेख रहेको छ । उक्त निर्माण व्यवसायीलाई तेश्रो रनिंग विलसम्म रु.५१२२०९९।७५ भुक्तानी भएको देखिन्छ । उपमहानगरपालिकाको २०८०।९।२ को १४९औं कार्यपालिकाको बैठकले सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौ संशोधन) को नियम १२१"क" र ठेक्का सम्झौतामा भएको प्रावधान ४७.१ बमोजिम म्याद समाप्त भएको मितिले प्रति दिन सम्झौता रकम रु.७१,३२,४२०।९२ को ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्तिको २०८०।९।१० सम्म अधिकतम २०० दिनको हुने रु.७१३२४२।०० पूर्वनिर्धारित क्षतिपूर्ति निर्माण व्यवसायीसंग असुल उपर गर्ने निर्णय भएको देखिएकोले उक्त पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,१३,२४२ |

९२.२ **पेश्की जोखिम -** निर्माण व्यवसायी वेस्टर्न डेभलपमेन्ट कन्स्ट्रकसनलाई दिएको पेश्की रु.३१४०००।०० ठेक्काको म्याद थप समेत नभएकोले पेश्की जमानत जफत गरी पेश्कि फर्छ्यौंट हुनुपर्ने रु.

| | |
|---|---|
| पेश्की | ३,१४,००० |

९३ **नापी किताब, रनिंङ विल र कार्यसम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्यको लागि सम्बन्धित निर्माण कार्यको रनिंग विल भुक्तानीका लागि निर्माण कार्यको नापी गरी नापी किताबमा उल्लेख गरी सोही अनुसार रनिंग विल र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । यससम्बन्धमा तोकिएको ढाँचाको म.ले.प. फारम प्रयोग गर्नुपर्नेमा पालिकामा प्राविधिकहरु बिच सामान्यजस्ता नभएको र फरक किसिमले नापी, रनिंग विल र कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाईयो । साथै नापी किताबमा सबै आईटमको नापी नराख्ने, ठाउँ।स्थान र चेनेज नखुलाएने, मिति उल्लेख नगर्ने, रनिंग विलमा विल अफ क्वान्टिटी उल्लेख नगरी अद्यावधिक विल मात्र राख्ने, कार्य सम्पन्नमा लागत अनुमानको कोलम नराख्ने, विस्तृत नापी नराख्ने जस्ता कैफियत देखिएकाले नापी र भुक्तानी सम्बन्धमा यकिन हुन सकिने अवस्था छैन । पालिकाले यस्ता कागजातमा एकरुपता कायम हुने गरी तोकिएको मलेप फारम प्रयोग गरी उल्लेखित सम्पूर्ण विवरण भरि तयार गरेर मात्र भुक्तानी दिनुपर्दछ ।

९४ **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार रित पुगे नपुगेको तथा विल भरपाई चेकजाँच गरी मात्र भुक्तानी गर्नुपर्दछ । ठेक्का नं NCB-01/79-80 मनकामना निर्माण सेवालाई विल अफ क्वान्टिटीमा विमा वापत रु.३६०००।०० को सम्झौता रहेकोमा रु.४१५२६।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.५५२६।०० असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,५२६ |

९५ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

९६ **म्याद थप -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिव कारणबाट

खरिद सम्झौताको अवधि बढाउन सक्ने र सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा म्याद सकिनु अगावै निर्धारित कार्य सम्पादन जमानत, पेश्की जमानत, विमा, संशोधित कार्यतालिका र अन्य प्रमाण कागजात सहित निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । त्यसैगरी बाह्रो संशोधन नियम १२०क अनुसार उचित कारण, सोको पुष्ट्याई, संशोधित कार्यतालिका, कुनै किसिमको आर्थिक दाबी नगर्ने प्रतिबद्धता सहित २१ दिन भित्र म्याद थपको लागि निवेदन दिएमा सार्वजनिक निकायको प्रमुखले उक्त कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि यकिन गरी म्याद थप गर्न सकिने उल्लेख । साथै कार्यालयले म्याद थपको फाईल तथा कागजात व्यवस्थित रुपले नराखेकोले तथा केही ठेक्काको म्याद थप भएको जनाएतापनि लेखापरीक्षणको क्रममा कागजात तथा फाईल पेश गर्न नसकेकोले यससम्बन्धमा यकिन हुन सकिएन । सम्झौताको शर्त र खरिद नियमावली अनुसार तोकिएको समयमै कार्य सम्पन्न गराउनुपर्दछ ।

९७ **भेरिएशन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वनुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाई तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । पालिकाले NCB-25/77-78 श्री बाल विकास माध्यमिक विद्यालयको कक्षा कोठा निर्माणका लागि रु.७०७९४७२।८४ मा सम्झौता गरेकोमा पालिकाले ईटा, प्लाष्टर, रंगरोगन, ढोका झ्याल, सेनिटरी र विद्युतीकरण सम्बन्धि कार्यहरुमा परिमाण घटी बढी हुने भएकोले विशेषज्ञ समूहको सिफारिसमा ६.४४ प्रतिशतले बढी हुने भेरिएसन गरी रु.७७३४५४५।१० सम्झौता कायम गरी रु.६९३७६९७।०० मा कार्यसम्पन्न गरेको छ । लागत अनुमान तयार गर्दाको समयमा पूर्वानुमान गर्न सकिने आइटमहरुको कार्य परिमाण समेत लागत अनुमान तयार गर्दा छुट नभएको देखिएकोमा पालिकाले स्थानीयको माग र साईट अवस्थाको कारण उल्लेख गरी भेरिएशन भएको जनाएको छ । लागत अनुमानको तुलनामा सम्झौता रकमको ३.७५ प्रतिशत मात्र घटि भएकोमा पूर्वानुमान गरी लागत अनुमानमा राख्न सकिने परिमाण थपेकोले सम्झौता रकम बढेको पाईयो । निर्माण कार्यको लागत अनुमान तयार गर्दा पूर्वानुमान गर्न सकिने आइटम तथा परिमाणहरु लागत अनुमानमा समावेश गरी यथार्थ परक लागत अनुमान तयार गरी सम्झौता कार्यान्वयनको क्रममा भेरिएशन हुने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

९८ **कन्टिन्जेन्सी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सिको व्यवस्था गर्न सकिने व्यवस्था भएपनि सो रकम खर्च गर्ने, अभिलेख राख्ने एवं प्रतिवेदन गर्ने कार्यविधि तोकिएको छैन।कार्यालयले यो वर्ष देहाय अनुसार रु.५९ लाख ११ हजार कन्टिजेन्सी खर्च लेखेको विवरण प्राप्त भए पनि सोको अभिलेख, विस्तृत विवरण र मलेप फारम अनुसार तोकेको ढाँचामा नराखेकोले तथा प्रत्येक योजनाबाट ४ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टी गरेपनि सो अनुसारको खर्च विवरण पेश नगरेकोले यससम्बन्धमा यथार्थ विवरण प्राप्त भएको भन्न नसकिने भएकोले यकिन हुन सकिएन । अभिलेख नराखेकोले कन्टिन्जेन्सी खर्च लेखेको स्रेस्ता समेत छुटयाउन सकिएन । चालु प्रकृतिका कार्यहरु चालु शिर्षकमा बजेट व्यवस्था भएकोमा कन्टिन्जेन्सी तर्फ चालु खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ। तसर्थ सम्बन्धि निकायले यसको कार्यविधि बनाई खर्च गर्ने गराउने तथा आन्तरिक नियन्त्रण गरी मितव्यियता कायम हुने गरी मात्र खर्च गर्नुपर्दछ ।

| कन्टिन्जेन्सीको विवरण | खर्च रकम रु. |
|---|---|
| ज्याला | ३७५००० |
| इन्धन | १०१०००० |
| कार्यालय सम्बन्धि र खरिद | ३८४००० |
| विविध | ९५०००० |
| दैनिक भ्रमण भत्ता | १३०००० |
| अन्य परामर्श | २०६७००० |
| निर्माण तथा अन्य खर्च | ९९५००० |
| जम्मा | ५९११००० |

९९ **परामर्श -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नम्स बमोजिम तयार गर्नु पर्दछ । साथै नम्सहरुको प्रयोग गर्दा मितव्ययिता कायम गर्ने तर्फ समेत विचार गर्नु पर्दछ । पालिकाले यस वर्ष स्वीकृत बार्षिक कार्यक्रम तथ कन्टिन्जेन्सी रकमबाट समेत गरी रु.५४ लाख ६५ हजारको देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई भुक्तानी गरेको छ । उक्त प्रतिवेदनहरु कार्यान्वयनमा आउनु पर्दछ ।

| सि न | परामर्शदाताको नाम | कार्यको विवरण | लागत अनुमान | सम्झौता रकम | जम्मा भुक्तानी | सम्पन्न मिति र अवस्था |
|---|---|---|---|---|---|---|
| १ | पिनाकल इन्जिनियरीङ्ग सोलुसन एण्ड कन्सल्ट्यान्सी प्रा.ली | विभिन्न वडामा पर्ने प्याकेज वि भित्रका खोलानालाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार | ४९९२६४ | ४८४०९२ | ४८४०९२ | ८/५/२०७९ |
| २ | डि.वि. एस बिजनेस कन्सल्टिङ्ग प्रा.ली. | विभिन्न वडामा पर्ने प्याकेज ए भित्रका खोलानालाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार | ४९९२६४ | ४८२९६२ | ४८२९६२ | ८/८/२०७९ |
| ३ | न्यू प्लानेट इन्जिनियरीङ्ग सर्भिसेज प्रा.ली. | औद्योगिक ग्रामको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार | ४९५०४१ | ४८०५६६ | ४८०५६६ | ८/१९/२०७९ |
| ४ | रारा इन्जिनियरीङ्ग कन्सल्टेन्सी | वडा नं ५ शहिद नेत्रलाल पार्क अम्वाखोली गुरुयोजना निर्माण वडा नं ६ वडा कार्यालय परिषर गुरुयोजना प्रतिवेदन तयारी र वडा नं १९ भुमी आधारभुत बाम्लाको डि.पि.आर. तयारी प्रतिवेदन तयार | ११९२९३० | ११९०५०० | ११९०५०० | २/१४/२०८० |
| ५ | स्वर्गद्धारी रिसर्च एण्ड डेभलपमेन्ट इन्जिनीयरीङ कन्सल्टेन्सी | श्री बाल विकास माध्यामिक विद्यालयमा शटर सहित आठ कोठे भवन तथा शटर बाहेक आठ कोठे भवन लागत अनुमान सर्भे डिजाइन | ४९९४५६ | ४९७०२३ | ४९७०२३ | ८/१२/२०७९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | श्री दाङ्ग भ्याली कन्स्ट्रक्सन एण्ड इजिनीयरीङ सेवा प्रा।ली | नारायणपुर दूरसञ्चारटोलमा योगशभा हल निर्माणका लागत अनुमान सर्भे डिजाईन | ४९९८९२ | ४९४००० | ४९४००० | ९/५/२०७९ |
| ७ | पिनाकल इन्जीनियरिङ सोलुसन एंड कन्सल्टेन्सी प्रा।ली। | ४ कोठे भवन मा वि रझेना तथा ४ कोठे भवन मा वि नारायणपुर निर्माण | ४९९९०८ | ४९५००० | ४९५००० | ८/२४/२०७९ |
| ८ | Earthquake Safety Solution SainbuBhaisepati 25 Lalitpur | Consultancy Service for Technical Supervision (in situ) of R.C.C work of remaining portion of Existing Mat Foundation of Administrative building of Ghorahi Sub Metropolitan City | ३६०६७७ | ३५००७४ | ३५००७४ | २/२४/२०८० |
| ९ | Establishment of survey Control Points in Ghorahi | के एस एम ईन्जिनियरिङ कन्सलटेन्सी प्रा लि | | ४९७७७४ | ४९७७७४ | २०८०।३।२० |
| १० | संस्थागत क्षमता विकास योजना तर्जुमा | रिभा डेभलपमेन्ट सपोर्ट सर्भिसेस प्रा लि | | ४९२९९६ | ४९२९९६ | २०८०।३।२२ |
| | | जम्मा | | | ५४६४९८७ | |

- परामर्शतदातालाई दिएको टर्म अफ रिफरेन्समा इन्सेप्सन रिपोर्ट, ड्राफ्ट रिपोर्ट एक प्रति फाइनल रिपोर्ट २ प्रति बुझाउनुपर्ने र भुक्तानी तरिकामा ५० प्रतिशत प्रतिशत भुक्तानी ड्राफ्ट रिपोर्ट पेश भएपछि र ५० प्रतिशत भुक्तानी अन्तिम प्रतिवेदन पेश भएपछि हुने उल्लेख भएकोमा फिल्ड प्रतिवेदन र ड्राफ्ट प्रतिवेदन प्राप्त भई सो उपर छलफल राय सुझाव सहित अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेमा सो गरेको देखिएन ।
- पालिकाले प्रत्येक वर्ष विभिन्न डिपिआर गरी परामर्श सेवामा खर्च गर्ने गरेकोमा निर्माण कार्य तर्फ सडक तर्फ कालोपत्रे पिच तथा नाला सहितको डिपिआर रहेकोमा पालिकाले सोही अनुसार बजेट विनियोजन नगरी न्यून बजेट मात्र विनियोजन गरी सानो ठेक्का लगाई ग्राभेल तथा सववेशको कार्य मात्र गरेको उचित देखिएन । यसरी टुक्रे कार्य गरेको देखिदा डिपिआर खर्चको औचित्य देखिदैन ।
- डिपिआर अनुसार ठेक्का मार्फत विकास निर्माणको कार्य देखिने गरि ठेक्का व्यवस्थापन गर्नुपर्नेमा सिलबन्दी र कोटेशन मार्फत टुक्रे कार्य गरेको उचित देखिएन ।
- पालिकाले परामर्श कार्यको भुक्तानी गर्दा reimbursable Item मा रहेको कार्यको विल वेगर भुक्तानी गर्ने देखिएकोले विल भरपाई र खर्च पुष्ट्याई हुने गरी मात्र परामर्शदातालाई भुक्तानी गर्नुपर्दछ । विल वेगर भुक्तानी भएकोले सोको प्रमाण पेश हुनु पर्दछ।
- टाईम सिट तथा फिल्ड वर्क :परामर्श कार्यका लागि विज्ञको Man Days, Field Work, Field Visit and Discussion जस्ता कार्य सहित पालिका प्रमुखले TIME SHEET प्रमाणित गरी सोही अनुसार कार्य गरे नगरेको एकिन गरी भुक्तानी दिनुपर्नेमा विज्ञहरु तथा अन्य कर्मचारीको TIME Sheet वेगर भुक्तानी गरेको सम्झौता विपिरत देखिएकोले सम्झौता अनुसारका सोही विज्ञहरु तथा संलग्न कर्मचारी फिल्डमा कार्य गरेको एकीन गरी मात्र परामर्शदातालाई भुक्तानी दिनुपर्दछ ।डेलिभरेबल्स :सम्झौता अनसारका ३ सेट सबै प्रतिवेदनहरु कलर कपीमा दिनुपर्नेमा सो समेत पेश भएको नदेखिएकोले यस तर्फ पालिकाले एकीन गरी सम्झौता अनुसार तोकिएको परिमाणमा रिपोर्ट प्रति नदिएकोमा कट्टी गरी मात्र भुक्तानी गर्नुपर्दछ ।यस तर्फ पालिकालको ध्यानाकर्षण हुनुपर्दछ ।

पालिकाले परामर्श तर्फको कार्य तथा भुक्तानीमा आगामी दिनमा सुधार गरिनुपर्दछ ।

१०० **सार्कितारा सिम्लेतारा झोलुङ्गे पुल -** सार्कितारा सिम्लेतारा झोलुङ्गे पुल निर्माणका लागि कुल लागत अनुमान रु.५६६९३२७।७५ रहेकोमा उपभोक्ता समितिसंग रु.२३०६८७६।२० को लागत अनुमानमा २ प्रतिशतजनश्रमदान रु.९७९४०।०० र पालिकाबाट कुल लागत अनुमानको १३ प्रतिशत रु.७३७०१२।०० व्यहोर्ने गरी सम्झौता भएको देखिन्छ । उक्त कार्यका लागि स्टील पार्टस खरिद समेत खरिद नभएकोमा उपभोक्ता समितिलाई रु.१३०५८०८।०० भोलुङ्गे पुल कार्यक्रमबाट भुक्तानी भएको देखिन्छ ।भोलुङ्गे पुलको कार्यसम्पन्न भईसकेकोमा सम्झौता अनुसार पालिकाले योगदान गर्नुपर्नेमा नगरेको र झोलुङ्गे पुल कार्यक्रमबाट सबै भुक्तानी गरेको देखिएकोले रु.७३७०१२।०० योगदान गरी कार्यसम्पन्न गर्नुपर्न रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,३७,०१२ |

१०१ **उपभोक्ता समिति मार्फत कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । गाँउपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन ।सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

**(क) भुक्तानीको सिफारिस -** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा आंशिकमा फोटाहरु संलग्न राख्ने गरेको देखियो । केहि योजनाहरुमा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको र केहिमा त्यस्तो सिफारिस समेत संलग्न नगरेको समेत देखियो । फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो । सबैजसो योजनाहरुमा वडास्तरिय अनुगमन समितिको अनुगमन भएको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन।

**(ख) जनसहभागिता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम

र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वयन गर्दा अधिकाशं योजनामा उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएपनि विद्यालय र धार्मिक कार्यको निर्माणमा उपभोक्ताले योगदान गर्नु नपर्ने कार्यपालिकाको निर्णय गरेको पाईयो ।उपभोक्त समितिबाट योगदान नगराउने नियम विपरित रहेकोले उक्त निर्णय नियम सम्मत देखिएन । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नुपर्दछ ।

**(ग)** कामको नापजाच कतिपय योजनाको नापी कितावमा प्राविधिक कर्मचारीतथा स्वीकृत गर्नेको हस्ताक्षर नै देखिएन भने कतिपय योजनामा एक जना प्राबिधिकको मात्र हस्ताक्षर नापीकिताव, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी र उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो ।

**(घ)** बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

**(ङ) अनुगमन समिति -** उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

**(च) म्यादथप -** पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी शुरुवात गरेका कतिपय योजनाहरु गत बिगतबर्षमा सम्झौता भइ शुरुवात गरेता पनि हरेक वर्ष म्याद थप गरेर वा नगरिकनै समेत यो वर्ष समेत निरन्तरता दिएको पाइयो । कतिपयमा पुरानै सम्झौतानुसारको काम सम्पन्न नभएकोले निरन्तरता दिएको छ भने कतिपयमा प्रत्येक वर्ष कामहरु थप गर्दै लगेको समेत देखियो । तर बिगत वर्षहरुमा भएको कामको अभिलेख नराखिएको हुदा काममा दोहोरोपना आएको छैन भन्न सकिने अवस्था देखिएन । सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उपभोक्ताको काममा म्यादथप गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिदैन । तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम सोही वर्ष सकिने योजनामा मात्र उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्ने देखिन्छ ।

१०२ **सार्वजनिक परिक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, मन्दिर मस्जिद निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

१०३ **जटिलसंरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, सडक,सिचाई लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| क्र.सं. | उ.स.को नाम | भुक्तानी रकम रु. |
|---|---|---|
| १ | बहुउद्धेश्यिय मगर सांस्कृतिक भवन घोराही | २००००००० |
| २ | श्री सरस्वती मा वि सामुदायिक उपभोक्ता समिति कक्षा कोठा निर्माण अनुदान | ४४९७८६६ |
| ३ | श्री मदन भण्डारी मेमोरियल स्कूल शैक्षिक गुठी ४ कोठे भवन | ४४९८८९७ |
| ४ | बाल कल्याण मा वि घोराही २ कोठे भवन कक्षा कोठा निर्माण अनुदान | २२५०००० |
| ५ | डाँडागाउँ गोग्ली कक्षा कोठा निर्माण अनुदान | ४४९९८१७ |

१०४ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने तथा उपनियम १० मा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रायक्टरवाट गराउन नपाउने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको देखिन्छ । देहायका उपभोक्ता समितिहरुले गरेको निर्माण कार्यमा निर्माण व्यवसायीको विल संलग्न रहेको देखिएकोले उपभोक्ता समिति आफैले निर्माण कार्य गरेको देखिदैन ।केही उदाहरण देहाय अनुसार छन्।

| गो भौ | उ सको नाम | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | हेभी ईक्विपमेन्ट प्रयोग गर्ने विल रकम | कार्यसम्पन्न रकम रु. |
|---|---|---|---|---|---|
| ९७०।०८०।३।५ | वडा नं.११ झुम्केटारी देखि ठुटेटारी हुदै वडा कार्यालय जोड्ने सडक स्तरोन्नती | ७७७२०० | स्मृति विशाल कन्स्ट्रकसन | ३१३१२३ | ७७७३४८ |
| १०१७।०८०।३।१९ | तल्लो लापेदेखि उपल्लो लापे जोड्ने बाटो निरन्तरता उपभोक्ता समिति-१३ | ४८५७५० | लोकेन्द्र कन्स्ट्रकसन प्रा लि | २४२९५० | ४८८३७७ |
| १०६६।०८०।३।१३ | विभिन्न टोल बस्तीमा बाटो स्तर उन्नती उपभोक्ता समिति-५ | ८७४३५० | एस आई पि निर्माण सेवा एण्ड सप्लायर्स | ३२५३६० | ८७४५५८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०९६।०८०।३।१८ | पर्सेनी कल्लु चौधरीको घरदेखि ढिकपुर जोड्ने बाटो ओबिराज...कर्मटुवा जोड्ने सडक स्तरउन्नती उ.स | १९०१०७१ | डि वि कन्स्ट्रकसन | ४२३३८० | १९०१०७१ |
| १०९८।०८०।३।१८ | चैनपुर भिखुवा चौधरीको घरदेखि चर्च ... गौरीडाडा जोड्ने सडक स्तरउन्नती उ.स | १८९६७१६ | डि वि कन्स्ट्रकसन | ४०३४१० | १८९६७१६ |
| ११०२।०८०।३।१९ | वडा नं. ९ प्रसेनी कल्लु चौधरीको घर हुदै ... कर्मटुवा जोड्ने बाटो योजना उ.स | ८९९२०८ | डि वि कन्स्ट्रकसन | २२५४३५ | ८९९२०८ |
| १२००।०८०।३।२२ | वडा नं. ११ चाचल भित्री संक्रामसम्म बाटो स्तरउन्नती | ६७७६४३ | स्मार्ट नेपाल निर्माण सेवा प्रा लि | ४८९०८६ | ६७७६४३ |
| १२०१।०८०।३।२२ | १० नं. वडाका भित्र बिभिन्न टोलहरुमा बाटो ग्राभेल उ.स | ८००४८१ | रवि निर्माण सेवा | ४२८०३९ | ८००४८१ |

१०५ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । केही उदाहरण :

| सि नं | उपभोक्ता समिति | लागत अनुमान | कार्यसम्पन्न |
|---|---|---|---|
| १ | धापखेतमा तटबन्धन घोराही १९ | ८००००० | ८००१५४ |
| २ | सेवार गुर्जे चमलागनार सौरी तटबन्ध उ.स | ९७१५०० | ९७१५०० |

१०६ **निर्माण व्यवसायी मार्फत कार्य गराएको -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । सोहि नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखु पर्ने व्यवस्था छ ।कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग सम्झौता गरी काम गराई कार्यालयबाट भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीहरुको डोजर बिल राखी भुक्तानी लिने गरेको देखियो।नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको

आधारमा भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिले केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो । उपभोक्ता समितिले केवल प्रक्रिया पुऱ्याउने प्रयोजनको लागि उपभोक्ता समितिसंग सम्झौता गरेको र समिति निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको देखिएको रु.

| गो भौ | उ सको नाम | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायी विल रकम |
|---|---|---|---|---|
| ३२।०८०।२।७ | तोष वेदादेखि बयालेकोट राम्चे वडा कार्यालयसम्म सडक स्तरोन्नती घोराही १९ | ९७१५०० | ज्वाइ-जेठान कन्स्ट्रक्सन प्रा लि | ७६८४०० |
| ४०।०८०।२।२३ | श्रीचौर देखि भलडाँडा सराल हुदै ओबाङ सम्म सडक निर्माण | १४५७०२४ | एम एस एन एस कन्स्ट्रक्सन प्रा लि | १४६४६९९ |
| ९३२।०८०।३।२३ | सहिदमार्ग धापखोला , थकालीकोट हुँदै हुक्के पिरा जोडने सडक | १४५७२५ | श्री स्टार राइजिङ निर्माण सेवा | १४८५३८ |
| १०१५।०८०।३।१० | डा नं. १८ कटुवा खोला देखि हात्तखर्क सम्मको बाटो स्तरउन्नती उ.स. | ४८५७५० | ज्वाइ-जेठान कन्स्ट्रक्सन प्रा लि | ३९९९६३ |
| १०६६।८०।३।१३ | विभिन्न टोल बस्तीमा बाटो स्तर उन्नती उपभोक्ता समिति-५ | ८७४३५० | एस आई पि निर्माण सेवा एण्ड सप्लायर्स | ३२५३६० |
| ११२०।०८०।३।१९ | वडा नं. ९ प्रसेनी कल्लु चौधरीको घर हुदै ... कर्मटुवा जोड्ने बाटो योजना उ.स | ११६५००० | गोरखा हार्डवेयर र गोर्खा ईन्टरनेशनल | १००६९९१ |
| ११२२।०८०।३।१९ | वडा नं. २ सुर्केडाँगीदेखि चाक्लिघाट...योजना पुनः निर्माण उ.स | १२००४९५ | एम एस एन एस कन्स्ट्रक्सन प्रा लि | ८४२९९९ |
| | जम्मा | | | ४९५६९५० |

| | |
|---|---|
| अनियमित भएको | ४९,५६,९५० |

१०७ **उपभोक्ता समितिको वील भरपाईहरु -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । उपनियम (७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ११ मा उपभोक्ता समिति वा लाभग्राही समुदायको निर्माण कार्य सम्पन्न गरिसकेपछी सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायवाट प्राप्त रकम र जनसहभागिता व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको बिबरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा उप-महानगरबाट उपभोक्ता समिती मार्फत संचालित देहायको निर्माणको प्राविधिक विल र खर्च प्रमाणित गर्ने विल विच सामञ्जस्यता देखिएन । वास्तविक खरिद परिमाण भन्दा घटी।बढि परिमाण देखिएकोले उप महानगर पालिकाले सो सम्बन्धमा एकिन गर्नुपर्दछ ।

नमुना छनोटको आधारमा देहायका उपभोक्ता समितिले खरिद गरेको दरभन्दा बढि दर रहेको मु.अ.कर सहितको जिल्ला

दररेटको आधारमा मूल्याङ्कन कायम गरी भुक्तानी गर्दा उपभोक्ता समितिलाई निर्माण सामाग्री खरिदमा दिएको मूल्य अभिवृद्धि कर वापतको रकम समेत बढि दरमा मूल्याङ्कन हुँदा उपभोक्ता समितिलाई बीजक मूल्य भन्दा बढी भुक्तानी हुन सक्ने अवस्था छ ।कार्यालयले बिल अनुसारको मूल्यांकन गरी न्यून बिजकीकरणलाई नियन्त्रण गर्न जरुरी देखिन्छ ।यसरी मूल्याङ्कन भएका केही उदाहरणहरु देहाय अनुसार छनः

| गो भो | उसको नाम | निर्माण सामाग्री | नापी मूल्यांकन किताब अनुसारको परिमाण | खरिद विल अनुसारको परिमाण | बढी | नापी अनुसारको भुक्तानी रकम | दर विश्लेषण भ्याट समेत | औषत खरिद दर भ्याटसमेत |
|---|---|---|---|---|---|---|---|---|
| २४।०८०।१।५ | श्री आ वि गिठेपानी कक्षाकोठा निर्माण घोराही १८ | सिमेन्ट | ४०५ | ५७५ | १७० | | ६७८ | ४००-५०० |
| | | बोरा | | | | | | |
| | | सरिया | ३५२९ | ४९०७ | १३७८ | ४९८६३८ | १४१.२९ | ११२ |
| | | केजी | | | | | | |
| २८।०८०।१।३ | झारवैरा चोकदेखि दक्षिण सृजनाटोलका सडक पक्कि नालासहित स्तरोन्नति घोराही | सरिया | २०३३ | २१३० | ९७ | २८७२६० | १४१.२९ | ११२ |
| ३३।०८०।२।८ | बहुउद्धेश्यिय मगर सांस्कृतिक भवन घोराही १३ सुविधा टोल | सरिया | ५६९८ | ५९३० | २३२ | ८०३९२८ | १४१.२९ | ११२ |
| ४१।०८०।२।४ | बसपार्क सेवारखोला तल्लो पुलदेखि दक्षिण तर्फ वादी दलित र सुकुम्बासी बस्ति संरक्षण घोराही १३ | सरिया | १८३० | ३०५५ | १२२५ | २५८५७० | १४१.२९ | ११२ |
| ७५।०८०।३।२४ | धर्ना तल्लो ढोलगाउँ शंकर कुखुरा फर्मदेखि दुम्ला डाँडा सम्म पक्कि सिंचाई नहर घोराहि ५ | सरिया | १८१५ | २९०० | १०८५ | २५६५६० | १४१.२९ | ११२ |
| ५०।०७९।१२।९ | पाण्डेश्वर महादेव मन्दिर सरक्षण घोराही उपमहानगरपालिका ५ धारापानी दाङ | ईटा संख्या | ३४१०६ | ४१००० | ६८९४ | ७२७७०० | १५.३६ | १२.४३ |
| ५१।०७९।१२।१५ | श्री सरस्वती मा वि सामुदायिक उपभोक्ता समिति | सरिया | १००१४ | १४११५ | ४१०१ | १४१४९४८ | १४१.२९ | ११२ |
| | | ईटा | २३८५६ | ३०५०० | ६६४४ | ५६५३५० | १५.६४ | १२.४३ |
| | | सिमेन्ट | ८२५ | १०९० | २६५ | २२५२९५८ | ६७८ | ११२ |
| ९८।०८०।३।१० | बाल कल्याण मा वि घोराही २ कोठे भवन | सरिया | ५७००.७९ | १०२७७ | ४५७६ | ८०५४६४ | १४१.२९ | ११२ |
| १११।०८०। | माध्यमिक विद्यालय डाँडागाउ | सरिया | १०९८४ | ११३२६ | ३४२ | १५५२०४९ | १४१.२९ | ११२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३।२२ | गोग्ली | | | | | | | |
| २८८।०७९।१२।१३ | गुलरिया जमुना टोल फनिन्द्र भुसालको घर हुँदै तलुवा ... नाला तथा सडक स्तर उन्नति उ.स. लाई भुक्तानी । - | सिमेन्ट | ३६६ | ४२० | ५४ | ६२८९१९ | ४७० | १९७४०० |
| | | सरिया | २४१८ | ३१५६ | ७३८ | ३४१७४५ | १४१.२९ | ११२ |
| ६६४।०८०।२।११ | खुगरु खोलामा कल्भर्ट तथा चेकड्याम निर्माण उ.स. | सिमेन्ट | ४७७ | ६२५ | १४८ | ९७७४५३ | ६७८ | ५६० |
| | | सरिया | ५०४९ | ७००२ | १९५३ | ७१३४५३ | १४१.२९ | ११० |
| ६३९।०८०।२।९ | भैसाही खुशीराम चौधरीको घरदेखि बेल्भार चोकसम्म पक्की नाला निर्माण उ.स. | सिमेन्ट | ३५२ | ७४५ | ३९३ | ८७९३५० | ६७८ | ४३० |
| | | सरिया | ३०५२ | ४५०२ | १४५० | ४३१३३२ | १४१.२९ | ११० |
| ५४७।०८०।१।२९ | रुकमीना अधिकारीको घरबाट फुलबारी टोल अम्बाखोली जाने शान्ता वलीको घरसम्म पक्की नाला निर्माण उपभोक्ता समिति-५ | सिमेन्ट | ६१५ | ७७९ | १६४ | १०५५३३२ | ६७८ | ४६० |
| | | सरिया | २८६३ | ३११९ | २५६ | ४०४५३५ | १४१.२९ | ११२ |
| १०२१ | पहेलपार माधव वलीको घर देखि पूर्व मन्ठुरिया सोतामा कल्भर्ट निर्माण तथा सडक स्तरोन्नती वापतको रकम उ.स. | सिमेन्ट | ४९१ | ६०० | १०९ | | ६७८ | ४४५ |

१०८ **ईटाको परिमाण -** उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर नराखे र आफैंले समेत कम रेखदेख गरी निर्माण गर्नुपर्ने अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । पालिकाले उपभोक्ता मार्फत हुने निर्माण कार्यमा ब्रिक मेशिनरीको कार्यमा प्रति घन मीटर ५६० ईटा प्रयोग हुने दर विश्लेषण गरी मूअकर समेत रु.१५.३७ प्रति ईटा दररेट राखेकोमा सोही अनुसार हुने परिमाण अनुसारको ईटाको प्रयोग हुनुपर्नेमा सो भन्दा भन्दा न्यून परिमाणमा ईटाको खरिद गरेको बिल पेश तथा सार्वजनिक गरेको अवस्थामा समेत बढी ईटा प्रयोग भएको मूल्याङ्कन गरी भुक्तानी दिएकोले देहायको रकम असुल गर्नुपर्ने रु.

| भौ नं मिति | समिति | परिमाण घ मी | नापी अनुसार हुनुपर्ने विल | भएको विल | फरक | मूअकर सहितको दर | रकम |
|---|---|---|---|---|---|---|---|
| भाषा | | | | | | | |
| ७।०८०।३।१३ | सिरडी साई मन्दिर पूर्वाधार विकास | ७.६२ | ४२६७.२ | ४००० | २६७ | १५.३७ | ४१०६ |
| ९।०८०।३।१८ | अम्विकेश्वरी मन्दिर संरक्षण तथा सम्बर्द्धन | ५.७५ | ३२२० | २२१५ | १००५ | १५.३७ | १५४४५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११।०८०।३।२२ | दुर्गा भगवती मन्दिर पूर्वाधार विकास | ४.४८ | २५०८.८ | २००० | ५०९ | १५.३७ | ७८१९ |
| ३३।०८०।२।८ | बहुउद्धेश्यिय मगर सांस्कृतिक भवन घोराही १३ सुविधा टोल | ३३.६ | १८८१६ | १६००० | २८१६ | १५.३७ | ४३२७६ |
| संघ | | | | | | | |
| ५५।०८०।३।६ | कनरिया सामुदायिक भवन सर्प दंश स्थापनार्थ घोराही ७ | ३१.९४ | १७८८६.४ | १६००० | १८८६ | १५.३७ | २८९९० |
| ९८।०८०।३।१० | बाल कल्याण मा वि घोराही २ कोठे भवन | २४.३४ | १३६३०.४ | १३००० | ६३० | १५.३७ | ९६८८ |
| १०१।०८०।३।१९ | मनकामना गोरक्ष मन्दिर घोराही उ म न पा ४ सवारीकोट दाङ | ८.५७ | ४७९९.२ | ४००० | ७९९ | १५.३७ | १२२८२ |
| १११।०८०।३।२२ | माध्यमिक विद्यालय डाँडागाउ गोग्ली | ७२.१५ | ४०४०४ | ३८००० | २४०४ | १५.३७ | ३६९४५ |
| आन्तरिक | | | | | | | |
| ९८२। ०८० । ३ । ६ | माध्यामिक बिधालय रतनपुर हापुरलाई बास सहितको शौचालय | १७.४ | ९७४४ | ९००० | ७४४ | १५.३७ | ११४३४ |
| ९९१।०८०।३।६ | वडा नं. १२ अटल युवा क्लबको भवन दोस्रो तल्ला निर्माण तथा शौचालय निर्माण | १८.२८ | १०२३६.८ | १०००० | २३७ | १५.३७ | ३६३९ |
| ११९१।०८०।३।१९ | श्री आधारभुत विद्यालय गिठेपानी वास सहित शोचालय | १९.६१ | १०९८१.६ | १०५०० | ४८२ | १५.३७ | ७४०१ |
| ११५७ | श्री बराहक्षेत्र प्राथमिक विद्यालय-५ बसेरीखोला भवन कक्षा निर्माण रंग | २२.०७ | १२३५९.२ | ११५०० | ८५९ | १५.३७ | १३२०४ |
| ११९४।०८०।३।२१ | श्री आधारभूत बिद्यालय सिमलतारा विज्ञान पार्क निर्माण | १९.२७ | १०७९१.२ | १०५०० | २९१.२ | १५.३७ | ४४७५ |
| १२०४।०८०।३।२२ | महेन्द्र आधारभुत विद्यालय दलजितपुर भवन मर्मत | १२.५५ | ७०२८ | ७००० | २८ | १५.३७ | ४३० |
| १२१७।०८०।३।२२ | सर्वोदय पुस्तकालय हल निर्माण उ.स. पुस्तकालय मर्मत | ३२.६९ | १८३०६.४ | १५००० | ३३०६ | १५.३७ | ५०८१३ |
| १२५४।०८०।३।२३ | महेन्द्र माध्यमिक विद्यालय धर्ना वास सहित शोचालय | १५.९३ | ८९२०.८ | ७००० | १९२१ | १५.३७ | २९५१९ |
| १२६०।०८०।३।२३ | लक्षिन प्रसाद बुढामगर स्मृति प्रतिष्ठान भवन निर्माण | २१.६ | १२०९६ | ८००० | ४०९६ | १५.३७ | ६२९४७ |
| | जम्मा | | | | | | ३४२४१४ |

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ३,४२,४१३ |

१०९ **फरक ईटा प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्दछ । त्यसैगरी उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर नराख्ने र आफैंले समेत कम रेखदेख गरी निर्मण गर्नुपर्ने अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । पालिकाका अम्बिकेश्वरी मन्दिर संरक्षण तथा सम्बर्द्धन समिति मार्फत निर्माण कार्य गराई भुक्तानी गरेकोमा ईटा प्रयोग भएका आईटमको दररेट विश्लेषणमा जिल्ला दररेट अनुसार १ नम्बर ईटाको रु.१३।६० का दरले दररेट विश्लेषण गरेकोमा उपभोक्ताले २ नम्बर ईटा प्रयोग गरेको विल पाईएकोले जिल्ला दररेटमा उक्त सिमेन्टको दर रु.८।०० मात्र भएकोले फरक रु.५।६० का दरले २२१५ ईटाको मूअकरसमेत उपभोक्ता समितिबाट रु.१२४०४ असुल हुनु पर्ने रु.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | १२,४०४ |

११० **सिमेन्ट घटी परिमाण -** उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर नराख्ने र आफैंले समेत कम रेखदेख गरी निर्मण गर्नुपर्ने अवस्था छ। यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ र तर पालिकाले देहायको निर्माणमा उपभोक्ताले न्यून परिमाणमा सिमेन्ट खरिद ल्याएको बिल पेश गरेको अवस्थामा समेत बढी सिमेन्ट प्रयोग भएको मूल्याङ्कन गरी भुक्तानी दिएकोले देहायको रकम असुल गर्नुपर्ने रु.

| भौ मिति | उपभोक्ता समिति | नापी अनुसार हुनु पर्ने सिमेन्ट परिमाण | विल पेश | घटी | दर मूअकर समेत | रकम |
|---|---|---|---|---|---|---|
| ३३।०८०।२।८ प्रदेश | बहुउद्धेश्यिय मगर सांस्कृतिक भवन घोराही १३ सुविधा टोल | ५०५ | ३८० | १२५ | ६७८ | ८४७५० |
| ९५१।०८०।२।४ आन्तरिक | वि.पि.मार्ग रामपुर चोक देखि साहिपुर...१००० मि. निर्माण उपभोक्ता समिति-२ | २१२ | २०० | १२ | ६७८ | ८१३६ |
| | जम्मा | | | | | ९२८८६ |

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ९२,८८६ |

१११ **उपभोक्ता मार्फत सडक कालोपत्रे -** सार्वजनिक खरिद ऐन, २०६३ को नियम ४४ मा उपोक्ता समितिवाट निर्माण कार्य गराउँदा मितव्ययिता गुणस्तरीयता वा दिगोपनमा अभिबृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्यनै रोजगारी सृजना गर्ने भएमा तोकिएको कार्यविधि पुरा गरी उपभोक्ता संग कार्य गराउन सकिने व्यवस्था छ । त्यस्तै खरिद नियमावलीको नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट सञ्चालित हुने निर्माण कार्यमा लोडर एक्साभेटर रोलर डोजर ग्रेडर विटुमिन डिष्टिव्युटर विटुमिन व्वाईलर जस्ता हेभी मेशिन प्रयोग गर्न नपाईने व्यवस्था छ । साथै उपभोक्ता सतमतिले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टमा गराउन नसकिने व्यवस्था रहेको छ । त्यस्तै कार्यालयले नर्मसको प्रयोग गरी लागत अनुमान तयार गर्ने र निर्माण कार्य गर्दा सोही नर्मस अनुसार परिमाणको

सामग्रीको समेत प्रयोग गरी गुणस्तरीय काम हुनुपर्दछ । सडक कालोपत्रे गर्दा विटुमिनको प्रयोग प्राइमकोटको लागि प्रति वर्गमिटर १.०५ के.जी।लिटर, ट्याक्ट कोटको लागि प्रति वर्गमिटर ०.७३ के.जी।लिटर र प्रिमेक्स कार्पेटको लागि प्रति बर्गमीटर १.४६ के.जी।लिटर र शिलकोटको लागि ०.६८ लाग्ने गरी लागत अनुमान तयार गरेकोमा नमुना छनौटको आधारमा परीक्षण गर्दा यसवर्ष उपभोक्ता मार्फत कालोपत्रे गरेको सडक मध्ये निम्न सडकहरुको पेश भएको विल भरपाई तथा प्राविधिक मूल्यांकनको विश्लेषण गर्दा विटुमिन लागत अनुमानमा राखे भन्दा फरक परिमाणमा खरिद गरी प्रयोग गरेको छ । उपभोक्तावाट काम गराउँदा मितव्ययी नहुने रोजगारी सिर्जना नगर्ने प्राविधक पक्ष रहेको हेभी ईक्युपमेन्ट प्रयोग हुने तथा लागत अनुमानमा उल्लेख भए भन्दा घटी बढी परिमाणको बिटुमिन प्रयोग भएको देखिएकोले ऐन नियमको पालना नभएको र निर्माण सम्पन्न भएका सडकहरु गुणस्तरीय छ भनी आश्वस्त हुन सकिएन् । प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष ४३ उपभोक्ता समितिबाट रु.४५००००।०० देखि रु.३० लाखसम्मको योजना सम्झौता गरी कालोपत्रे पिच सडक समेतको कार्य गराई रु.४ करोड ७० लाख ६७ हजार भुक्तानी गरेको देखिन्छ । केहि उदाहरण निम्नानुसार छन् ।

| मिति | भौ. नं. | विवरण | रकम |
|---|---|---|---|
| ०५/२१/२०७९ | ३ | रामपुर बजारबाट साहीपुर जोड्ने पिच निरन्तरता आयोजना उ.स. | १९४३००० |
| ०६/१४/२०७९ | २६ | जुरुट्टे टोलमा अधुरो सडक पिच निर्माण उ.स. | १७६०१४८ |
| ०८/२६/२०७९ | ९५ | शिव मन्दिर देखि ढिकपुर जाने सडक पिच उ.स. | १४५१९३७ |
| ०१/१४/२०८० | ४४४ | वडा नं.१० न्युरोड मतकुमारको घरदेखि पश्चिम नाला सहित १५० मिटर सडक पिच उ.स लाई बिल भुक्तानी गरीएको | ९७३००० |
| ०१/१९/२०८० | ४५८ | काँडाखुटी बाटो पिच-१ | १९४३००० |
| ०१/१९/२०८० | ४५९ | पन्त टोल अदुवावारी सडक पिच-१ | १४५७२५० |
| ०२/०३/२०८० | ५७९ | सिमलतारा बाटो पिच नगर समपुरक उ.स.-१ | १९४३००० |
| ०२/०३/२०८० | ५८१ | वडा न्. १ कांडाखुटी ठुलो वर-पिपलदेखि कान्ति सुनारको घरसम्म सडक पिच-१ | ९७१५०० |
| ०२/०५/२०८० | ६०६ | रब्बे गोर्खा टोलमा पक्कि नाला सहित सडक पिच उ.स. | १९२९००१ |
| ०२/०५/२०८० | ६०७ | काँडाखुटी ठुलो वर पिपलदेखि कान्ति सुनारको घरसम्म सडक पिच तथा नाला निर्माण-१ | ९७४५०० |
| ०२/२४/२०८० | ७७१ | वडा नं. १५ पद्मोदय टोल दिल बहादुर गिरीको घरदेखि श्रीधर पोखेलको...नाला सहित पिच उ.स. | १०६८६५० |
| ०३/०७/२०८० | १००० | वडा नं. १५ रतनपुर पानी पम्पदेखि दक्षिण कुलाको ... जोड्ने बाटो पिच उ.स. | ९५९०३३ |
| ०३/१३/२०८० | १०३५ | वडा नं. १४ नरेन्द्र पुनको घरदेखि उत्तर थारुगाउँ...सडक पिच उ.स. | १४५३६४८ |
| ०३/२१/२०८० | ११६३ | वडा नं. १६ सपनाटोल देखि दामोदर सडक सम्म सडक पिच निरन्तरता उ.स. | २९१६४०३ |
| ०३/२१/२०८० | ११६७ | वडा नं. ८ वडा कार्यालयदेखि कटुकी जाने बाटो पिच उ.स | ९७१५०० |
| ०३/२१/२०८० | ११८० | वडा नं.८ को दुन्द्राको राइस मिल देखि बबइ नदी सम्म बाटो पिच र ह्युमपाईप खरिद वापतको रकम उ.स. | १९१५८९९ |

| | | | |
|---|---|---|---|
| ०३/२२/२०८० | १२१४ | अमृत टोलमा नाला निर्माण र सडक पिच उ.स. | १०६९१२३ |
| ०६/१३/२०७९ | १९ | नयाँ गाउँ टोल सुर्केडाँगी चोकदेखि माथि अदुवाबारी बाटो कालोपत्रेलाई भुक्तानी । | १८५१३१६ |
| ०७/३०/२०७९ | ६३ | ज्योति नगर टोलमा सडक कालोपत्रे उपभोक्ता समिति लाई भुक्तानी । | १०७२४०० |
| ०१/२७/२०८० | ५२४ | कर्जाही वासु पन्तको मिल घरदेखि पूर्वतर्फ क्वाडी खल्यान ..सम्म नालासहित कालोपत्रे उ.स. | ९७१५०० |
| २०८०/०२/३० | ८८३ | नयाँबस्ती टोल विकास संस्था अन्तर्गत नयाँ बस्तीमा कालोपत्रे तथा नाला निर्माण योजना उ.स. | ९७४५०० |
| २०८०/०२/३१ | ८९९ | भ्यालीटप टोलमा १८० मिटर सडक कालोपत्रे उ.स. | ९७१५०० |
| ०३/०४/२०८० | ९५२ | वडा नं.१७ घोब्या देखि झोलुंगु पुल हुदै रिता नेपालीको घरसम्म जाने बाटो कालोपत्रे उ.स. | ९१४११३ |
| ०३/११/२०८० | १०१८ | भेष बहादुर रावतको घरदेखि...करिव २३३ मी.कालोपत्रे उ.स. | ९३३५०१ |
| ०३/१५/२०८० | १०५९ | दामोदर सडक प्रेम के.सी.को घरदेखि पिपलटाकुरा जाने बाटो कालोपत्रे उ.स.-५ | २९१४५०० |
| ०३/२०/२०८० | ११५५ | वडा नं. १६ दण्डविरको घरदेखि लरैना चौधरीको घर सम्मको सडक कालोपत्रे उ.स. | ९७१५०० |

११२ **विटुमीन परिमाण -** खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट सञ्चालित हुने निर्माण कार्यमा लोडर एक्साभेटर रोलर डोजर ग्रेडर विटुमिन डिष्टिव्युटर विटुमिन व्वाईलर जस्ता हेभी मेशिन प्रयोग गर्न नपाईने व्यवस्था छ । साथै उपभोक्ता सतमतिले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टमा गराउन नसकिने व्यवस्था रहेको छ । उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर नराखे र आफैंले समेत कम रेखदेख गरी निर्माण गर्नुपर्ने अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ ।त्यस्तै कार्यालयले नर्मसको प्रयोग गरी लागत अनुमान तयार गर्ने र निर्माण कार्य गर्दा सोही नर्मस अनुसार परिमाणको सामग्रीको समेत प्रयोग गरी गुणस्तरीय काम हुनुपर्दछ । सडक कालोपत्रे गर्दा विटुमिनको प्रयोग प्राइमकोटको लागि प्रति वर्गमिटर १.०५ के.जी।लिटर, ट्याक्ट कोटको लागि प्रति वर्गमिटर ०.७३ के.जी।लिटर र प्रिमेक्स कार्पेटको लागि प्रति बर्गमीटर १.४६ के.जी।लिटर र शिलकोटको लागि ०.६८ लाग्ने गरी लागत अनुमान तयार गरेकोमा नमुना छनौटको आधारमा परीक्षण गर्दा यसवर्ष उपभोक्ता मार्फत कालोपत्रे गरेको सडक मध्ये निम्न सडकहरुको पेश भएको विल भरपाई तथा प्राविधिक मूल्यांकनको विश्लेषण गर्दा विटुमिन लागत अनुमानमा राखे भन्दा घटी परिमाणमा विटुमीन खरिद गरेको देखिएकोले निम्नानुसार असुल हुनुपर्ने रु.

| भौ मिति | उपभोक्ता समिति | कार्यसम्पन्न भुक्तानी | लई मूल्यांकन अनुसार | | | | | मूल्यांकन अनुसार रु.१२३ मूअकर समेत प्रति लिटरका दरले | खरिद विल अनुसार परिमाण | विल रकम | फरक परिमाण | फरक रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्राइम कोट वमि/ltr or kg | ट्याक कोट वमी | प्रिमिक्स वमी | शिल कोट वमी | कुल परिमाण | रकम | | | | |
| ९०९।०८० | वडा नं. १० | ७५३७०९ | ५६० | ३३६ | ५६० | ५६० | | ० | | | ० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ।२।३१ | सर्वेश्वरी टोल तिल बहादुर<br>घर्तीको घरदेखि<br>ओविराम खत्रीको<br>घरसम्म ३०० मि.<br>बाटो कालोपत्रे | | ३५३ | ५८९ | ८१८ | ३७५ | २१३५ | २६२६०५ | १२४८ | १४८०७५ | ८८७ | ११४५३० |
| ६०६।०८०<br>।२।५ | रब्बे गोर्खा टोलमा पक्कि<br>नाला सहित सडक<br>पिच उ.स. | १९२९००१ | ४०७ | २२६ | ४५२ | ४५२ | | ० | | | | |
| | | | २५६ | २३७ | ६६० | ३०३ | १४५६ | १७९१४६ | १२४८ | १४८०७५ | २०८ | ३१०७१ |
| ४५८।०८०<br>।१।१९ | काँडाखुटी बाटो<br>पिच-१ | १९४३००० | १३३९ | ७३१ | १४६३ | १४६३ | | ८४९९४७ | | | | |
| | | | ८४४ | ७६८ | २१३६ | ९८० | ४७२७ | ५८१४५९ | ४३७५ | ४५९७६९ | ३५२ | १२१६९० |
| ९७५।०८०<br>।३।५ | वडा नं. ८<br>मर्पाडाँडा देखी<br>दुन्द्राहुँदै धर्ना जोडने<br>बाटो पिच | १४२७३४१ | ७८२ | ४३५ | ८६९ | ८६९ | | | | | | |
| | | | ४९३ | ४५७ | १२६८ | ५८२ | २८०० | ३४४३५० | २३४० | २७४९९७ | २३४० | ६९३५३ |
| १०३५।०८<br>०।३।१३ | वडा नं. १४ नरेन्द्र<br>पुनको घरदेखि<br>उत्तर<br>थारुगाउँ...सडक<br>पिच उ.स | १४५३६४८ | १८२ | १०९ | १८२ | १८२ | | | | | | |
| | | | ११५ | ११५ | २६६ | १२२ | ६१६ | ७५८२६ | ५४४ | ६१४७२ | ७२ | १४३५४ |
| १०८७।०८<br>०।३।१७ | दामोदर सडक<br>कल्भर्ट देखि<br>बर्लाबोट जाने बाटो<br>कालो पत्रे उ.स | २८९७२१० | १७११ | ९५० | १६२० | १६२० | ५९०१ | | | | | |
| | | | १०७८ | ९९८ | २३६५ | १०८५ | ५५२६ | ६७९६९८ | | ४३७८९७ | -५५२६ | २४१८०१ |
| ११३३।०८<br>०।३।२० | वडा नं. १० बुधौरा<br>चोकको उत्तरतर्फ<br>हुदै नारायणपुर<br>सिद्धरत्ननाथ<br>क्याम्पससम्म बाटो<br>स्तरउन्नती उ.स | ९७१५०० | ७२८ | ४३६ | ७२८ | ७२८ | २६२० | | | | | |
| | | | ४५९ | ४५८ | १०६३ | ४८८ | २४६७ | ३०३४५१ | १४०४ | १६३४१२ | १०६३ | १४००३९ |
| ११६३।०८<br>०।३।२१ | वडा नं. १६<br>सपनाटोल देखि<br>दामोदर सडक<br>सम्म सडक<br>पिच निरन्तरता<br>उ.स | २९१६४०३ | १७१५ | ९५३ | १९०६ | १९०६ | ६४७९ | | | | | |
| | | | १०८१ | १००<br>० | २७८२ | १२७७ | ६१४० | ७५५२४१ | ६०९७ | ६८८९६१ | ४३ | ६६२८० |
| ११६७।०८<br>०।३।२१ | वडा नं. ८ वडा<br>कार्यालयदेखि<br>कटुकी जाने बाटो<br>पिच उ.स | ९७१५०० | ७१९ | ४३१ | ७१९ | ७१९ | २५८७ | | | | | |
| | | | ४५३ | ४५३ | १०४९ | ४८१ | २४३६ | २९९६३० | २१८४ | २४५७३१ | २५२ | ५३८९९ |
| ११८०।३। | वडा नं.८ को | १९१५८९९ | १४१२ | ७८४ | १५६९ | १५६९ | ५३३३ | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | दुन्द्राको राइस मिल देखि बबइ नदी सम्म बाटो पिच र ह्युमपाईप खरिद वापतको रकम उ.स. | | ८८९ | ८२४ | २२९० | १०५१ | ५०५४ | ६२१६५९ | ४५५० | ५१४१५० | ५०४ | १०७५०९ |
| १२१४।८० ।३।२२ | अमृत टोलमा नाला निर्माण र सडक पिच उ.स. | १०६९१२३ | ६३८ | ३५४ | ७०९ | ७०९ | २४१० | | | | | |
| | | | ४०२ | ३७२ | १०३५ | ४७५ | २२८३ | २८०८६५ | १८१८ | २०४०३७ | ४६५ | ७६८२८ |
| ५७९।०८० ।२।३ | सिमलतारा बाटो पिच नगर समपुरक उ.स.-१ | १९४३००० | १३२० | ७३३ | १४६६ | १४६६ | ४९८५ | | | | | |
| | | | ८३१ | ७७० | २१४१ | ९८२ | ४७२४ | ५८१०४३ | ४३४२ | ५२११९९ | ३८२ | ५९८४४ |
| | | | | | | | | ५८१४९१९ | | ३८६७७७४ | | १०९७१९८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,९७,१९८ |

११३ **नापी पेश नभएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले देहाय अनुसारका उपभोक्ता समितिबाट भएका कार्यको नापी सिट संलग्न गरी भुक्तानी गर्नुपर्नेमा आंशिक रुपमा केही आईटमको मात्र नापी राखेको, आईटम अनुसारको चेनेज नखुलाएको, ह्युम पाईप जडान भएको नापी तथा चेनेज र अन्य आईटमको समेत नापी नराखी भुक्तानी दिएकोले नापी सहितको प्रमाण पेश हुनुपर्ने रु.

| भौ मिति | | नापी पेश नभएको आईटम | लागत अनुमान | कार्यसम्पन्न रु. | नापी पेश भएको | नापी पेश नभएको |
|---|---|---|---|---|---|---|
| ५७।०८०।३।६ प्रदेश | दुवीचौर चौराहादेखि वडा कार्यालय एकलघरुवा त्रिवेनि भगवारसम्म सडक निर्माण क्रमागत घोराही ९ | ग्राभेल, नाला , ह्युमपाइप | १४५७२५० | १४५७२५० | २२२१७० | १२३५०८० |
| १०५९।०८०।३।१५ पालिका | दामोदर सडक प्रेम के.सी.को घरदेखि पिपलटाकुरा जाने बाटो कालोपत्रे उ.स.-५ | एक्साभेसन, बेस र ३५ थान ह्युमपाइपको नापी नभएको | २९१४५०० | २९१४६२१ | ८७१५७८ | २०४३०४३ |
| १०८७।०८०।३।१७ | दामोदर सडक कल्भर्ट देखि बर्लाबोट जाने बाटो कालो पत्रे उ.स-५ | एक्साभेसन, बेस र १५ थान ह्युमपाइपको नापी नभएको | २९१४५०० | २९१४८८१ | २६६७९१५ | २४६९६५ |
| १२२१।०८०।३।२२ | वडा नं. १२ अबलडाँडा पुर्वहुदै दाहाल टोद्या प्रिगाउँ मजरेडाडा टिकरी एक्ले पिपल निस्कने बाटो स्तरउन्नती उ.स | एक्साभेसन, बेस र ह्युमपाइपको नापी नभएको | ७७७२०० | ७७८८३५ | | ७७८८३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | | | | | ४३०३९२३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४३,०३,९२३ |

११४ **ह्युम पाईप जडान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले देहाय अनुसारका उपभोक्ता समितिबाट भएका कार्यको नापी सिट संलग्न गरी भुक्तानी गर्नुपर्नेमा आंशिक रुपमा केही आईटमको मात्र नापी राखेको र ह्युम पाईप जडान भएको स्थान, नापी तथा चेनेज नखुलाई भुक्तानी दिएकोले नापी सहितको प्रमाण पेश हुनुपर्ने रु.

| गो भौ | उ सको नाम | कार्यसम्पन्न रकम | पाईप विवरण | भुक्तानी |
|---|---|---|---|---|
| ३२।०८०।२।७ प्रदेश | तोष वेदादेखि बयालेकोट राम्चे वडा कार्यालयसम्म सडक स्तरोन्नती घोराही १९ | ९७१५०० | np3 ह्युम पाइप ४५ सेमी १५ थान ३७ र मी रु.६१९५ का दरले | २३२३२० |
| ५७।०८०।३।६ प्रदेश | दुवीचौर चौराहादेखि वडा कार्यालय एकलघरुवा त्रिवेनि भगवारसम्म सडक निर्माण क्रमागत घोराही ९ | १४५७२५० | np3 ह्युम पाइप ४५ सेमी ४ थान १० र मी रु.६१९५ का दरले | ६१९५० |
| | जम्मा | | | २९४२७० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९४,२७० |

११५ **उपभोक्ताबाट वडा कार्यालय तथा विद्यालय भवन निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७बमोजिम उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राहीबाट गराउन सकिने र उक्त कार्यसम्पन्न पश्चात सोही समूहलाई जिम्मेवारी हुने गरी हस्तान्तरण गर्नुपर्ने रहेकोमा पालिकाको देहाय अनुसारको वडा कार्यालय निर्माणको कार्य उपभोक्ता समितिबाट गराई भुक्तानी गरेको देखिएकोले पालिकाले खरिद विधि छनौट गर्दा नियमावलीको पालनामा ध्यान दिनुपर्ने देखिन्छ ।

११६ **नक्सा पास नभएको -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७ मा कसैले पनि पालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु नहुने व्यवस्था छ । यस पालिका अन्तर्गत निर्माण भएका भवनहरुको नक्सा पास गरेर भवण निर्माण भएको देखिएन । पालिकाबाट नक्सा पारित नगरि भवन निर्माण हुदा ऐनमा भएको व्यवस्थाको कार्यान्वयन नहुनुको साथै भवन निर्माण मापदण्ड पुरा गरेर निर्माण भए नभएको सुनिश्चित हुन सकिदैन । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन गरी पालिका अन्तर्गत निर्माण हुने भवन निर्माणको नक्सा पारित गरेर भवन निर्माण कार्य हुनुपर्दछ ।

११७ **उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गरेको -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । सोहि नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक

निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग सम्झौता गरी काम गराई कार्यालयबाट भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीहरुको डोजर विल राखी भुक्तानी लिने गरेको देखियो। नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिले केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो । उपभोक्ता समितिले केवल प्रक्रिया पुऱ्याउने प्रयोजनको लागि उपभोक्ता समितिसंग सम्झौता गरेको र समिति निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको देखिएको रु.

| भौ.नं. | योजना | कार्य सम्पन्न रु. | निर्माण व्यवसयी | विल रकम रु. |
|---|---|---|---|---|
| २२७।२०७९।११।२१ | वडा नं १९ कोइलाखानी टोल सालडाँडा छाप भैसिगौडी सडक स्तरउन्नती उ.स. | ८०००८८४ | एम एस एन एस कन्स्ट्रक्सन प्रा लि | ६७४९९९ |
| ३११।२०७९।१२।१९ | वडा नं १९ घनश्याम बलहादुर स्मृति लोकमार्ग उ.स. | ८००१३१ | त्रिशक्ति बिल्डर्स एण्ड सप्लायर्स | ८००४९२ |
| ३२३।२०७९।१२।१९ | १९ नं वडा कार्यालय भित्रका सम्पूर्ण कच्ची सडक मर्मत उ.स. | ५५०४४७ | बद्रिनाथ कन्स्ट्क्सन एण्ड सप्लायर्स | ५४९९९३ |
| ५२६।१।२७ | वडा नं ९ मपुल वेल्टाकुरा स्वर्गद्वारी सडक निर्माण उ.स. | १२००१६५ | ज्वाइ जेठान कन्स्ट्रक्सन प्रा लि | १२००७३८ |
| ६११।२।५ | वडा नं १९ डिभिन डाँडा वडाचौर सडक निर्माण उ.स. | ५००४४३ | ज्वाइ जेठान कन्स्ट्रक्सन प्रा लि | ५०००४८ |
| ६५५।२।१० | वडा नं १ ठाटीकोट काउले बाटो स्तरोन्नती उ.स. | १००१४७३ | रानी थुम्की कन्स्ट्रक्सन | ११०२८८० |
| | जम्मा | | | ४८२९१५० |

| | |
|---|---|
| अनियमित भएको | ४८,२९,१५० |

११८ **कोटेशन मार्फत काम -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने, व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) क मा सार्वजनिक निकायले दश लाख रुँपैया सम्मको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सक्ने र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले एउटै प्याकेज वनाएर गर्नुपर्ने कार्य टुक्र्याएर गरेको पाइयो । यसरी खरिद ऐन र नियमावलीमा भएको व्यवस्था विपरित विभिन्न निर्माण कार्य प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा पारी कोटेशनको माध्यमवाट पटक पटक खरिद गर्ने कार्य नियन्त्रण हुनुपर्दछ ।

| भौ.नं. | योजना | निर्माण व्यवसायी | सम्झौता रु. | कार्यसम्पन्न रु. |
|---|---|---|---|---|
| ३१५।२०७९।१२।१९ | नगर विकास कार्यालय भवन रङ्गरोगन तथा वडा नं ६ कार्यालय व्यवस्थापन | सुर्य बिनायक निर्माण सेवा | ३७८२८२ | २८२२८९ |

| | | | | |
|---|---|---|---|---|
| ३८३।२०७९।१२।२९ | १५ नं वडा कमला अधिकारीको घरदेखि धनाको घरसम्म पक्की नाला | यु एण्ड वाइ बिल्डर्स प्रा लि | ३३२७३१ | २४९२८२ |
| ५३३।२०८०।१।२८ | कारागारमा भवन मर्मत | पोखेल निर्माण भवन | १९४८२७ | १८३५६२ |
| ६२१।२०८०।२।७ | विभिन्न आयोजना पुन निर्माण | कथा कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी | ५४०००० | ५३६९६६ |
| ८१८।२०८०।२।२६ | वडा कार्यालय भवन १२ को टिनको छानाको टपको प्रोजेक्सन कामको भुक | आचार्य निर्माण सेवा | २९०००० | २८९०५२ |

११९ **उपभोक्ता समितिको योगदान नगरेको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ ।

पालिकाले आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा पालिकाले विद्यालय निर्माणमा समितिले योगदान गर्नु नपर्ने कार्यपालिकाको निर्णय गरेको पाईयो । यससम्बन्धमा विद्यालय पूर्वाधार निर्माण कार्यका लागि पालिकाले विद्यालय समितिको खातामा रकम पठाएको देखिन्छ । यसरी सार्वजनिक खरिद नियमावलीको नियम विपरित उपभोक्ता समितिबाट योगदान नगराउने निर्णय नियम सम्मत देखिएन । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नुपर्दछ । पालिकाले अन्य योजनामा न्यूनत्तम ५ प्रतिशत जनश्रमदान राखेको देखिएकोले नमुना छनौटका आधारमा हेर्दा देहाय अनुसार विद्यालय निर्माण कार्यमा विद्यालयलाई जनश्रमदानको अंश कट्टी रु.११७५९२८।०० वेगर भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु.

| भौ नं मिति | समिति | ल ई | कार्यसम्पन्न | भुक्तानी रु. | हुनुपर्ने योगदान ५ प्रतिशत |
|---|---|---|---|---|---|
| १८।०७९।१२।२१ प्रदेश | श्री सिद्धरत्ननाथ मा वि नारायणपुर खानेपानि व्यवस्थापन घोराही १० | | १०००००० | १००००० | ५००० |
| ५१।०७९।१२।१५ संघ | श्री सरस्वती मा वि सामुदायिक उपभोक्ता समिति कक्षा कोठा निर्माण अनुदान | ४५००००० | ४४९७८६६ | ४४९७८६६ | २२४८९३ |
| ७२।०८०।१।१९ संघ | श्री मदन भण्डारी मेमोरियल स्कूल शैक्षिक गुठी ४ कोठे भवन | ४५०००० | ४४९८८९७ | ४४९८८९७ | २२४९४५ |
| ९८।०८०।३।१० संघ | बाल कल्याण मा वि घोराही २ कोठे भवन कक्षा कोठा निर्माण अनुदान | २२५०००० | २२५०००० | २२५०००० | ११२५०० |
| १११।०८०।३।२२ संघ | डाँडागाउँ गोग्ली कक्षा कोठा निर्माण अनुदान | ४५००००० | ४४९९८१७ | ४४९९८१७ | २२४९९१ |
| ९८२। ०८० । ३ । ६ पालिका | माध्यामिक बिधालय रतनपुर हापुरलाई बास सहितको शौचालय | ६७९००० | ६७८१५१ | ६७८१५१ | ३३९०८ |
| १०८५।०८०।३।१७ | श्री राष्ट्रिय प्राथमिक विद्यालय , लिथान | | १४५५०० | १४५५०० | ७२७५ |

| | | | | | |
|---|---|---|---|---|---|
| पालिका | लाई भवन प्लाष्टर | | | | |
| १०९४।०८०।३।१८ पालिका | वास सहितको शौचालय निर्माण वापतको रकम पद्मोलय क्याम्पस | ७७६००० | ७७३३०८ | ७७३३०८ | ३८६६५ |
| ११९१।०८०।३।१९ पालिका | श्री आधारभुत विद्यालय गिठेपानी वास सहित शोचालय | ७७६००० | ७७७२१७ | ७७६००० | ३८८०० |
| ११५७ पालिका | श्री बराहक्षेत्र प्राथमिक विद्यालय-५ बसेरीखोला भवन कक्षा निर्माण रंग रोगल | २४२८५०० | २३८४८१० | २३८४८१० | ११९२४१ |
| ११९४।०८०।३।२१ पालिका | श्री आधारभूत बिद्यालय सिमलतारा विज्ञान पार्क निर्माण | ४८५००० | ४८५३१७ | ४८५००० | २४२५० |
| १२०४।०८०।३।२२ पालिका | महेन्द्र आधारभुत विद्यालय दलजितपुर भवन मर्मत | ९७०००० | ९६८१२७ | ९६८१२७ | ४८४०६ |
| १२३७.०८०.३.२२ पालिका | माध्यमिक विद्यालय जजरागाउँलाई वाससहितको शौचालय वास सहित शोचालय | | ७६१०७७ | ७६१०७७ | ३८०५४ |
| १२५४।०८०।३।२३ पालिका | महेन्द्र माध्यमिक विद्यालय धर्ना वास सहित शोचालय | ७७६००० | ७५८५४१ | ७००००० | ३५००० |
| | जम्मा | | २४४७८६२८ | २३५१८५५३ | ११७५९२८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,७५,९२८ |

१२० **विद्युत पोल तथा कन्डष्टर तार जडान नभएको -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३(६) अनुसार स्वीकृत रकम खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। उप-महानगरले देहाय अनुसार विद्युत पोल र कन्डक्टर खरिद गरेकोमा उक्त सामान कुन स्थानमा कति परिमाणमा उपयोग गरियो सोको विवरण पेश भएन । खरिद र वित्तरण गरिएको सामाग्री नापी र जडान सहितको कार्यसम्पन्न र अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

| भौ नं | विवरण | आपूर्तिकर्ता | रकम रु |
|---|---|---|---|
| १२३४।०८०।३।२२ | वडा नं.१३ मा विद्युत विस्तार वापतको रकम supply of wessel conductor ८२२० र मि रु.५२ का दरले | पब्लिक इलेक्ट्रिक पसल | ४८१७३९ |
| १२९७।०९०।३।२४ | विद्युत पोल खरिद ९ मीटरको २७ थान | श्री सत्य साई कंक्रिट पोल इण्डष्ट्रिज प्रा.लि | २८७०९९ |
| | जम्मा | | ७६८८३८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,६८,८३८ |

१२१ **उपभोक्ता समितिको कार्यमा खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १ मा १ करोड रुपैयासम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने उल्लेख भएकोमा कार्यालयले निर्माण बाहेक वस्तु खरिद सम्बन्धि कार्य समेत उपभोत्ता समितिसँग गराएको पाइयो । संघीय सशर्त अन्तर्गतको गोग्ली खानेपानी योजना घोराही ३, ४ दाङ्ग उपभोक्ता समितिसंग रु.१९४३०००।०० को सम्झौता गरी रु.१९४४१२०।०० को कार्य सम्पन्न गरेकोमा उक्त कार्यमा निर्माण कार्य भन्दा बाहेक (डेस्कटप १ थान , प्रिन्टर १ थान, टेबल , अफिस टेबल कम्प्यूटर टेबल, अफिस कुर्सी दराज,र्याक, व्याट्री ईन्भर्टर जस्ता सामाग्रीहरु खरिद गरेको) रु.३९७६९५।०० का विभिन्न सामाग्रीका विलहरु राखी खरिद कार्यहरु भएको पाईयो । यसरी नियम विपरित सम्झौतामा खरिद कार्य गरेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,९७,६९५ |

१२२ **उपभोक्ता समितिबाट पाइप खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १ मा १ करोड रुपैयासम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने उल्लेख भएकोमा कार्यालयले निर्माण बाहेक वस्तु खरिद सम्बन्धि कार्य समेत उपभोत्ता समितिसँग गराएको पाइयो । त्यसैगरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ .पालिकाले देहायअनुसारका उपभोक्ता समितिबाट ह्युम पाईप मात्र खरिदका लागि भुक्तानी गरेको उपयुक्त देखिएन। उक्त ह्युम पाईप जडान भएको नापी मूल्यांकन र जडान भएको अनुगमन वेगर भुक्तानी दिएकोले नापी सहितको कार्यसम्पन्न र अनुगमनको प्रमाण पेश हुनु पर्ने रु.

| भौ नं मिति | खरिद कार्य | उपभोक्ता समिति | रकम रु |
|---|---|---|---|
| ८३९।०८०।२।२८ | सुनौलो टोलको मनैया गाउँकोलागी ५ इन्चको सिचाइ पाइप खरिद | सुनौलो टोलको मनैया गाउँको लागि ५ इन्चको सिचाइ पाइप खरिद उ.स.-३ | १८९४४२ |
| १०८४।०८०।३।१७ | जनजागृति टोल मोटर र पाइप खरिद | जनजागृति टोल मोटर र पाइप खरिद उपभोक्ता समिति | ९७१५० |
| | जम्मा | | २८६५९२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८६,५९२ |

१२३ **नन्फाइलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम बिक्रेताले संकलन गरेको मू.अ.कर पछिल्लो महिनाको २५ गते सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा समायोजन गरी दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निम्न ठेक्काको निर्माण कार्य बापत निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर भुक्तानी दिएकोमा प्यान सर्च गर्दा उक्त निर्माण व्यवसायि ननफाईलर देखिएकोले मू.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु.

| गो भौ नं मिति | ठेक्का नं | निर्माण व्यवसायी | प्यान नं | विजक नं/ मिति | ननफाइलर मिति ( देखी) | विल रकम | मूअकर | ७० प्रतिशत मूअकर |
|---|---|---|---|---|---|---|---|---|
| ०१।०८०।२।२४ | ०६/७९-८० | टि के ईन्जिनियरिंग राज जे भी | ६१९५८०९६२ | ०१/०८०।२।२४ | २०८०/M/ १ | ६६९६३४२ | ७६५५४७ | ५३५८८३ |
| २१।०७९।९।२६ | ०८/७८-७९ | आर.डि.हाम्रो जेभी | ६१७९५३६४३ | ०३।०७९।९।२५ | २०७८।m ।१२ | १८७९७६० | २१६२५५ | १५१३७९ |
| ३१।०७९।६।२८ | ०८/७८-७९ | आर.डि.हाम्रो जेभी | ६१७९५३६४३ | ०२।०७९।६।२८ | २०७८।m ।१२ | ६३३७६२० | ७१४७२६ | ५००३०८ |
| ३१८।०७९।१२।१९ | ०८/७८-७९ | आर.डि.हाम्रो जेभी | ६१७९५३६४३ | ०४।७९।१२।२९ | २०७८।m ।१२ | ३६१३६४२ | ४१५७२८ | २९१०१० |
| ७७।०८०।१।२४ | ०८/७८-७९ | आर.डि.हाम्रो जेभी | ६१७९५३६४३ | ०५।०८०।१।२१ | २०७८।m ।१२ | ९७३०२४ | १११९४० | ७८३५८ |
| २७।०७९।६।१४ | ०४/७८-७९ | पुथा।हिमाल।सपना जेभी | ६१७२०५०५८ | ०२।०७९।६।१४ | २०७८।m ।५ | ३७६७३७७ | ४३३४१५ | ३०३३९१ |
| ११२।०७९।९।१३ | ०४/७८-७९ | पुथा।हिमाल।सपना जेभी | ६१७२०५०५८ | ०३।०७९।९।१० | २०७८।m ।५ | १२९७८७४ | १४९३१२ | १०४५१८ |
| ९०७।०८०।२।३१ | २६/७६-७७ | रोल्पा निर्माण सेवा | ६०४३१५७५३ | १६।०८०।२।३१ | २०८०/m/२ | १२८००४९ | १४५८६९ | १०२१०८ |
| | | जम्मा | | | | | | २०६६९५५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,६६,९५५ |

१२४ **रित पूर्वकको कर बिजक -** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्ति/फर्मले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बिजक उपलब्ध गराउनु पर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार निर्माण व्यवसायीहरुलाई बिल वापत मू अ कर समेत अभिवृद्धि कर समायोजन पेश हुनुपर्ने रु.

| गो भौ नं मिति | ठेक्का नं | निर्माण व्यवसायी | प्यान नं | विजक नं/ मिति | कैफीयत | विल रकम | मूअकर | ७० प्रतिशत मूअकर |
|---|---|---|---|---|---|---|---|---|
| १२६३।०८० ।३।२३ | स्यालोछ्युबवेल पाईप र ट्रान्सफर्मर | स्मृति कन्स्ट्रक्सन | ३०३४७६३५३ | ०२।०८० ।३।२३ | विजक नं हातले लेखेको | ६४६८१६ | ७४४१२ | ५२०८८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५२,०८८ |

१२५ **अमानत -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४५ मा सामान्य प्रकृतिको मर्मत सम्भार, सरसफाई र सानातिना नियमित मर्मत जस्ता कार्य अमानतबाट गराउन सकिने उल्लेख छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ मा अमानतबाट काम गर्न एक तह माथि अधिकारीको पूर्व स्वीकृति लिनुपर्ने व्यस्था छ । पालिकाले देहाय अनुसारका कार्यको भुक्तानी प्राविधिक, वडा सचिव तथा अन्य कर्मचारी र व्यक्तिलाई भुक्तानी दिएकोमा पूर्व स्वीकृति लिएको देखिएन । नियमावलीको व्यवस्था बमोजिम मात्र कार्यालयले व्यक्ति वा कर्मचारी मार्फत कार्य गराई भुक्तानी

दिनुपर्दछ । केही उदाहरण :

| मिति | भौ नं | भुक्तानीको व्यहोरा | रकम रु |
|---|---|---|---|
| ०८/११/२०७९ | ७४ | अमानतबाट गरिएको खर्च सहायक पाँचौं नारायण प्रसाद शर्मा | ९७,००० |
| ०८/११/२०७९ | ७६ | सवइन्जिनियर श्री गोविन्द न्यौपानेलाई बिलको भुक्तानी । | ९६,९४६ |
| ०३/०५/२०८० | | अस्थायी प्रहरी पोष्टमा कुवा निर्माण वापतको रकम नारायण प्रसाद शर्मा | ९७५०८ |
| ०८०।३।२३ | १२७८ | वडा कार्यालय खानेपानी मर्मत वापतको रकम भिम बहादुर के.सी. | ९७००० |
